# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

झापा जिल्ला नेपाल राज्यका पाँच विकास क्षेत्रमध्ये पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा पर्दछ । यस जिल्लाको आफ्नै साहित्य पृष्ठभूमि रहेको छ, भने अभिलेख र साहित्यलेखनको आरम्भ, सामान्य साहित्य सर्वेक्षणका साथै झापा जिल्लाको निबन्धकारहरू र निबन्धकृतिहरूको पहिचान यस शोधकार्यमा गरिएको छ । साहित्यको घनिष्ठ विधा निबन्ध हो । नेपाली निबन्धका विकासमा झापा जिल्लाको आफ्नै विशिष्ट पहिचान र उल्लेख्य योगदान रहेको छ । निबन्धकार एस.एल.शर्मा, स्वयम्भूलाल श्रेष्ठ, भवानी घिमिरे, लोकराज बराल, रामप्रसाद पोखेल हुन् । **केटो** निबन्ध **हाम्रो नेपाल** जस्ता पत्रिकाका माध्यमबाट निबन्ध लेखनको सुरु भएको हो । पछि थुप्रै निबन्धकारहरू भेटिएका छन् । यहाँको मुख्य निबन्धकारमा चूडामणि रेग्मी, कृष्ण धरावासी, भीष्म उप्रेती, राजेन्द्र सुवेदी, गोविन्दराज भट्टराई, डा. तुलसी भट्टराई, विजय खरेल, पुण्य खरेल, रुद्र खरेल, भवानी क्षेत्री, चूडामणि वाशिष्ट, होम सुवेदी आदि निबन्धकार रहेका छन् । विभिन्न निबन्धकारहरूका फुटकर निबन्धहरू पनि पत्र-पत्रिकामा प्रकाशित छन् । नेपाली निबन्ध परम्परामा झापा जिल्लाको प्रतिनिधि निबन्धकार र निबन्धहरू यस शोधकार्यको मुख्य विषय हो ।

## १.२ समस्याकथन

झापा जिल्लाको साहित्यिक यात्रामा झापा भित्र वा बाहिर रहेर नेपाली साहित्यमा योगदान पुऱ्याउने निबन्धकारहरूका योगदानका साथै झापाको निबन्धात्मक गतिविधिका बारेमा खोज अनुसन्धान र मूल्याङ्कन गर्नु यस शोधकार्यको मुख्य समस्या हो । यस शोधकार्यमा निम्नलिखित समस्याहरू पनि रहेका छन् :-

१. झापा जिल्लामा निबन्धलेखनको परम्परा केकस्तो छ ?

२. झापा जिल्लामा प्रतिनिधि निबन्धकार र तिनका कृति केकस्ता रहेका छन् ?

३. नेपाली निबन्ध परम्परामा झापा जिल्लाको योगदान केकस्तो रहेको छ ?

यिनै समस्याहरूका केन्द्रीयतामा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य झापा जिल्लाका प्रतिनिधि निबन्धकारहरूको अध्ययन यिनले नेपाली निबन्ध परम्परामा दिएको योगदानको मूल्याङ्कन रहेको छ । नेपाली निबन्धमा झापा जिल्लाको निबन्ध विधामा आधारित भएर विस्तृत तथ्यपरक अध्ययन तथा विश्लेषण गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्य रहेका छन् :-

१. झापा जिल्लाको निबन्धलेखन परम्पराको सर्वेक्षण गर्न,

२. झापा जिल्लाका प्रतिनिधि निबन्धकारको निर्धारण गर्नु र तिनका प्रतिनिधि कृतिहरूको विश्लेषण गर्नु,

३. नेपाली निबन्ध परम्परामा झापा जिल्लाको योगदानको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली निबन्ध परम्परामा झापा जिल्लाको योगदान महत्त्वपूर्ण भए पनि यसका बारेमा अन्वेषण कार्य भएको छैन । नेपाली कविता तथा हास्यव्यङ्ग्यका क्षेत्रमा झापा जिल्लाको योगदानका बारेमा अध्ययन र विश्लेषण भए पनि समग्र निबन्धकार र तिनका निबन्धात्मक कृतिको अध्ययन तथा विश्लेषण नेपाली निबन्धका क्षेत्रमा झापाका निबन्धकारहरूले पुऱ्याएको योगदानको मूल्याङ्कन भएको छैन । यस कार्यमा जिल्लाको चिनारी, जिल्लाका साहित्यकारहरूको सर्वेक्षण, निबन्धकार र निबन्ध कृतिका बारेमा अध्ययन गरिएको छ । झापाको साहित्यिक गतिविधिका बारेमा सामान्य चर्चा गरिएको पाइन्छ । पुस्तक तथा पत्र-पत्रिकामा झापाको साहित्यिक गतिविधिका बारेमा उल्लेख गरिएका पूर्व कार्यहरू यसप्रकार छन् :

चूडामणि रेग्मीले झापाको निबन्ध उपलब्धिमा झापाबाट प्रकाशन भएका **केटो** र **हाम्रो नेपाल** जस्ता पत्रिकालाई औंल्याएको पाइन्छ, र 'झापा' भन्ने लेखेमा झापाबाट प्रकाशित पत्र-पत्रिकाहरूको नाम उल्लेख गरिनुका साथै प्रमुख निबन्धहरूको सूची तयार पारिएको छ । झापाली निबन्धका बारेमा सामान्य चर्चा (२०२६) मा गरिएको पाइन्छ ।

मोहनराज शर्माले **साधना** निबन्ध सङ्गालो (२०३०) मा निबन्धको परिचय दिनुका साथै यसको चरण विभाजन पनि गरेका छन् ।

भक्तमान लम्जेलले "मेची अञ्चलको साहित्यिक रूपरेखा" (२०४२) ले खोज तथा अनुसन्धानात्मक लेखमा झापा जिल्लाको साहित्यिक गतिविधि र योगदान बारे

केही विस्तृत रूपमा खोजअनुसन्धान गरेको देखिन्छ । यसमा "झापाको प्रमुख साहित्यकारहरूको परिचय" विधागत रूपमा उनीहरूको प्रवृत्तिको बारेमा चर्चा गरेको पाइन्छ । झापा जिल्लामा भएका साहित्यिक सेमिनारहरू र पत्र–पत्रिकाहरूको सूची समेत दिएकाले हालसम्म झापाको साहित्यिक खोज अनुसन्धानका क्षेत्रमा भएका कार्यहरूमध्ये यो कृति बढी महत्त्वपूर्ण छ ।

गोपीकृष्ण खनालले "झापाको साहित्यिक गतिविधि", **रहर,** (२०४५, वर्ष ३, अङ्क ९) लेखमा झापाको साहित्यिक गतिवधिबारे एक लेख प्रकाशित गरेका छन् । जुन लेखमा झापा जिल्लाको साहित्यिक गतिविधी, योगदान साहित्यकारहरूको परिचय र विधागत रूपमा उनीहरूको प्रविधिका वारेमा चर्चा गरिएको छ ।

होम सुवेदीले "नेपाली साहित्यिक सन्दर्भ विकासको एक झलकको प्रतिभा" (२०५०, वर्ष १, अङ्क १२, पृ. ६-१६) मा झापाको साहित्यिक गतिविधिबारे एक लेख प्रकाशित गरेका छन् ।

कृष्ण धरावासी, "शनिश्चरेको पुस्तक र प्रतिभाहरू" **उषा अर्चना** (६, २०५०) शनिश्चरेका साहित्यिक प्रतिभा र तिनका कृतिहरूका बारे खोज अनुसन्धान गरी एक लेख प्रकाशित गरेका छन् ।

अमृतलालले "साहित्यिक पत्रपत्रिका दृष्टि झापा कति अग्रसर" **मधुपर्क** (२०५१, वर्ष २६, अङ्क १२, पृ. १९-२०) मा श्रेष्ठको झापाका साहित्यिक पत्रिकाहरूका बारे खोजमूलक लेख प्रकाशन भएको छ ।

अच्चुत घिमिरेले, "झापाली स्रष्टा र साहित्य" (२०६३) कृतिमा झापा जिल्लाका साहित्यकारको परिचय दिनुका साथै निबन्ध विधाका लेखकको परिचय पनि समावेश गरेका छन् ।

मोहनराज शर्माको, **समकालीन समालोचना, सिद्धान्त र प्रयोग** (२०५५) कृतिमा निबन्ध विधाको चिनारी दिँदै निबन्धका विश्लेषणको आधार दिइएको छ ।

रघु घिमिरेले **यथार्थ कुरा र जुहीमा** प्रकाशित निबन्धहरूको चर्चा गर्ने क्रममा झापाली स्रष्टा र साहित्यले नेपाली साहित्यमा योगदान गरेको कुरा छ, भन्ने कुरा यर्थाथ कुरा र जुहीका विभिन्न अङ्कहरूले स्पष्ट पारेको देखिन्छ ।

गोपीकृष्ण शर्माको **नेपाली निबन्ध परिचय** (२०५७) कृतिमा निबन्ध विधाको सैद्धान्तिक रूपरेखा प्रस्तुत गर्दै नेपाली निबन्धको ऐतिहासिक रेखाङ्कन गरिएको छ । यसले निबन्ध विधाको विश्लेषण र मूल्याङ्कनमा सहयोग पुऱ्याएको छ ।

राजेन्द्र सुवेदीको **स्रष्टा सृष्टि द्रष्टा दृष्टि** (२०५८) कृतिमा निबन्ध विधाको सैद्धान्तिक रूपरेखा प्रस्तुत गर्दै नेपाली निबन्धको ऐतिहासिक रेखाङ्कन गरिएको छ । निबन्धात्मक कृतिको विश्लेषणमा यस कृतिलाई आधार मान्न सकिन्छ ।

मन्दिरा सुवेदीले **जुहीमा प्रकाशित निबन्धहरूको अध्ययन** (२०६१) नामक अप्रकाशित शोधपत्रमा झापाका निबन्धकारहरूको व्यक्तित्वको चर्चा झापाली साहित्यका सन्दर्भमा गरेकी छन् ।

जुही स्वर्ण अङ्क (२०५९) मा झापाका निबन्धकारको परिचय पनि पाइन्छ ।

महेशकुमार खड्काले **चूडामणि रेग्मीको निबन्धकारिता** (२०६४) नामक अप्रकाशित शोधपत्रमा रेग्मीको निबन्धकार व्यक्तित्वको चर्चा झापाली साहित्यका सन्दर्भमा गरेका छन् ।

यसबाहेक झापा र अन्य ठाउँबाट प्रकाशित भएका 'संगम', 'पाठकमैत्री' 'यथार्थका कुरा', 'नेपाली साहित्य विकास समिति झापा', 'प्रतिभा निकेतम दमक', 'कन्काई प्रतिभा', 'प्रतिष्ठान सुरुङ्ग' आदि साहित्यिक पत्रिकाका विभिन्न अङ्कमा जिल्लाको निबन्धकार र निबन्धकृतिहरूका बारेमा चर्चा र परिचर्चा पाइन्छ, तर समग्र रूपमा झापाका निबन्धकार र निबन्धकारिताका बारेमा भने चर्चा भएको पाइँदैन । यी पूर्वकार्यको आधारमा झापाको निबन्धात्मक प्राप्तिको अध्ययन उल्लेख भएको देखिन्छ ।

## १.५ शोधकार्यको औचित्य

झापा जिल्लाको सामान्य चिनारी दिई साहित्यक सर्वेक्षण गरिएको यस शोधकार्यमा झापा जिल्लामा निबन्धलेखनको पृष्ठभूमि, तिनका निबन्धकृतिको अध्ययन तथा विश्लेषण र नेपाली निबन्धमा झापा जिल्लाको योगदानका बारेमा अन्वेषण गरिएको छ । यहाँ भएका साहित्यक क्रियाकलापका साथै क्षेत्रीयताको जानकारी दिँदै जीवनजगतको परम्परागत र समसामयिक अनुभूतिलाई झापाका निबन्धकारहरूले प्रस्तुत गरेका छन् । विषयगत विविधता रहेका यस क्षेत्रका समग्र निबन्धको अध्ययन तथा विश्लेषण गरिएको यस शोधपत्रले सम्बन्धित विषयमा जानकारी राख्न इच्छुक पाठकवर्ग अथवा क्षेत्रीय अध्ययन अन्वेषण, परम्परामा संलग्न जो कोही व्यक्तिका लागि बाटो देखाउने भएकाले यो कार्य फलदायी रहनेछ । नेपाली साहित्यमा झापा जिल्लाको योगदानको मूल्याङ्कनसमेत गरिएकाले निबन्ध क्षेत्रका अध्येतालाई यस कार्यले सघाउनेछ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रको सीमा अध्ययन कालक्रमको आधारमा निश्चित गरिएको छैन । झापा जिल्लाको भौगोलिक सीमा क्षेत्रभित्र रही त्यसअन्तर्गत फेला पर्न सकेका निबन्धात्मक कृतिहरूको सङ्कलनहरूका आधारमा शोधपत्र तयार पारिएको छ ।

यस जिल्लाका निबन्धकारहरूका प्रकाशित कृतिहरूलाई आधार बनाई विधागत रूपमा अध्ययन गरिएको छ । यस अन्तर्गत निबन्ध विधाको रूपमा छुट्याई विविध शीर्षक राखिएका छन् । यस जिल्लाका निबन्ध प्रतिभालाई लिँदा बाहिरबाट बसाइँ सरेर आएका तथा बाहिरबाट आई केही वर्ष झापामा बसी निबन्ध साधनामा लागेका पूर्ण बाहिर नै भएका वा झापामा जन्म भई घर पनि झापा नै भएका तर काम विशेषले बाहिर गएका र झापामा बस्दा निबन्धमा सेवा पुऱ्याएकालाई यस शोधपत्रमा समावेश गरिएको छ । झापा जिल्लाबाहिर बसोबास गर्ने तर यस जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाहरूमा आफ्ना रचनाहरू दिई यस जिल्लाको निबन्ध सम्बन्धी उन्नतिमा योगदान दिने निबन्धकार पनि प्रशस्त छन्, तर त्यस्ता निबन्धात्मक प्रतिभाहरूलाई यस शोधपत्रमा समेट्न प्रयास गरिएको छैन ।

वस्तुत : यस जिल्लामा अस्थायी बसोबास भएका बाहिरबाट आई निबन्धमा सेवा पुऱ्याउने वा झापामा जन्म भई बाहिर गई निबन्धमा लागेका पाए सम्मका पुराना र नयाँ निबन्धकारहरू र तिनका निबन्ध सम्बन्धी रचनाको सामान्य विवरण र मूल्याङ्कन विश्लेषण नै प्रस्तुत शोधपत्रको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्रमा शोध विषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यसमा सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययनपद्धति र पुस्तकालय अध्ययनपद्धतिको प्रयोग गरिएको छ । सम्बन्धित विषयका बारेमा पत्र-पत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक र संघसंस्थाबाट पनि जानकारी लिइएको छ । झापा जिल्लाका समग्र निबन्ध सर्वेक्षण गर्दै निबन्ध क्षेत्रमा साधनारत साहित्यकारको पहिचान गरी निबन्धकृतिहरूको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको यस शोधपत्रमा ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको सुव्यवस्थित पार्न निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : झापा जिल्लाको परिचय

तेस्रो परिच्छेद : झापा जिल्लाका निबन्धकारहरूको परिचय

चौथौ परिच्छेद : झापा जिल्लाका प्रतिनिधि निबन्धकारहरूको विश्लेषण

पाँचौ परिच्छेद : उपसंहार

शोधपत्रका अन्त्यमा सन्दर्भसामग्रीसूची दिएको छ ।

# दोस्रो परिच्छेद

# झापा जिल्लाको परिचय

## २.१. सामान्य पृष्ठभूमि

पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलका ताप्लेजुङ्ग, पाँचथर, इलाम र झापा चारवटा जिल्लाहरू मध्ये झापा एक हो । २०१८ सालमा नेपाल अधिराज्यलाई चौध अञ्चल र ७५ जिल्लामा बाँडी २०२२ साल पौष १ गते स्थानीय प्रशासन अध्यादेश जारी भई तत्कालीन ३३ जिल्लाको अस्तित्व समाप्त गरी ७५ जिल्लालाई प्रशासकीय जिल्लाका रूपमा कायम गर्दा ती ७५ जिल्ला मध्येको एउटा प्रशासकीय जिल्ला हुन गयो झापा । यो झापा जिल्ला नेपालको अन्न भण्डारको रूपमा पनि चर्चित भएकोले आर्थिक स्थितिमा तुलनात्मक दृष्टिकोणले बलियो भएको मानिन्छ ।

झापा जिल्ला नेपालको पूर्वी भागमा रहेको तराई जिल्ला हो । यस जिल्लाको पूर्वमा मेची नदी र दसगजाका साथै भारतको पश्चिम बंगाल राज्य, पश्चिममा मावा र रतुवा नदीले छुट्याएको मोरङ जिल्ला, उत्तरमा इलाम जिल्ला र दक्षिणमा भारतको, विहार राज्य पर्दछ । यो पूर्णत समथर भूमिले बनेको छ । यस जिल्लाको आकार चारपाटे छ ।

## २.२. झापा जिल्लाको नामकरण

यस जिल्लाको नाम झापा कसरी रहन गयो भन्ने सम्बन्धमा हालसम्म प्रमाणित तथ्यहरू फेला पार्न सकिएको छैन । तथापि यस जिल्लाको नामकरण सम्बन्धमा जनउक्तिमा आधारित भनाइ यसप्रकार छन् :

क) पहिले झापा जिल्लाको वर्तमान इलाका मोरङ्ग गोश्वाराअन्तर्गत प्रशासित थियो, पछि गएर वर्तमान जिल्लाको तत्कालीन गाउँ कुमार खोद गाउँ पञ्चायतभित्र पर्ने झापा भन्ने गाउँको छोटी गोश्वारा र पछि पूरै गोश्वारा स्थापना भएको हुनाले सो ठाउँ यस इलाकाको सदरमुकाम हुन गएको थियो । यसैबाट नै यस जिल्लाले झापा भन्ने नाम पाएको हो ।[१]

ख) झापा जिल्लालाई पहिले वनजङ्गलले पूर्ण रूपले ढाकेको वा छोपेको थियो । राजवंशी, गनगाई वा ताजपुरिया भाषामा छोप्नु वा ढाक्नुलाई झापल भनिन्छ । पछि गएर यही झापलबाट झापा नाम रहन गएको हो । यस भनाइलाई

[१] **मेचीदेखि महाकाली** भाग १ (श्री ५ को सरकार सूचना मन्त्रालय, सूचना विभाग, प्रथम संस्करण, २०३१), पृ. २०३ ।

आधार मान्दा यस जिल्लाका पुराना बासिन्दाहरू भने राजवंशी, गनगाई र ताजपुरिया आदि हुन् । यिनीहरू परापूर्वकालदेखि बस्थे भन्ने कुराका प्रशस्त आधारहरू छन् । यी तीनैथरिका मानिसहरूको बोली पनि मिल्दोजुल्दो नै देखिन्छ । त्यो ठाउँलाई वनजङ्गलले ढाकेको कारणले पनि यो भनाइ उपयुक्त नै मान्नुपर्छ ।

## २.३. भौगोलिक स्थिति

२०५८ सालको जनगणना अनुसार ११८७४७४ जनसङ्ख्याले बसोबास गरेको झापा जिल्लाको क्षेत्रफल १६०६ वर्ग किलोमिटर छ । झापा ४७ गाउँ विकास समिति र ३ नगरपालिका भएको झापा जिल्ला २६$^{\circ}$२०' उत्तरीदेखि २६$^{\circ}$५०' उत्तर अक्षांश तथा ८६$^{\circ}$३९' पूर्वदेशान्तर देखि ८८$^{\circ}$१२' पूर्व देशान्तर भित्र फैलिएको छ ।[२] पूर्वमा मेची नदी र दसगजा पश्चिममा मावा र रतुवा नदी, उत्तरमा महाभारत दक्षिणको चुरे पर्वत र दक्षिणमा भारतको भू-भगासँग जोडिएको दसगजा यस जिल्लाका भौगोलिक सीमारेखा हुन् । झापा जिल्ला नेपाल अधिराज्यको भौगोलिक विभाजन अनुसार तराई प्रदेशमा पर्दछ । झापा जिल्लालाई जमीनको स्वरूप अनुसार साधारणतया (क) उत्तरको भावर प्रदेश र (ख) दक्षिणको तराई प्रदेश गरी दुई भागमा विभाजन गर्न सकिन्छ । उत्तरको भावर प्रदेश इलामको सीमारेखादेखि दक्षिणपट्टिको भाग हो । यो पूर्वको मेची नदीदेखि पश्चिमको मावा र रतुवा नदीसम्म फैलिएको छ । यो प्रदेश समुद्र सतहबाट ७० मिटरदेखि ३०५ मिटरसम्मको उचाइमा फैलिएको छ । दक्षिणपट्टिको तराई प्रदेश सम्पूर्ण मैदानी भागले ढाकेको छ । भावर प्रदेशबाट बगेर गएका नदीहरू यस प्रदेशमा देखापर्दछन् ।[३] यो समुद्र सतहदेखि ७३ मिटरदेखि १५२ मिटरसम्मको उचाइमा रहेको छ । यस जिल्लाको पूर्व पश्चिम लम्बाइ ४६ किलोमिटर छ भने उत्तर-दक्षिण चौडाइ २९ किलोमिटर छ । यहाँको हावापानी उष्ण समशीतोष्ण किसिमको छ । सम्म भूमि दक्षिणबाट उत्तर अग्लो हुँदै गएको र पश्चिम भन्दा पूर्व अलि अग्लो हुँदै गएको भू-भाग यहाँ पाइन्छ । वर्षाको समयमा ज्यादै गर्मी हुने यस ठाउँमा बंगालको खाडीबाट बहने मनसुनले पानी पार्ने हुँदा प्रशस्त धान खेती हुन्छ ।

कन्काई नदी र यस जिल्लामा भएका विभिन्न धार्मिक, ऐतिहासिक महत्त्वपूर्ण स्थानहरूले प्राचीनकालमा महत्त्वपूर्ण भूमिका खेलेको लोकोक्ति पाइन्छ । त्यस्ता

---

[२] **मेचीदेखि महाकाली** (भाग १), पूर्ववत्, पृ. २०३ ।

[३] **मेचीदेखि महाकाली** (भाग १), पूर्ववत्, पृ. २२०-२२५ ।

महत्त्वपूर्ण स्थानहरू कीचकबध विराट पोखरी (विराट राजाले खनेको भनिने विशाल पोखरी) अर्जुनधारा (अर्जुनले बाण हानेर जमीन मुनीबाट निकालिएको पानीको धारा) धार्मिक महत्त्वपूर्णका स्थान हुन् ।

पूर्वीद्वार काँकडभिट्टा र यसै जिल्लाभित्र रहेका चियाकमानहरू जिल्लाका प्राकृतिक सौन्दर्यका दृष्टिले पनि महत्त्वपूर्ण छन् । हिउँदका समयमा निकै जाडो हुने र चैत्र, वैशाखदेखि निकै गर्मी हुने यस जिल्लामा प्राकृतिक वातावरण अनुसार प्रभाव पर्नु स्वाभाविक हो । समतल भूमि मलिलो माटो र खेतीको लागि उपयुक्त हावापानी भएका कारणले प्रशस्त अन्न उब्जन्छ साथै राम्रो किसिमले खेती हुन्छ । यहाँका मुख्य वालीहरूमा धान, गहुँ, मकै, तोरी, कोदो, सनपाट आदि हुन् । रूख, विरुवाहरूमा साल, सिसौ, सिमल, सिरीप, सतिसाल, पीपल, आँप, टाटरी, हर्रो, बर्रो आदि हुन् । वन्यजन्तुहरूमा बाघ, भालु, चित्तल, कुखुरा, भगैँरा, जुरेली, काग रूपी, बकुल्ला, गरुड, लाँहाचे, हलेसा, सीमकुखुरा, कर्रा, ढुकुर, पानीहाँस आदि यहाँ पाइन्छन् ।

## २.४. सांस्कृतिक पृष्ठभूमि

## २.५. जनजीवन

नेपाललाई चार वर्ण छत्तीस जातको सुन्दर फूलवारी भनेजस्तै झापा जिल्ला पनि विभिन्न जातिहरू मिलेर बसेको स्थान हो । यिनै वर्ण र विभिन्न जात जातिहरूको रीतिस्थिति, चालचलन, चाडपर्व, जात्रा, पहिरन, आचारविचार, मनोरञ्जन नै सभ्यता र सांस्कृतिक उत्थानका लागि योगदान गरेको हुन्छ । यस जिल्लामा विभिन्न जातिहरूले बसोबास गरेका छन् । परापूर्वकालदेखि बसोबास गरी आएका तराईका आदिबासी र आफ्नो ऐतिहासिक मूलथलो छोडी बसाइँ सरी आएका पहाडी मूलका गरी मुख्य रूपमा दुई मूलका मानिसहरू यहाँ बसोबास गर्दै आएका छन् । पहिले औलौको प्रकोप, यातायात र सञ्चारको अभाव, घना जङ्गलको कारणले कालापानीको रूपमा परिचित यो जिल्ला केही वर्षयता भएको विकासका कारणले आकर्षक थलो हुन पुगेको छ ।[४]

औलोको प्रकोप र घनाजङ्गलको कारणले पहाडी मूलका मानिसहरू यहाँ बस्न डराउँथे । तर पनि औलो र जङ्गलको जनावरहरूसँग जुध्दै यहाँका आदिबासी बसिरहेको पाइन्छ । पहिलेदेखि बसोबास गर्दै आएका आदिबासीहरूमा राजवंशी, ताजपुरिया, गनगाई धिमाल, कोचो, मेचे, किसान, सतार, मुसहर, आदि हुन् । समयले

[४] औलो निवारण झापा (जि.पं.सं. २०४५, पृ. १)

कोल्टे फेर्दै जाँदा औलोजस्तो डरलाग्दो रोगको उन्मूलन सरकारले गरेकाले पहाडी भागबाट मानिसहरू बसाइँ सरी आएर बसोबास गरेको पाइन्छ । यसरी बसाइँ सरी आएका पहाडी मूलका मानिसहरूमा ब्राह्मण, क्षेत्री, राई, लिम्बू तमाङ्ग, गुरुङ्ग, मगर, नेवार, कामी, दमाई, सार्की र अन्य जातिहरू पर्दछन् । त्यसैले यो जिल्ला विभिन्न जात जातिहरू बसोबास गर्ने संगमस्थल बन्न पुगेको छ । विभिन्न भाषा, धर्म र संस्कृति बोकेका मानिसहरूको संगमस्थल बन्न पुगे तापनि यी प्रत्येक जात जातिहरूले आफ्नो भाषा, धर्म र संस्कृतिलाई भने बचाई राखेको पाइन्छ । तराईकै आदिबासीहरूकै पनि आ-आफ्नै भाषा र संस्कृति छन् । यिनीहरूले आफ्नै भाषा भएता पनि लेख्य भाषा चाहिँ छैन तापनि राजवंशी लिपि हो भन्दछन् ।[५] तराईका आदिबासीहरूमा भाषा, भेषभूषा रहनसहनमा अन्तर देखिन्छ । जातीय भिन्नताका कारणले भाषामा पनि फरक छ । पहाडी मूलका मानिसहरूको पनि जातीय भिन्नताका कारणले भाषा र संस्कृतिका फरक पाइन्छ ।

यहाँका विभिन्न जातिहरूले बोल्ने मातृभाषाको भाषिक बनौट यस प्रकारको छ ।[६]

| भाषा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | ६९२३८४ | ५८.३२ |
| राजवंशी | १,२६,४४८ | ११.१५ |
| लिम्बू | ६०,७३४ | ५.१४ |
| राई | ४२,९५४ | ३.३० |
| सतार | ३,८९६ | ३.२० |
| मैथिली | २९,६१४ | २.२४ |
| हिन्दी | २१,६३८ | १.८२ |
| तामाङ | १४,७८७ | १.२३ |
| उर्दू | १२,९१२ | १.९८ |
| धिमाल | १,१९,४९७ | १०.६ |

५ भेटवात सूर्यनारायणय राजवंशी ।

६ **स्टाष्टिकल बुक अफ नेपाल** (१९९३, एच.एम.सी. नेशनल प्लानिङ सेकेटायरीयल)

उपर्युक्त तथ्याङ्कबाट यस जिल्लामा मातृभाषा नेपाली हुनेको सङ्ख्या भन्दा अन्य मातृभाषा सङ्ख्या अधिक देखिन्छ

यहाँ बसोबास गर्ने तराई मूल र पहाडी मूलका मानिसहरूको लवाइ, खवाई भेषभूषा, रहनसहन, रीतिरिवाजमा पनि फरक छ । खासगरी पहाडी मूलका पुरुषहरूले दौरा सुरुवाल, कोट टोपी र आज भोलि सर्ट पेन्ट लगाउँछन् भने महिलाहरू साडी, चोलो, ब्लाउज, कुर्था सुरुवाल लगाउँछन् । परम्परा अनुसार महिलाहरूले शरीरमा बुटा हाल्ने र चाँदीको गहना लगाउने चलन छ । तराई मूलका पुरुषहरू कुर्ता र धोती लगाउँछन् र महिलाहरू पटानी लगाउँछन् । तर अहिले पोशाकमा केही फरक आएको छ । धेरैजसो पुरुषहरू सर्ट पेन्ट र महिलाहरू साडी ब्लाउज र कुर्ता सुरुवाल लगाउने गर्दछन् । तराई मूलका मानिसहरूको आर्थिक स्थिति पनि फरक छ । धनीमा अत्यन्तै धनी र अत्यन्तै गरीब वर्गमा यहाँका आदिबासीहरू पाइन्छन् । आर्थिक स्थिति भएपनि यिनीहरूको मुख्य पेशा खेती नै हो । सहायक पेशाको रूपमा व्यापारलाई अँगालेका छन् । तराईका आदिवासीहरू प्रायः यस जिल्लाको दक्षिणी भागमा पाइन्छ । पहाडी मूलका मानिसहरूले भने यस जिल्लाको उत्तरी भागमा बसोबास गरेको पाइन्छन् । यी दुबै समूहका मानिसहरूले मुख्य पेशा खेती र सहायक पेशामा व्यापार र अन्य व्यवसाय अपनाएको पाइन्छ । यस बाहेक घर बनाउने, लुगा सिउने, भाँडा बनाउने, जुत्ता बनाउने समुदायका मानिसहरू पनि यहाँ पाइन्छन् ।

यस जिल्लाका आदिवासीहरू नेपालकै पहाड र भारतका विभिन्न भागबाट आएर बसेकाले यो एउटा विभिन्न जातिहरू मिलेर बस्ने संगम थलो बन्न पुगेको छ । यी जातिहरूले आ-आफ्नो भाषा र संस्कृतिलाई भने जोगाएर राखेको पाइन्छ । मातृभाषा आ-आफ्नो भए तापनि एक अर्काको सम्पर्क भाषा भने नेपाली नै हो । झापा जिल्ला कृषि प्रधान जिल्ला भएकाले यहाँको अधिकांश जनजीवन कृषिमा आश्रित छन् । यो जिल्ला तराईमा मात्र फैलिएको हुनाले खेतीयोग्य जमिन धेरै छ । प्रायः सिंचाई पुग्ने जमीन भएकोले यहाँ धान, गहुँ, मकै, तोरी आदि अन्न उब्जनी हुन्छ । फलफूलमा आप, कटहर, लिची, नरिवल, सुपारी, अम्बा, मेवा, अनारस, केरा, खरबुजा, उखु आदिको खेती हुन्छ । यहाँ १,२१,१०० हेक्टर जमीनमा खेती गरिन्छ ।[७] यहाँ उब्जनी भएका अन्न बाहिर समेत पठाइने गरिन्छ ।

---

[७] **स्टाटिष्टल प्रोफाइल**, झापा पूर्ववत् ।

यहाँका मानिसहरू खेतीपाती बाहेक पशुपालनमा पनि लागेका छन् । यहाँका मानिसहरूले पशुपालनमा खासगरी गाई, भैंसी पालेका छन् । पंक्षीहरूमा हाँस र कुखुरा पाल्दछन् । खेती र पशुपालनका अतिरिक्त यहाँका मानिसहरू व्यापार पनि गर्दछन् । यातायातको सुविधाका कारणले र चियाबगान जस्ता ठाउँहरू भएकाले केही मानिसहरू चिया उद्योग देखि लिएर ठूला साना धान, चामल चिउरा मिलका अतिरिक्त घरेलु उद्योगमा पनि लागेका छन् । मिठाई, आइस र फर्निचर उद्योग इँटा, उद्योग स्थापना गरी उत्पादनका साथै उत्पादिन वस्तुहरू निर्यात गरेर जीविका चलाएका छन् । तर पनि कृषि व्यवसायको तुलनामा उद्योगहरू कम छन् । यस जिल्लामा यातायातको सुविधा र प्रशस्त बजारहरू भएको कारणले सामान्य र बढी आवश्यकताका वस्तुहरू यही नै खपत हुन्छन् । यस जिल्लाका प्रमुख बजारहरूमा दमक, धुलावारी, शनिश्चरे, सुरुङ्गा, गौरादह र काँकरभिट्टा हुन् । यस बाहेक यो जिल्ला भारतसँग सीमाना जोडिएको हुँदा भारतको नक्सतबारी, सिलीगुढी र अन्य बजारसँग पनि व्यापार गरिन्छ । झापा जिल्लाबाट चिया, सनपाट र गहुँ निर्यात गरिन्छ । यहाँबाट उत्पादित धान चामल, गहुँ र चिया विदेशमा समेत निर्यात गरिन्छ ।

## २.६. झापा जिल्लाको लोक संस्कृति र लोकसाहित्य

विभिन्न जातजातिको फूलबारी झापालाई जसरी प्राकृतिक सौन्दर्यले सिंगारेको छ । त्यसरी नै विभिन्न भाषा, धर्म, संस्कृति र परम्पराको वैविध्यमा झापा जिल्ला अनेकताको बीच एकतामा आबद्ध छ । जातजातिहरूको भिन्नताको आधारमा यहाँका जनजीवनमा देखापर्ने लोकसंस्कृतिमा अन्तर छ र आ-आफ्नो परम्परासँग सम्बन्धित हुँदै अनुसरण भएको पाइन्छ । जातजाति अनुसार सांस्कृतिक विविधता भए पनि धार्मिक र सांस्कृतिक सहिष्णुता पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

झापा जिल्ला विभिन्न संस्कृतिहरू बोकेका जात जातिहरूको संगमथलो हो । यहाँ विभिन्न संस्कृति भएका मानिसहरू छन् । यहाँ बस्ने विभिन्न जातिहरू मध्ये परापूर्वकालदेखि बस्दै आएका आदिवासी मुलुका मानिसहरूको संस्कृति र पहाडी उल्लेखनीय छ । तराई मूलका आदिवासीहरू मध्येमा पनि केही फरक र केही मिल्दोजुल्दो संस्कृति पाइन्छ । यिनीहरूको रीतिस्थिति आफ्नै प्रकारको छ । समाजको रीतिस्थिति अनुसार कुनै समस्या भएमा आफ्नै जातका भलादमी राखी समाजको अमनचयन कायम राख्दछन् । यसैअनुसार आफ्नो जातिबाट तिरस्कृत वा स्वीकृत गर्ने दण्ड जरिवाना र माफी दिने गरिन्छ । ओझा, धामीमाथि विश्वास गर्ने, नवजात शिशुका साथै पितृपूजा गर्ने, विभिन्न देवताहरूको पूजाआजा गर्ने, मृतकलाई आफ्नै

जग्गामा गाड्ने चलन यी जातिहरूको मिल्दोजुल्दो संस्कृति हो । यस जिल्लामा बस्ने मेचे, राजवंशी, किसान, धिमाल, सतार आदि जातिहरूका आफ्नै किसिमका संस्कृतिहरू छन् । मेचेहरूको जन्म-संस्कारमा रोजाले पाठपूजा गरी नवजात शिशुको नाम राखिन्छ । विवाहमा बेहुलाले बेहुलीको घरमा जानुपर्दैन, बेहुली, बेहुलाका घरमा लगी विवाह सम्पन्न गराइन्छ । मृत्यु, संस्कारमा सानालाई माटोमा गाड्ने र ठूलालाई दाहसंस्कार गरिन्छ । लोक नृत्य र गीतहरू गाउने काम मुरली, ढोलक, तबला र हारमोनियम बजाई लक्ष्मीपूजा, दशैं र खेती थालनी वा पाहुना आएको समयमा गरिन्छ । राजवंशीहरूको जन्म संस्कारमा हाडिनीबाट सुत्केरी र शिशुको हेरचाह गर्न लगाइन्छ । विभिन्न किसिमले विवाह सम्पन्न गराउने यी जातीहरूमा बेहुला बेहुलीको घरमा गएर नै विवाह गरिन्छ । पूरातन संस्कृति अनुसार धामी, ओझालाई बढी विश्वास गर्ने यी जातिहरू विभिन्न चाडपर्वहरू मान्दछन् । यिनीहरूका चाडपर्वहरूमा नयाँ वर्ष र तिहार प्रमुख हुन् । मृतकहरूलाई आफ्नै जग्गामा गाड्ने संस्कार भएका यी जातिहरू विभिन्न बाजा बजाई आफ्नो लोकसंस्कृति झल्काउने गर्दछन् । ताजपुरिया जातिहरूको संस्कृति पनि राजवंशी जातिहरूसँग मिल्दछ ।

धिमाल जातिहरूको पनि आफ्नै किसिमको संस्कृति छ । विभिन्न किसिमले विवाह गर्ने ती जातिहरू पनि बेहुला बेहुलीको घरमा गई विवाह गर्दछन् । मृत्यु संस्कारमा गाड्ने र दाह संस्कार दुवै गरिन्छ । आफ्नै किसिमका बाजा बजाई मनोरञ्जन गर्ने यी जातिहरू तिहार, फागुपूर्णिमा जस्ता पर्वहरू मान्दछन् । त्यस्तै सतारले पनि जन्म संस्कारमा सूतक शुद्ध गर्नको निमित डुमलाई बोलाउँछन् । विवाह गर्ने तरिका पनि आफ्नै किसिमको भएका सतार जातिहरू पहिले केटी भगाएर केटाको घरमा लैजान्छन् । भगाएर लगिएकी केटीलाई पुनः केटीका आमाबुबाले लगेर दस्तुर लिएर विवाह गर्दछन् । मृतकको शरीरलाई माटोमा गाड्ने चलन छ । यिनीहरू पनि धामी-झाँक्रीमाथि विश्वास गर्दछन् । विभिन्न पर्वलाई मान्ने सतारहरूको आफ्नै किसिमको लोक, नृत्य र गीतहरू छन् । आफ्नै किसिमको मादल बजाई गोलाकार भई नाचगान गर्ने यिनीहरूको चलन छ । प्रायशः आदिवासीहरूका धेरै संस्कृतिहरू मिल्दाजुल्दा छन् भने केही आफ्नै प्रकारका संस्कृतिहरू पनि छन् ।

यसका अतिरिक्त यस जिल्लामा पहाडी मूलका अन्य जातका मानिसहरू पनि बसोबास गर्दछन् । यिनीहरूको पनि आफ्नै किसिमको संस्कृति छ । यहाँ बसोबास गर्ने पहाडी मूलका मानिसहरूमा ब्राह्मण, क्षेत्री, राई, लिम्बू, गुरुङ्ग, नेवार, तामाङ्ग, मगर, कामी, दमाई र सार्की आदि जातिहरू छन् । यी जातिहरूमा पनि धामी झाँक्रीप्रति

विश्वास गर्ने परम्परा छ । यी जातिहरूमा मृतकलाई एकरात घरमा नै राखेर भोलिपल्ट गाड्ने चलन केहीमा छ भने केहीमा मरेकै दिन नदीमा लगी दाह-संस्कार गर्ने चलन छ । राई, लिम्बू, गुरुङ्ग र तामाङ्ग जातिहरूमा मृतक भए मृतकका नाममा चौतारा, फलैचा बनाइदिने चलन पनि छ । राई, लिम्बू दुबै जातिहरूका केटा केटीहरू दुबै मिलेर चाडपर्व मेलापात र उत्सवमा रातभर गीत गाउँदै धान नाच्दै मनाउने चलन छ । यिनीहरूले किराँत, हिन्दू र बौद्ध धर्म मान्ने गरेको पाइन्छ । नेवारहरूका गाईजात्रा, लाखेनाच, क्वाँटी पूर्णिमा आदि निजी संस्कृति हुन् । बाहुन समाजमा धार्मिक उत्सवको बेला रातभर जाग्राम बसी रामलीला, कृष्णलीला, बालुन खेली उत्सव मनाउँछन् । हिन्दू यस जिल्लाको साझा धर्म हो तापनि यहाँ किराँत, बौद्ध र मुस्लिम धर्म मान्ने मानिसहरू पनि छन् । आ-आफ्नो निजी संस्कृति र चाडपर्वका अतिरिक्त दशैं, तिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, चैतेदशैं, एकादशी आदि साझा पर्वहरू छन् । धामी झाँक्रीहरू जनविश्वास अनुसार नै मानिस बिरामी हुँदा झारफुक ढ्याङ्ग्रो बजाएर गर्दछन् । धाननाच, ख्याली, देउसीभैलो, लाखेनाच, बालुन, सतारनाच, चण्डिनाच यस भेगका प्रमुख लोकनृत्य हुन् । यस्ता नृत्यमा मादल, हारमोनियम, ढोलक, बाँसुरी, झ्याली, मजिरा, खैजडी आदि बाजाको प्रयोग गरिन्छ ।

यहाँका हाटबजारमा तराई जिल्ला र यातायातको सुविधा भएको कारणले हप्ताभरि नै बजार लाग्ने गर्दछ । यस जिल्लाका प्रमुख बजारहरूमा बुधवार लाग्ने दमकबजार, शनिवार शनिश्चरे बजार, भद्रपुर बजार त्यस्तै अन्य बजारहरूमा धुलाबारी, झिलझिले, झापा, गौरीगञ्ज, काँकरभिट्टा, गौरादह हुन् । माघे सङ्क्रान्तिका दिन कन्काई नदीको तटमा तीन दिने मेला लाग्दछ । यो मेला वर्षको एकपटक लाग्दछ । अन्य धार्मिक मेला अर्जुनधारामा लाग्दछ । यहाँ बाला चतुदर्शीका दिन सद्बीउ छर्ने गरिन्छ ।

## २.७. ऐतिहासिक पृष्ठभूमि

श्री ५ महाराजधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नु अगाडि यो स्थान एउटा पृथक राज्यको रूपमा थियो । उक्त राज्यको सम्बन्धमा सोह्रौं शताब्दी पहिलेको ऐतिहासिक घटनाहरू अलि अस्पष्ट रूपमा छन् । हुन त महाभारत युगमा विराटनगर क्षेत्रमा विराट नाम गरेका राजाले रजाइँ गरेको तथा पाण्डवहरूले गुप्तबासको समयमा यही ठाउँमा बिताएको किंवदन्तीहरू सुनिन्छन् । उक्त समयमा विराट राजाका प्रधान सेनापति कीचकलाई भीमसेनले वर्तमान झापा जिल्लाको

कीचकवध्य भन्ने ठाउँमा मारेको जनभूति छ । यी आधारहरूबाट झापालाई प्राचीन कालदेखि निकै प्रख्यात राज्यको रूपमा लिन सकिन्छ ।

नेपालको एकीकरण हुनुभन्दा अगाडि झापा जिल्ला मोरङ्ग प्रदेशको बृहद् इलाका भित्र पर्दथ्यो । पूर्व मोरङ्ग र झापामा सेन वंशको राज्य थियो । पाल्पाली सेन राजाहरूले पाल्पा पूर्वतिरको पहाडी भू-भागमा आफ्नो आधिपत्य जमाइसकेका थिए । मुकुन्द सेन प्रथमका छोरा लोहाङ् सेनले पूर्वी तराईको विजयको सिलसिलामा कोशी नदीसम्म आफ्नो राज्यमा मिलाएका थिए ।

विजयपुर राजधानी रहेको कोशी पारीको मोरङ्ग प्रदेश जित्न सजिलो थिएन । यस समयमा राजा विजयनारायण र उनका किराँती सरदारहरूसँग मतभेद भइरहेको बेलामा उनको मृत्यु भयो । त्यसैले गर्दा लोहाङ् सेनलाई मोरङ्ग प्रदेश जित्न सजिलो भयो । लोहाङ् सेनले उक्त क्षेत्रको मन्त्री पद किराँतीहरूलाई नै सुम्पे । यो क्रम पछिसम्म नै रह्यो । लोहाङ् सेनको शेषपछि यिनका जेठा छोरा राघव सेन त्यसपछि हरिहर सेन त्यहाँका राजा भए । हरिहर सेनका दुई रानीका छोराहरूको बीच आफ्नो पैतृक राज्यको कुरालाई लिएर ठूलो कलह भएको हुनाले यो राज्य दुई टुक्रामा विभाजित भयो । फलस्वरूप कोशीपारिको पश्चिम इलाका कान्छा छोरा शुभ सेनलाई र कोशी पूर्वको इलाका हरिहरसेनका दिवंगत छोरा छत्रपति सेनका नवजात पुत्र इन्द्रविधाता सेनलाई दिएर यिनी गरे । यस समय विजयपुर ठाकुर राईको सीमाना कोशीदेखि टिष्टासम्म पुगेको थियो । यसै क्रममा पृथ्वीनारायण शाहबाट पूर्वी इलाकाहरू विजय गर्ने सिलसिलामा सन् १७७३ मा अभिमानसिंह बस्नेत र सरदार पारथी भण्डारीको नेतृत्वमा गएको फौजले चौदण्डी आक्रमण गरी कब्जा गरे । त्यहाँका राजा कर्ण सेन भागेर धरान विजयपुर पुगे । यसरी पृथ्वीनारायण शाह विजयपुर राज्यमाथि आक्रमण गर्ने तयारीमा लागे । सन् १७७४ को मध्य वर्षामा हात्तीद्वारा आफ्ना सैनिक कोशीपार गराई अकस्मात विजयपुरमाथि आक्रमण गरे । सन् १७७४ मा विजयपुर गोर्खालीको अधिनमा भएपछि अभिमानसिंह बस्नेतको नेतृत्वमा गएको सैनिकले पल्लो किराँत, उत्तरी सीमाना र पूर्व तमोर नदीसम्म अधिकार जमायो । पृथ्वीनारायण शाहको समयमा पूर्व पहाड सिङ्गलीका डाडाँसम्म र मैदानतर्फ कन्काई नदीसम्म सीमाना पुग्यो ।

त्यस समयमा भू-राजनैतिक अवस्थामा सिक्किमलाई चलाएमा पञ्चन लामा र दलाई लामाको माध्यमबाट चीनसँग समेत कहाह पर्न सक्ने र उता अङ्ग्रेजहरू पनि निहुँ पाउनासाथ दुश्मन बन्न सक्ने हुनाले पृथ्वीनारायण शाह सिक्किमलाई चलाइहाल्ने

अवस्थामा थिएनन् । तर लिम्बूवान् सरहुनासाथ दीवानका छोरालाई अभिमानसिंह बस्नेतसँग कुराकानी गर्न पठाए । अभिमानसिंहले पनि विजयपुरका राजाबाट सिक्किमले लिएको इलाम र टिष्टासम्मको तलहट्टी दिएमा सिक्किमलाई सुरक्षित राखिने छ भनी सन्देश पठाएर सोही सर्तअनुसार सिक्किमी राजाले सन्धि पत्रमा छाप लगाइदिएको हुनाले अभिमानसिंह बस्नेतले अंग्रेंजका अधिकार क्षेत्रदेखि बाहिर परेको टिष्टासम्मको भू-भागमा अधिकार गरी  नेपालको इतिहासको सीमाना भुटानसँग जोडिदिए ।[८]

सन् १८१४ मा नेपालको स्यूराज र बुटवल इलाका उपरको अधिकारलाई कलहको बीउ बनाई अंग्रेजले नेपाल उपर चारैतिर आक्रमण गरे । वर्तमान विराटनगर रंगेली र झापा बजार कुमार खोदमा पनि आक्रमण गरी अंग्रेजहरूले कब्जा गरे । लडाइँमा अंग्रेजहरूले धेरै हार खानु परे तापनि नेपालको प्रतिकूल हुन पुग्यो । फलस्वरूप १८१५ से. २८ का दिन सुगौली सन्धिमा हस्ताक्षर भयो । नेपालको पूर्वी सीमाना मेची नदी सदाका लागि अन्तर्राष्ट्रिय सीमाना हुन पुग्यो । यसपछि कुमार सोद गा.वि.स. अन्तर्गत रहेको झापा बजारको नामबाट यो झापा जिल्लाको नाम रहन गयो ।

## २.८. झापा जिल्लाको शैक्षिक जागरण

२००७ साल अगाडिको झापाको शैक्षिक स्थितिलाई हेर्दा नगन्य नै देखिन्छ । किनभने राणाकालीन समयमा देशमा कुनै पनि प्रकारको शिक्षाको परिकल्पना गर्नु असम्भव थियो । २००७ सालपूर्व उच्चस्तरको शिक्षालयको नाममा राजधानीमा वि.सं. १९८६ सालमा स्थापना भएको त्रिचन्द्र कलेज मात्र थियो । त्यसभन्दा बाहिर उच्च शिक्षाका लागि क्याम्पसहरू स्थापना भएका थिएनन् । देशको राजधानीमा शिक्षाको स्तर कम थियो भने सुदुरपूर्वमा रहेको झापा जिल्लाजस्तो ठाउँमा शिक्षाको कमी हुनु स्वाभाविकै थियो । घना जङ्गल र औंलोले गर्दा जनसङ्ख्या पातलो अवस्थामा रहेको यस जिल्लाको जनजीवन शिक्षामा लगनशील नहुनु स्वाभाविक नै हो ।

औलोको प्रकोप हुँदाहुँदै पनि पहाडबाट मानिसहरू फाटफुट आएर बसोबास गर्न थाले, साथै पहाडमा बसे तापनि जग्गाहरू यस ठाउँमा लिन थाले । दिङ्लाजस्तो ठाउँमा संस्कृत पढेका मानिसहरूका साथै बनारसमा अध्ययन गरेका मानिसहरू पनि यस ठाउँमा आएर बस्न थाले । त्यस अवस्थामा यहाँका केही मानिसहरू बनारसमा

[८] **मेचीदेखि महाकाली** भाग १, पूर्ववत, पृ. १३१४ ।

संस्कृत र दार्जिलिङ्गमा अंग्रेजी पढ्न जाने गर्दथे । विद्वान्हरू, शिक्षाप्रेमीहरूबाट विद्यालय खोल्ने कोसिस हुन थाल्यो । फलस्वरूप झापा जिल्लामा पनि विद्यालयहरू स्थापनाको लागि कदम चालियो । झापा जिल्लामा विद्यालय खोल्ने क्रममा सर्वप्रथम २००३ सालमा भद्रपुर पब्लिक हाइस्कूलका नामले एक विद्यालयको स्थापना भएको पाइन्छ । यो विद्यालय भद्रपुरमा अवस्थित हालको भद्रपुर माध्यमिक विद्यालय हो ।[९]

यस विद्यालयको स्थापनाका लागि भूपालमान सिंह कार्कीको ठूलो योगदान छ यिनैको सक्रियतामा झापा जिल्लामा विद्यालय स्थापना भएको हो । अन्य सहयोगीहरूमा जितन राजवंशी, झाजी देउनिया, वैशाखु राजवंशी हुन् । यिनीहरूको कसैले रूपैया र कसैले जग्गा प्रदान गरेर सहयोग पुऱ्याएका थिए । जग्गा दिएर सहयोग पुऱ्याउने अन्य बलु मेचे र हांगा राजवंशीको योगदान पनि विशेष उल्लेखनीय छ । विद्यालय स्थापना भएपश्चात् पहिलो हेडमास्टरको रूपमा गंगाप्रसाद उपाध्यायलाई नियुक्ति गरियो गंगाप्रसाद उपाध्याय वकालत पेशामा संलग्न भए तापनि विद्यालय स्थापना कालदेखि नै प्रधानाध्यापक भई सेवा पुऱ्याएका थिए ।

त्यसपछि यस जिल्लाको विद्यालयको रूपमा धुलावारी माध्यमिक विद्यालयको स्थापना भयो । यी स्थापना भईसकेका विद्यालयहरूमा शिक्षकहरू बाहिरबाट ल्याइन्थ्यो । २००७ सालको क्रान्तिमा भने बाहिर वा स्वदेशकै शिक्षकहरूले सहयोग पुऱ्याएको पाइन्छ । २००७ सालको क्रान्तिपश्चात् नेपाली जनताहरूमा नौलो उत्साह जागेर आएपछि । प्राथमिक विद्यालयहरू स्थापना भएको पाइन्छ । यसरी विद्यालयहरू झापा जिल्लाकै विभिन्न स्थानहरूमा खोलिए । भारतको सीमा भूमिसँग यो जिल्ला जोडिएका कारणले यहाँको शिक्षा परिपाटी भारतकै जस्तो थियो ।

२००७ सालको जनक्रान्तिपश्चात् यस झापामा पूर्वी नेपाल प्रजातान्त्रिक सरकार स्थापना भयो उक्त सरकारमा विभिन्न विद्वान् व्यक्तिहरू सामेल थिए । पूर्वी नेपाल प्रजातान्त्रिक सामूहिक सरकारको राजधानी पनि यसै जिल्लाको भद्रपुरमा थियो । उक्त सरकारको शिक्षा मन्त्री भाषाशास्त्री महानन्द सापकोटा जस्ता व्यक्ति भएको कारणले पनि यस जिल्लामा प्रचुर मात्रामा शिक्षाको जागरण भएको पाइन्छ । २००६ सालको जनक्रान्तिपश्चात् सरकारको गठन हुनु र सरकारी कामकाजको लागि प्रेसको स्थापना हुनु, प्रेसबाट पत्रपत्रिकाहरू प्रकाशन जस्ता कार्य भएकोले शिक्षाको प्रचार प्रसार निकै भएको पाइन्छ ।

---

[९] नरेन्द्र नाथ वास्तोला **पूर्वा १ चलमा सातसालको क्रान्ति** (शेखर र सन्दिप विर्तामोड झापा) पृ. २२ ।

तत्कालीन नेपालको अवस्थामा विद्यालय खोली शिक्षाको प्रचार प्रसार गर्ने स्थिति नभएकाले भारतको भूमिका भएर अध्ययन गर्ने विद्यार्थीहरू आफ्नो देशमा फर्केर शिक्षा र साहित्यको तीव्र चेतना फैलाउन लागे र तिनीहरूको अंग्रेंजी साहित्य र अन्य भाषामा प्रकाशित पुस्तक पत्रपत्रिकाहरू झापा ल्याएर अध्ययन गराउन लागे ।

यहाँका बासिन्दाहरू जो शिक्षा र साहित्यमा चासो राख्ने गर्दथे, उनीहरूबाट कथा, कविता जस्ता विधामा हात चलाई साहित्यको पनि प्रचार प्रसार भएको पाइन्छ । २००६ साल अगाडिदेखि नै कथा, कविता, राजनैतिक लेखहरू प्रकाशित भएका पाइन्छन् । यसरी साहित्यका विभिन्न विधाहरूमा कलम चलाई साहित्यको सेवा र प्रचारप्रसार गर्नेहरूमा महानन्द सापकोटा, नरेन्द्रनाथ बास्तोला, भवानी शंकर कफकल, भरतबाबु प्रसाई, भैरवप्रसाद आचार्य, एस.एल. शर्मा र दौलतविक्रम विष्ट हुन् ।

पहिलेका केही रचनाहरू संस्कृत साहित्यबाट प्रभावित छन् भने पछिका रचनाहरू अंग्रेजी, हिन्दी साहित्यबाट प्रभावित भएको कुरा यहाँको साहित्यले बुझाउँछ । अझ यो जिल्ला पूर्व तराईको भूभाग ओगटेर रहेको हुँदा र यस जिल्लाको पूर्वी र दक्षिणी सीमाना भारतसँग जोडिनु र त्यस समयमा भारतीय शिक्षाको प्रभाव पर्नुले यस जिल्लामा हिन्दी भाषा र साहित्यले पनि जरा गाडी सकेको थियो । तर पनि विविध कारणले यसले पूर्ण रूपमा चाहिँ प्रभाव पार्न भने सकेन ।

क्रान्तिपछि २००८ सालमा महानन्द सापकोटा र दान खालिङको सम्पादकत्वमा 'हाम्रो नेपाल' पत्रिका प्रकाशित भयो । यसले पनि शैक्षिक जागरण गराउन महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो ।

यस जिल्लामा सर्वप्रथम उच्च शिक्षाका लागि २०२१ साल असोज १३ गते भद्रपुरमा मेची इन्टरकलेजको स्थापना भयो । यो कलेज २०३० सालमा त्रि.वि. अन्तर्गत मेची बहुमुखी क्याम्पसमा परिणत हुन गयो । हाल त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी दमक, गौरादह, गौरीगञ्ज, सुरुङ्गा, बिर्तामोड, धुलावारीमा गरी ८ वटा क्याम्पसहरू छन् । यस जिल्लामा भएका विद्यालयहरूमा सार्वजनिक माध्यमिक विद्यालय ५६ र सार्वजनिक ३१, निजी ७, बोडिङ्ग ४ गरी जम्मा ४२ वटा निम्न माध्यमिक विद्यालय र सार्वजनिक ३३ बोडिङ्ग २१ गरी प्राथमिक विद्यालय ३५२ वटा छन् ।[१०]

---

[१०] जिल्ला शिक्षा कार्यालय झापाबाट प्राप्त जानकारी ।

## २.९. झापा जिल्लाको साहित्यिक गतिविधि

## २.१०. चरण विभाजन

२.११ २००७ साल पूर्व

२.१२ २००७ साल उत्तर

२.१२.१ २००७ सालदेखि २०४६ सम्म पहिलो चरण

२.१२.२ २०४६ सालदेखि हालसम्म दोस्रो चरण

## २.११. २००७ साल पूर्व

वि.सं. १४२१ सालमा साङ्लाइङ् नाम गरेको लिम्बूले राज्य गर्दथे । उनले आफ्नो पूर्वी सीमाना टिष्टा नदीलाई बनाएका थिए । जिल्लामा बसोबास गर्ने गनगाई र ताजपुरियाहरू विराट पूर्वकालीन कथासँग सम्बन्धित छन् । यसरी हेर्दा यस जिल्लाको बसोबास ज्यादै पुरानो छ । समय बित्दै जाँदा नेपालका विभिन्न ठाउँहरूबाट मानिसहरू बसाइँ सरेर आएर बस्न थाले । खास गरी पहाडी मूलका मानिसहरू झापाका दमक, शनिश्चरे आदि ठाउँमा पहाडबाट आएर बसोबास गर्न थाले । यस समयदेखि झापाको इतिहास सुरु भएको पाइन्छ । यो भन्दा अगाडिको इतिहास भने अस्पष्ट नै छ । वि.सं. १९०३ सालदेखि नेपालमा राणाहरूको उदय भएको हुनाले नेपालमा शिक्षाको गतिविधि रोकिन पुग्यो । नेपाली विद्यार्थीहरूले भारतका विभिन्न स्थानहरूमा अध्ययन गर्न थाले । भारतमा अध्ययन गर्न गएका विद्यार्थीहरूले आफ्नो सीप र राणाहरूको दमनको विरुद्धमा जनचेतना फैलाउन थालेपछि यस जिल्लामा साहित्यको प्रभाव पर्न थाल्यो । वि.सं. १९८८ मा कोशी अञ्चलको तेह्रथुम आठराईबाट देवीप्रसाद उप्रेती झापामा आई स्थायी बसोबास गर्न थाले । देवीप्रसाद उप्रेतीजस्ता शिक्षाप्रेमीबाट शिक्षाको प्रचारप्रसार गरिनु अनि झापाको नजिकै रहेको देवनछापामा जन्मेका भाषाशास्त्री महानन्द सापकोटाको पनि निकै प्रभाव झापामा पर्नु झापाको शिक्षा र साहित्यको विकासका लागि प्रोत्साहन मिल्नु हो । राणाशासनका विरुद्ध एक जुट हुन आह्वान गरेको पर्चासमेत वितरण गर्ने कार्यले र शिक्षाप्रेमीहरूको जमघटले गर्दा झापामा साहित्यको विकास हुन थाल्यो । वि.सं. २००३ सालमा झापाको भद्रपुरमा विद्यालयको स्थापना हुनु २००५ सालमा झापाको शनिश्चरेमा विद्यालयको स्थापना हुनुलाई पनि झापामा शिक्षा र साहित्यको विकासको सुरुवात मान्नु पर्दछ । २००६ सालमा झापाको भद्रपुरमा किसान आन्दोलनको जुलुस र त्यसमा पर्चाहरूको वितरण नै झापाली भूमिमा साहित्य विकासको बीजारोपण गर्नु हो ।

यसरी झापामा साहित्यिक गतिविधिहरूलाई अगाडि बढाउनेहरूमा देवीप्रसाद उप्रेती, महानन्द सापकोटा, नरेन्द्रनाथ बास्तोला, एस.एल.शर्मा, दान खालिङ भैरवप्रसाद आचार्य, धर्मप्रसाद ढकाल, भवानी शंकर कपल्लक, गंगाप्रसाद उपाध्याय, के.बी. कार्की, गणेशबहादुर प्रसाई हुन् । यस चरणमा पुस्तकहरूको प्रकाशन भएको पाइँदैन । कविताहरू चाहिँ लेख्ने गरेको पाइन्छ ।

## २.१२. २००७ साल उत्तर

### २.१२.१ २००७-२००४६ सम्म प्रथम चरण

वि.सं. २००७ सालमा निरंकुश जहानिया शासनको अन्त्य भई प्रजातन्त्रको उदय भए पछि झापा जिल्लामा संस्थागत रूपमा साहित्यको विकास भएको पाइन्छ वा २००७ सालको क्रान्तिपछि पूर्वाञ्चल सामयिक सरकारको स्थापना भयो । यस सामयिक सरकारमा झापा जिल्लाका मानिसहरूको सहभागिता धेरै थियो । यस सरकारले झापामा साहित्यिक विकासमा ठूलो भूमिका निर्वाह गरेको थियो । यस सामयिक सरकारका शिक्षामन्त्री महानन्द सापकोटा थिए । भाषाशास्त्री भएको कारणले महानन्द सापकोटाले इलाममा नेपाली साहित्य प्रचारक संघ, नामक एउटा साहित्यिक संस्था खोलेका थिए । यसको मुख्य उद्देश्य नेपाली साहित्यको प्रचार-प्रसार गर्नु थियो । यस साहित्यिक संस्थाको प्रेस यातायात सुविधाको कारणले झापाको भद्रपुरमा राखिएको थियो । नेपाली भाषा प्रचारक संघ इलामको मुख पत्रको रूपमा महानन्द सापकोटाको सम्पादकत्वमा झापाको भद्रपुरबाट २००८ सालमा 'हाम्रो नेपाल' ( मासिक) पत्रिका प्रकाशित भयो । यो पत्रिकाले नै झापाबाट साहित्यको प्रचार गर्ने उल्लेखनीय काम गरेको पाइन्छ । २००९ सालमा झापाबाट श्यामकृष्ण उपाध्यायको सम्पादकत्वमा 'केटो' पत्रिका प्रकाशित भयो । राष्ट्रिय रूपमा प्रकाशित 'हाम्रो नेपाल' पत्रिकामा झापाका तत्कालीन साहित्यकारहरू विष्णुप्रसाद पोखरेल, श्यामकृष्ण शर्मा, भवानीप्रसाद घिमिरे, महानन्द पौडेल, गंगाधर उपाध्याय, दान खालिङ आदिका लेख रचनाहरू छापिएका देखिन्छन् । झापाको साहित्यिक पृष्ठभूमि बनाउने र प्रेरणा दिने कार्य भने महानन्द सापकोटाबाट भएको पाइन्छ । महानन्द सापकोटाको स्थायी बसोबास झापामा नभए पनि झापामा बारम्बार आई यहाँका साहित्यकारहरूलाई प्रोत्साहन दिन्थे । यसपछि भवानीप्रसाद घिमिरेको नेतृत्वमा धुलाबारीमा स्थापित 'नेपाली साहित्य सरल' भन्ने संस्थाले साहित्यिक गतिविधिहरू सञ्चालन गरेको थियो । यस संस्थाले धर्मराज थापाको 'शहीदको सम्झना' भन्ने कविता सङ्ग्रह प्रकाशित गरेको देखिन्छ । संस्थागत गतिविधिकै क्रममा २०१७ सालमा 'प्रकाश मण्डल'

भद्रपुरको स्थापना भयो र यसले 'प्रकाश' नामक साहित्यिक सङ्कलन प्रकाशन गर्थ्यो । यसै समयमा झापाबाट विद्यामणि (साहित्यिक सङ्कलन) युवक (साप्ताहिक) 'मेची' (त्रैमासिक) 'वरुण', 'पञ्चामृत', 'झम्पल' जस्ता पत्रिकाहरू प्रकाशित भए । यीमध्ये श्याम कृष्ण उपाध्यायको सम्पादनमा २०१८ सालमा प्रकाशित 'युवक' पत्रिकाले झापाको साहित्यिक उत्थानमा उल्लेखनीय भूमिका खेलेको पाइन्छ । यस पत्रिकामा भवानीप्रसाद घिमिरे, श्यामकृष्ण उपाध्याय, पर्शुराम शर्मा, वसन्तकुमार खड्का आदिका साहित्यिक रचनाहरू प्रकाशित देखिन्छन् । यस पत्रिकामा झापाली साहित्यकारहरूका केही पुस्तकाकार कृतिहरू समेत प्रकाशित देखिन्छन् । यसरी प्रकाशित हुने कृति र कृतिकारहरूमा भवानीप्रसाद घिमिरे **आत्मज्याला** (२००९) र **नानी** (२०१२) दुईवटा कथासङ्ग्रह प्रकाशित भएका थिए । त्यस्तै भीमप्रसाद तिम्सिनाको **गायत्री पुष्प** (२०१७), **धर्म चरित्र** (२०१७) दुई लघु काव्यहरू प्रकाशित देखिन्छन् । मदनकृष्ण प्रसाईको **दृश्य मञ्जरी** (२०१५) एकाङ्की सङ्ग्रह पनि प्रकाशित भयो । **रने** उपन्यास २०१८ सालमा प्रकाशित भयो । यो उपन्यास नै झापाबाट प्रकाशित पहिलो उपन्यास हो । उपन्यासकार तुलसी राम कुबरले पनि झापाको साहित्यिक उत्थानमा ठूलो भूमिका खेलेको पाइन्छ । कवि गोकुलप्रसाद जोशीको **सीमानाको दीप** (२०१८) लगायत अन्य कृतिहरू झापा बसाइमा नै लेखिएका हुन् । कवि जोशी प्रगतिवादी काव्यधाराका एक सशक्त कवि मानिन्छन् ।

२०२० देखि साहित्यिक पत्रिका 'भानु' प्रकाशित हुनु र 'पञ्चामृत', 'झम्पल' जस्ता पत्रिका प्रकाशनबाट झापामा साहित्यिक गतिविधि बढ्नका साथै नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएको छ । २०२० सालमा नै 'बगैंचा' जस्तो साहित्यिक पत्रिकाको प्रकाशन र पछि गएर 'जुही', 'युगज्ञान' जस्ता पत्रिकाहरूको प्रकाशनले झापाको साहित्यिक फाँटलाई उर्वरा बनाएको पाइन्छ । २०२० साल यता साहित्यिक संस्थाहरूको पनि स्थापना भयो । यी साहित्यिक संस्थाहरूले प्रगतिशील साहित्यको विकासमा बढी भूमिका निर्वाह गरेको पाइन्छ ।

## २.१३ प्रमुख साहित्यिक संघ संस्थाहरू

वि.सं. २००७ को क्रान्तिपछि निरकुंश जहानिया राणाशासनको अन्त्य भई प्रजातन्त्रको उदय भएपछि झापा जिल्लामा साहित्यिक गतिविधिहरू संस्थागत रूपमा प्रारम्भ भए । वि.सं. २००९ सालमा श्यामकृष्ण उपाध्यायको सम्पादनमा भद्रपुरबाट प्रकाशित 'केटो' झापाको पहिलो पत्रिका मानिन्छ । यो मूलतः समाचारप्रधान पत्रिका भए तापनि यसमा सम्पादकीय तथा साहित्यिक लेख रचनाहरू प्रकाशित भएका

देखिन्छन् । यस पत्रिकाको प्रकाशनलाई नै झापाको साहित्यिक इतिहासको प्रारम्भ विन्दु मान्न सकिन्छ । यसरी वि.सं. २००९ सालमा सुरु भएको झापाको साहित्यिक यात्राले हाल २०६६ सम्म करिब ५७ वर्षको समयावधि पूरा गरिसकेको छ ।

त्यसपछि वि.सं. २००९ सालमा महानन्द सापकोटा र दान खालिङको सम्पादनमा भद्रपुरबाट प्रकाशित 'हाम्रो नेपाल पत्रिका' दोस्रो पत्रिका हो ।

२००७ सालको क्रान्तिको लगतै भद्रपुरमा स्थानीय शिक्षा, साहित्य प्रेमी व्यक्तिहरूबाट 'भद्रपुर पुस्तकालय' को स्थापना भयो । यसपछि नेपाली भाषा प्रचारक संघ (इलाम) को भूमिका महत्त्वपूर्ण छ । यस संस्थाको कार्यालय इलामको करफोकमा रहेको थियो । यस संस्थाको प्रमुख कार्यक्षेत्र भने झापामा थियो । यस संस्थाले पत्रपत्रिकाहरू प्रकाशन गरी साहित्यमा पूर्ण रूपमा योगदान पुऱ्याएको थियो ।

यसपछि भवानी घिमिरेको नेतृत्वमा 'नेपाली साहित्य सदन' धुलाबारी भन्ने संस्थाले साहित्यिक गतिविधि सञ्चालन गऱ्यो ।

यस जिल्लाबाट संस्थागत रूपमा स्थापना भएका साहित्यिक गतिविधि र संस्थागत परिचय निम्नानुसार छ-

**क) झर्रोवादी आन्दोलन**

संखुवासभा चैनपुरको जनसांस्कृतिक सभा भन्ने साहित्यिक संस्थाबाट प्रकाशित 'नौलो पाइलो' (२०१३) पत्रिकाको प्रकाशनसँग झर्रोवादी आन्दोलनको शुरुवात भएको हो । झर्रोवादी आन्दोलनका मुख्य प्रवर्तक बालकृष्ण पोखरेल हुन् । यस आन्दोलनका सहयोगीहरूमा ताना शर्मा र पोषराज रेग्मी हुन् । साथै चूडामणि रेग्मीले शुरुदेखि नै झर्रोवादी आन्दोलनमा साथ दिएका थिए ।

**ख) नेपाली साहित्य परिषद, भद्रपुर झापा २०२०**

वि.सं. २०२० सालमा झापा जिल्लाको भद्रपुरमा 'नेपाली साहित्य परिषद' नामक साहित्यिक संस्थाको स्थापना भयो । उत्तम कुँवर अध्यक्ष र डा. ऋषिकेश उपाध्याय संचिव रहेको यस संस्थाको मुख्य उद्देश्य झापा जिल्लाको साहित्यिक गतिविधिलाई परिचालन गर्नु पर्ने थियो । यस संस्थाले २०२३ साल फाल्गुणदेखि 'मोती' नामक साहित्यिक सामयिक सङ्कलन प्रकाशन गर्न थाल्यो । २०३० साल सम्ममा यो ३ अङ्कसम्म प्रकाशन भई बन्द हुन पुग्यो ।

**ग) आयमेली आन्दोलन**

२०२० सालमा ईश्वर बल्लभको सम्पादनमा 'फूलपात पत्थर' पत्रिका प्रकाशनसँगै आयामेली आन्दोलनको शुरुवात भयो । यस आयमेली आन्दोलनका अन्य सदस्यहरूमा वैरागी काइँला र इन्द्रबहादुर राई हुन् । परम्परागत हेराइले साहित्य एउटै पाटाबाट मात्र हेरिने हुनाले त्यस्तो हेराइले जीवनका सम्पूर्णता नहुनाले लम्बाई, चौडाइ र गहिराई तीनै आयामबाट जीवनलाई विश्लेषण गर्नुपर्छ भन्ने सिद्धान्तलाई अगाडि बढाई साहित्य सृजना गर्नु यस आन्दोलनको उद्देश्य हो ।[११] वैरागी काँइला झापाकै साहित्यकार र आयामेली आन्दोलनमा पूर्ण योगदान दिएका व्यक्ति हुन् ।

**घ) प्रगतिशील युवा समिति शान्तिनगर, २०३६**

२०२६ सालमा तेजराज खतिवडाको सक्रियतामा शान्ति नगरमा 'प्रगतिशील युवा समिति'को स्थापना भयो । प्रगतिशील साहित्यको विकास गर्ने उद्देश्यले स्थापना भएको यस संस्थाले 'झटारो' नामक साहित्यिक सङ्कलन प्रकाशन गर्‍यो ।

**ङ) देवकोटा स्मृति भवन, भानुनगर, भद्रपुर २०२६**

वि.सं. २०२६ सालमा डा. ऋषिकेश उपाध्यायको अध्यक्षतामा यो साहित्यिक संस्थाको स्थापना भयो । यो संस्था स्थानीय साहित्यकारहरूले द्यौसी खेलेर र विभिन्न किसिमले चन्दा सङ्कलन गरेर स्थापना गरेका हुन् । यस साहित्यिक संस्थाले यस जिल्लामा विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गरी जिल्लामा साहित्यिक जागरण ल्याउने काममा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**च) सांस्कृतिक कला केन्द्र, कोरोबारी २०२८**

२०२८ सालमा कोरोबारीमा बोधराज, हरिबहादुर थापा, के.आर. खम्बु आदि युवाहरूको प्रयासमा सांस्कृतिक कला केन्द्रको स्थापना भयो । यसले 'सयपत्री' नामक साहित्यिक सांस्कृतिक कार्यक्रमको किसानको आँशु र घनेन्द्र शर्माको 'दोस्रो परिवार' नामक मञ्चन गरेको थियो । २०२९ सालमा यस संस्थाले पुस्तकालय स्थापना गरेको थियो । यस संस्थाले यस क्षेत्रका प्रगतिवादी साहित्य तथा संस्कृति कर्मीहरूलाई समेटेर सङ्गठित बनाउन ठूलो योगदान पुर्‍यायो । प्रगतिवादी साहित्यलाई अगाडि बढाउने उद्देश्यले खोलिएको सांस्कृतिक कला केन्द्रले चलाएको 'सयपत्री' कार्यक्रमलाई प्रशासनले प्रतिबन्ध लगाएको हुँदा २०३३ सालदेखि यो संस्था बन्द हुन पुग्यो ।

---

[११] तना शर्मा -"**नेपाली साशित्यको इतिहास**" (संकल्प प्रकाशन २०३८) पृ. २५० ।

## छ) सडक कविता क्रान्ति, २०३६

वि.सं. २०३६ साल ज्येष्ठ १० गते घोषणा पश्चात् जनमतको सन्दर्भमा नेपाली युवा कविहरूद्वारा देशमा पहिलो पटक सडक कविता क्रान्तिको नाममा बहुदलीय पक्षमा साहित्यिक माध्यमबाट नैतिक समर्थन जनाउने उद्देश्यले देशका विभिन्न स्थानमा 'सडक कविता क्रान्ति' सञ्चालन भएको थियो ।

युवा कविहरूले सडकमा उत्रिई आफ्ना कुण्ठाहरूलाई उन्मुक्त स्वरमा व्यक्त गरिएको यो अभियानले साहित्यमा नयाँ अभियानलाई शुरुवात गरेको पाइन्छ ।

## ज) प्रगति साहित्य मञ्च, कोरोबारी, २०३७

२०३७ सालमा कोरोबारीमा के.आर खम्बू र नारायण भण्डारीद्वारा प्रगति साहित्य मञ्चको स्थापना भयो । यसले कोरोबारीमा नै प्रगतिवाचनालय स्थापना गरेको थियो । यस मञ्चले त्रैमासिक रूपमा साहित्यको गोष्ठीको आयोजना गरी 'प्रगति' नामक भित्ते पत्रिका निकाल्ने काम गरेको थियो । २०३९ सालमा प्रशासनको वाचनालय भवन भत्काई धेरै पुस्तकहरूका साथै अन्य सामानहरू जफत गर्नुका साथै यसका सञ्चालकहरूलाई समेत पक्राउ पूर्जी काट्न थालेपछि यो संस्था बन्द हुन पुग्यो ।

## झ) प्रगतिशील लेखक कलाकार संघ, २०३८

२०३८ सालमा द्रोणाचार्य क्षेत्री संयोजक र सूर्य उप्रेती, लीला उदासी, तारा गाउँले, चन्द्र भण्डारी सदस्य रहेको प्रगतिशील लेखक कलाकार संघ झापाको स्थापना भयो । प्रलेस कै रूपमा रहेको यस संस्थाले झापामा प्रगतिशील साहित्यिक सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

## ञ) नेपाली साहित्य विकास समिति, झापा, २०३८

साहित्यकार भवानीप्रसाद घिमिरेको अध्यक्षतामा २०३८ सालमा झापाको विर्तामोडमा नेपाली साहित्य विकास समितिको स्थापना भयो । यस संस्थाले साहित्यिक गतिविधि सञ्चालन गर्नाका अतिरिक्त कृतिहरू पनि प्रकाशित गरेको पाइन्छ । यस संस्थाले **मेची किनारका कविताहरू** (२०४१) प्रकाशित गर्‍यो । यसै संस्थाअन्तर्गत २०४३ सालमा महानन्द पुरस्कार सञ्चालन समितिको गठन भएको देखिन्छ । २०४३ साल श्रावण २५ गते सहप्राध्यापक चूडामणि रेग्मीको अध्यक्षतामा र स्थानीय साहित्यकार तथा बुद्धिजीविहरूको बैठकले महानन्द पुरस्कार समिति स्थापना गरी भवानीप्रसाद घिमिरेको अध्यक्षतामा पुरस्कार सञ्चालक समितिको स्थापना गर्‍यो ।

**ट) भोक कविता आन्दोलन, २०४०**

वि.सं. २०४० सालमा देवकोटा स्मृति भवन भद्रपुरमा साहित्यकार तथा पत्रकार भवानीप्रसाद घिमिरेको नेतृत्वमा 'भोक' कविता आन्दोलनको गठन भएको थियो । यस भोक कविता आन्दोलनका अन्य सदस्यहरूमा झापाका कविहरू हीरा आकाश, केशव आचार्य, कृष्ण धरावासी, अमृतलाल श्रेष्ठ, प्रकाश बुढाथोकी, दुर्गा दाहाल, देवेन्द्र किशोर ढुंगाना हुन् ।

**ठ) मन्थन झापा २०४३**

प्रत्येक महिनाको पहिलो शनिबार विर्तामोडमा साहित्यिक कार्यक्रम गर्ने निर्णय अनुसार २०४३ असोजमा कवि हीरा आकाशको संयोजकत्वमा 'मन्थन' झापाको स्थापना भयो । यस मन्थन झापाले साहित्यको विकास गर्ने उद्देश्य राखेको थियो । मन्थन झापाले चलाएको कार्यक्रमममा उत्कृष्टताको आधारमा पुरस्कार दिने व्यवस्था पनि थियो । तर यो संस्था पनि जनआन्दोलन २०४६ सालदेखि निष्क्रिय हुँदै गयो ।

**ड) प्रगतिशील साहित्य तथा सांस्कृतिक मिलन केन्द्र, २०४५**

वि.सं. २०४५ सालमा लुस्युन जयन्तीको दिन झापाको ज्यामिर गडीमा साहित्यकार यज्ञराज प्रसाईको अध्यक्षतामा प्रगतिशील साहित्यलाई अगाडि बढाउने उद्देश्यले यो संस्थाको स्थापना भएको हो । यस संस्थाको स्थापनाकालमा पुण्य खरेल, डी. कैडिन्य, विजय खरेल आदि सदस्य रहेका थिए । यस संस्थाले भूमिगत रूपमा पनि साहित्य सञ्चालन गऱ्यो । 'संकेत' नाम गरेको प्रगतिशील साहित्यिक पत्रिका प्रकाशन गरेको कारणले संयोजकलाई सार्वजनिक मुद्दा तत्कालीन झापा प्रशासनले चलाएको हुँदा यो प्रगतिशील साहित्यिक संस्था निष्क्रिय बन्न पुग्यो ।

### ४.१२.२ २०४६ देखि हालसम्म दोस्रो चरण

**ढ) सासंक धुलाबारी, २०४७**

२०४७ साल जेष्ठ ८ गते धुलाबारीमा वैरागी काँईलाको घरमा गणेशबहादुर प्रसाईको अध्यक्षतामा बसेको साहित्यकार र बुद्धिजीविहरूको बैठकले साहित्य संस्कृति तथा कला प्रतिष्ठानको स्थापना गरी छविलाल खतिवडाको संयोजकत्वमा एक सदस्यीय समिति निर्माण गरेको थियो । यो झापा जिल्ला कार्यालयमा दर्ता भएको साहित्यिक संस्था हो, यसले सांसक नामक साहित्यिक त्रैमासिक पत्रिका प्रकाशन गरिरहेको छ । यस संस्थाले विभिन्न साहित्यिक र सांस्कृतिक कार्यक्रम पनि सञ्चालन गरेको छ । सासंक धुलाबारीको संयोजकत्व र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी

आयोजक भई २०४९ साल फाल्गुण १२ र १३ गते धरणीधर कोइराला शत वार्षिकीमा बृहत् कवि गोष्ठीको आयोजना गरेको थियो । यस कवि गोष्ठीमा देशभित्र र देश बाहिर दार्जिलिङ्ग, खर्साङ र सिक्किमका कविहरूले भाग लिएका थिए ।

**ण) प्रतिमा निकेतन, दमक २०४८**

वि.सं. २०४८ साल कार्तिक १२ गते साहित्य तथा संस्कृतिलाई विकास गर्ने उद्देश्यले प्रतिभा निकेतनको स्थापना भएको हो । खेमलाल पोखरेलको अध्यक्षतामा गठित उक्त संस्थामा उपाध्यक्ष सचिव, सहसचिव र सदस्यहरू रहेका छन् । यस संस्थाले साहित्यको विकास गर्ने तथा 'प्रतिभा' नामक साहित्यिक पत्रिका प्रकाशन गर्दै आएको छ ।

**त) नवजागरण साहित्य प्रतिष्ठान, गोलधाप, २०४८**

यज्ञराज फकवालको अध्यक्षतामा वि.सं. २०४८ सालमा समकालीन प्रतिभालाई चिनाउने र साहित्यिको विकास गर्ने उद्देश्यले यो संस्था स्थापना भएको हो । यस संस्थाले देवकोटा जयन्ती तथा भानुजयन्ती समारोहमा विभिन्न साहित्यिक कार्यक्रम गर्दै आइरहेको छ ।

**थ) नवरंग साहित्य प्रतिष्ठान, धरमपुर, २०४९**

साहित्य संस्कृतिको रक्षा र नव साहित्यकारहरूलाई उत्साहित पार्दै साहित्य सेवामा गराउने उद्देश्यले कवि डम्बर घिमिरेको अध्यक्षतामा वि.सं. २०४९ सालमा 'नवरंग' साहित्य प्रतिष्ठानको स्थापना गरिएको हो । यस संस्थाले विभिन्न साहित्यिक कामहरू गरी स्थानीय साहित्यकारहरूलाई पुरस्कार र सम्मान गर्दै आएको छ ।

**द) प्रगतिशील लेखक संघ, झापा २०५१**

२००९ सालमा श्यामप्रसाद, कृष्णचन्द्रसिंह प्रधानको सक्रियतामा प्रगतिशील लेखक संघ नेपालको स्थापना भयो । यस संस्थाले दीर्घ जीवन बिताउन नसकेपनि सङ्गठित रूपमा प्रगतिवादी साहित्यलाई अगाडि बढाउन यसको महत्त्वपूर्ण भूमिका छ । वामपन्थी र गैर वामपन्थी संलग्नता र आ-आफू भित्रको अन्तरविरोधले २०१७ सालमा प्रलेसको विघटन भयो । विघटनपछि कतिपय लेखकहरू प्रगतिवादी धाराबाट नै विमुख भएर भिन्न वृतमा गई साहित्य सृजना गर्न थाले । २०३६ सालमा प्रलेसले पुनर्जीवन प्राप्त गर्‍यो ।

झापामा भने २०५१ सालमा प्रलेस झापा शाखाको स्थापना भयो । प्रलेस संघका रूपमा २०३९ सालदेखि नै सङ्गठित कार्यहरू गरिरहेको अवस्थामा छ ।

**ध) कन्काई प्रतिभा प्रतिष्ठान सुरुङ्गा २०५१**

वि.सं. २०५१ सालमा साहित्यकार बुद्धदेव घिमिरेको अध्यक्षतामा साहित्यिक प्रतिभालाई पुरस्कार गर्ने र साहित्यिक कृतिहरू प्रकाशन गर्ने उद्देश्यले यो कन्काई प्रतिभा प्रतिष्ठानको स्थापना भएको हो । यो साहित्यिक संस्थाले साहित्यिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ ।

**न) साहित्य कला संगम, दमक २०५२**

वि.सं. २०५२ साल माघ १ गते दमक क्षेत्रका साहित्यकारहरूको भेलाले रुद्रप्रसाद निरौलाको अध्यक्षतामा साहित्य कथा संगमको स्थापना गऱ्यो । यस संस्थाको मुख्य उद्देश्य साहित्य कलाको संरक्षण सम्बर्द्धन गर्दै विकास गर्नु रहेको छ । यो संस्था स्थापना भए यता झापा, मोरङ्ग, सुनसरीका साहित्यकार कार्यहरूलाई निमन्त्रणा गरी भानु जयन्ती, मोती जयन्ती, देवकोटा जयन्ती र लेखनाथ जयन्ती मनाएको छ । यस संस्थाले साहित्य कला तथा खेलकुदको विकास गर्ने लक्ष्य लिएको छ । यस संस्थाले 'संगम' नामको साहित्यिक पत्रिका (वार्षिक) प्रकाशन गर्दै आइरहेको छ ।

**सङ्गम**

वर्ष १०, २०६२ अङ्क ८ संस्मरण विशेषाङ्क 'साहित्यकला सङ्गम दमक', झापाबाट प्रकाशन हुँदै आएको छ । यसको सम्पादकमण्डमा रुद्र निरौला, हेमनाथ अधिकारी, उत्तमप्रसाद भट्टराई, गुरुराज तिमसिना, केपी (कुलप्रसाद) ढकाल डम्बरुबल्लभ न्यौपाने, अग्निप्रसाद कोइराला, कमलप्रसाद वस्ती र कमल जङ्गली छन् ।

**यथार्थ कुरा (२०४६)**

साहित्यकार पुण्यप्रसाद खरेलको साहित्य साधना 'यथार्थ कुरा' वर्ष ११, अङ्क २, पूर्णाङ्क ४६, ०६२ असोज पहिलोमा सम्पादक चुडामणि रेग्मी अध्यक्षतामा भएको छ ।

**झापाली स्रष्टा र साहित्य २०६३**

वि.स.. २०६३ साल चैतमा साहित्यकार तथ्य संस्कृतिलाई परिचय गराउने उद्देश्यले **झापाली स्रष्टा र साहित्य परिचय सङ्ग्रह** प्रकाशन भएको छ । लेखक अच्युत घिमिरेले  झापाली साहित्यकारलाई एकै ठाउँमा परिचय गराएका छन् । यसमा जम्मा ४१ जना साहित्यकारको परिचय दिएको छ ।

**सुसेली सामयिक सङ्कलन २०६५**

वि.सं. २०६२ सालमा साहित्यकार विजय खरेलको प्रधान सम्पादकत्वमा यो कृति प्रकाशन भएको छ । **सुसेली सामयिक सङ्कलन र २०६७** (संस्मरणात्मक निबन्ध अङ्क), २०६४ प्रधान सम्पादक विजय खरेल, सम्पादन मण्डल पुण्यप्रसाद खरेल, मोहनकुमार पाठक, भुवन सुब्बा र परशुराम तिमसिना रहेका छन् ।

**प्रस्थानाविन्दु (२०५९)**

वि.सं. २०५९ माघ महिनामा साहित्यकार डा. ऋषीकेश उपाध्यायको सम्पादनमा विविध रचनाहरूको सङ्ग्रह प्रकाशन भएको छ । यस कृतिभित्रका कृतिहरूको प्रसङ्ग **स्वास्थ्याविज्ञानपरक रचनाहरू**, व्यक्तिपरक रचना, पत्रपत्रिकासँग आबद्ध रचनाहरू र विविध खण्डका केही रचनाहरू प्रकाशन गरेको छ ।

विविध खण्डका केही रचनाहरूमा समावेश भएका लेख रचनाहरू विशेष गरी साहित्यकेन्द्री छन् । 'साँढेको जुधाई बाछाको मिचाइ', 'घुमिफिरी कपुर' 'क' जस्ता निबन्धमा डाक्टर उपाध्यायले सामाजिक विसङ्गतिमाथि आक्रोश वा व्यङ्ग्य प्रहार गरेका छन् । आफ्नो नाम सबैले अशुद्ध लेखिदिएकोमा उपाध्यायले लेखनप्रक्रियामा मनपरीसँग लेख्ने तथाकथितहरूलाई एकातिर लोप्पा खुवाएका छन् भने अर्कातिर चाहिँ 'हृषीकेश' को शाब्दिक अर्थ के हो र यसको प्रयोग कहाँ-कहाँ कसरी भएको छ, भन्ने गहिरो अनुसन्धान पनि गरेका छन् । प्रगतिशील साहित्यको मान्यता के हो, यसको सीमा कति र प्रवृत्ति कस्तो हो, भन्ने कुराको निर्क्यौल गर्ने काम 'प्रगतिशील साहित्य' र यसमा देखिएका 'केही समस्याहरू' नामक लेखले दिन्छन् । लेखकका समस्याहरूका बारेमा पनि 'लेखकका समस्या र समाधान' नामक निबन्धमा प्रकाश पार्दै देशले लेखकलाई कसरी उसका समस्याहरूको समाधान गर्नु पर्ने हो भन्ने तथ्य केलाएका छन् ।

**जुही स्वर्ण अङ्क २०५९**

वि.सं. २०३८ देखि प्रकाशन आरम्भ भएको जुही (वर्ष १, अङ्क १, असार-साउन-भदौ, २०३८) देखि दश वर्षपछि जुही वर्ष १०, अङ्क २, पूर्णाङ्क ३१ वैशाख-असार २०४८) सम्म प्रदीपमणि रेग्मीको सम्पादकत्व र संस्थापक चूडामणि रेग्मी भएर प्रकाशन भएको देखिए पनि स्वयम् चूडामणि रेग्मीले प्रत्यक्ष नदेखिए पनि परोक्षरूपमा सम्पादकका सबै काम मबाट नै भएका हुन् भनेको पाइन्छ । 'जुही' निकालेको किन ? भने प्रश्नको जवाफमा चुडामणि रेग्मी आफैमा अखबार भन्दा साहित्यिक पत्र-पत्रिका

धेरै राम्रो हुन्छ, भन्दै 'शारदा', 'भारती', 'रूपरेखा', 'रचना' आदिले चर्चा पाएको कुरा स्वीकार्दै आफैले निकालेको 'मोती' र 'कस्तुरीले' चर्चा पाए पनि तिनको आयु लामो नभएको कुरा भनेको देखिन्छ । उनले यिनै कुरा र अझ पनि महत्त्वकांक्षाले 'जुही'को जन्म भएको हो[१२] भनेको पाइन्छ । चूडामणि रेग्मी पूर्णाङ्क ३२, २०४८ देखि 'जुही'मा प्रत्यक्ष रूपमा सम्पादकको रूपमा सहित देखापरेको पाइन्छ । यसैगरी रेग्मीको सम्पादकत्वमा २०५५ सालदेखि 'यथार्थ कुरा' पाक्षिक विचार प्रधान साहित्यिक पत्रिका प्रकाशन भएको देखिन्छ । यथार्थकुराको पछिल्लो अङ्कका रूपमा वर्ष १०, अङ्क १ पूर्णाङ्क ४३, २०६१ जेठमा डा. नरेन्द्र चापागाईंको स्मृतिमा श्रद्धाञ्जली अङ्कका रूपमा प्रकाशित भएको देखिन्छ ।

नेपाली साहित्यमा 'जुही' पत्रिकाको चर्चा गर्दा 'जुही'ले विशेषाङ्कको स्वरूपमा पूर्णाङ्क ४, हास्यव्यङ्ग्य अङ्क, पूर्णाङ्क ५ समालोचना अङ्क, पूर्णाङ्क ७, ४२, ४३, ४४ कथा अङ्क, पूर्णाङ्क ८ काव्य अङ्क, पूर्णाङ्क १२ उपन्यास अङ्क, पूर्णाङ्क १६ ध, च गोतामे अङ्क पूर्णाङ्क १७ भाषा अङ्क, पूर्णाङ्क ३३, सरोज ओली अङ्क, पूर्णाङ्क ३६ झापाली अङ्क, पूर्णाङ्क ३९ भक्तबहादुर नेपाली अङ्क, पूर्णाङ्क ४५ राधिका राय अङ्क, पूर्णाङ्क ४७ माधव भण्डारी अङ्क, पूर्णाङ्क ४९ झापाली निबन्ध विशेषाङ्कका रूपमा प्रकाशन गरेको देखिन्छ । अहिलेसम्म 'जुही'को सबैभन्दा पछिल्लो अङ्कका रूपमा पचासौँ पूर्णाङ्कको रूपमा प्रकाशित भएको स्वर्ण अङ्क, वर्ष २२, अङ्क २, २०४९ फागुन रहेको देखिन्छ । साथै यो अन्य सबै पूर्णाङ्कको तुलनामा बृहत् पूर्णाङ्कको रूपमा देखिन्छ ।

'जुही'को कुरा उठाउँदा यसको सम्पादकीय स्वरूपबारे पनि केही चर्चा गर्नु सान्दर्भिक देखिन्छ । यहाँ 'जुही'का सबै अङ्कको सम्पादकीय पक्षमाथि कलम दौडाउनु भन्दा केवल सम्पादकीय भाषा बुझ्नको लागि मात्र ५-६ वटा 'जुही'लाई हेर्नु उपयुक्त ठहर्ला । 'जुही'को पहिलो अङ्कमा साहित्यलाई विश्व परिवेशसँग दाँज्दै नेपाली साहित्य सफलताको शिखरतिर उन्मुख भएको कुरा लेखिएको पाइन्छ । नेपाली भाषाशास्त्रको अध्ययन बढेको र समालोचनाशास्त्रको जग राम्रो भएको जस्ता कुराहरूको चर्चा गरिएको 'जुही'को पहिलो अङ्कको सम्पादकीय लेख उत्कृष्ट मान्नुपर्ने देखिन्छ । जुहीको पूर्णाङ्क ८ मा कविता/काव्यलाई उत्कृष्ट बनाउने आधारहरू प्रस्तुत गरेको पाइन्छ । 'जुही' पूर्णाङ्क १८ मा साहित्य क्षेत्रमा विकृतपक्ष मौलाउँदै गरेको कुरालाई साह्रै राम्ररी प्रष्ट पारेको देखिन्छ । 'जुही' पूर्णाङ्क ३१ मा साहित्यिक पत्रकारिता क्षेत्रमा

---

[१२] चूडामणि रेग्मी "आफ्नै प्रश्न आफ्नै उत्तर सन्दर्भ जुही" **ज्ञानगुनका कुरा** (भाग ६२, २०५७ चैत), पृ. १९५) ।

देखापरेको समस्यालाई केलाएको देखिन्छ । 'जुही'को प्रस्तुत अङ्कमा आर्थिक अभाव हुनु, लेखकहरू पारिश्रमिक दिने पत्रिकाहरू 'मधुपर्क', 'प्रज्ञा', 'गरिमा', आदिका पछि धुइँदिनु जस्ता कारणहरूले मोफसलको साहित्यिक पत्रकारिता क्षेत्र सङ्कटमा परेको मानिएको पाइन्छ । यस अङ्कमा संसार परिवर्तनशील भइरहेको अवस्थामा नेपाली व्याकरणमा पनि परिवर्तनको आवश्यकता भएको कुरामा जोड दिएको पाइन्छ । 'जुही' पूर्णाङ्क ३६ को झापाली अङ्क बारेको सम्पादकीयमा काठमाडौंली धुपौरेवादको विरोधमा सानो कार्यको रूपमा स्थानीय साहित्यकारलाई चिनाउने काम गरिएको कुरा व्यक्त भएको पाइन्छ । 'जुही' पूर्णाङ्क ४२ मा कथाको महत्त्वलाई दर्शाउदै कथा अङ्कले कथा साहित्यको फाँटलाई भरिलो बनाउने काम व्यक्त भएको देखिन्छ । 'जुही' पूर्णाङ्क ४७ मा माधव भण्डारीको परिचय, प्रवृत्ति र योगदानलाई सूत्रात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । 'जुही' पूर्णाङ्क ४९ निबन्ध विशेषाङ्कमा डोऱ्याउन नयाँ, पुराना र लुकेका प्रतिभाहरूलाई स्थान दिँदै उनीहरूको निबन्ध प्रकाशन गरेको विचार व्यक्त भएको पाइन्छ । यसैगरी 'जुही' स्वर्ण अङ्कको सम्पादकीय लेखमा पूर्वाञ्चलस्तरीय साहित्यिक प्रतिभाहरूलाई चिनाउने आँट गरेको कुरा उल्लेख भएको पाइन्छ । यसरी 'जुही'को सम्पादकीयबाट रेग्मीको झापा साहित्य प्रस्तुतिमा, खरो, गहन, वास्तविक र समसामयिक देखिएको पाइन्छ ।

**श्यामकृष्ण श्रेष्ठ विशेषाङ्क (२०६५)**

'जुही' पूर्णाङ्क ५६ (श्यामकृष्ण श्रेष्ठ, विशेषाङ्क २०६५) मा साहित्यकार चूडामणि रेग्मी सम्पादक रहेका छन् । यसमा लगभग तीन महिनाको समयमा यो अङ्क प्रस्तुत गरिएको छ । इलाम, झापा, मोरङ सुनसरी, चितवन, कास्की, बाग्लुङ, काठमाडौं, काभ्रेका सम्पूर्ण भावुक कवि र चिन्तक भावहरूले हाम्रो अनुरोधमा लेख रचना पठाई सहयोग गरिएको छ । लेखक समालोचकहरूले यो अङ्कमा सबै पक्ष छुन नभ्याए तापनि 'भारती' मा श्यामकृष्णको योगदान, इलाममा श्यामकृष्ण श्रेष्ठले गरेको **ऐतिहासिक साहित्यिक गतिविधिको सोधखोज र मूल्याङ्कन**, स्वच्छन्दवादी प्रगतिवादी पक्षका कविताहरूको मूल्याङ्कन धेरैबाट भएको छ, भने केहीबाट उमर खैयामको प्रभावमा शृङ्गारिक कविता, केहीबाट श्यामकृष्ण श्रेष्ठका कवितामा देखिने स्वैरकल्पनाको प्रयोगसमेत भएका छन् । छन्दोबद्ध कविताका नामी कविहरूबाट कवितामा पनि विदुषी अञ्जना बस्नेतबाट **स्वर्गमा कविगोष्ठी** बारे समालोचना गरिएको छ ।

यसरी प्रकाशित कृतिमध्ये **मेरो मौन** र **मेरो जागिरे जीवन** ले सर्वाधिक महत्त्व पाएका छन्, भने **स्वर्गमा कविगोष्ठी** ले पनि निकै महत्त्व पाएको छ । निकै मेहनतसाथ समग्र अध्ययन गर्ने चेष्टा उपेन्द्र पागलबाट भएको छ । लेखकहरूका योगदानको ठाउँबारे भन्नुपर्दा 'जुही' का अरू विशेषाङ्कमा झैं यो विशेषाङ्कमा पनि मेची बहुमुखी क्याम्पस भद्रपुरका प्राध्यापककै योगदान बढी उल्लेख्य बन्न पुगेको छ । इलामले पनि महत्त्वपूर्ण भूमिका खेलेको पनि स्पष्टै छ । त्यहाँका ख्यातीप्राप्त बूढा साहित्यकारदेखि लिएर नयाँ तन्नेरी लेखकहरू पनि यसमा सहभागी हुनु गौरवकै कुरा ठानिएको छ ।

निबन्ध कुनै विषयलाई लिएर कल्पना वा वस्तुगत पाराले गद्यमा लेखिएको साहित्यक रचनालाई बुझाउँछ । निबन्ध निजात्मक र परात्मक गरी दुई प्रकारको हुन्छन्, भन्ने समालोचकहरूको भनाइ छ । नेपाली निबन्धको इतिहास लामो भए पनि यसको आधुनिक काल १९९२ सालमा शारदा पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' भन्ने निबन्धबाट भएको हो ।[१३]

झापा जिल्लाको निबन्ध लेखनको इतिहास त्यति लामो नभए पनि नेपाली निबन्ध लेखनमा यसले महत्त्वपूर्ण योगदान भने पुऱ्याएको छ । यस जिल्लाबाट निबन्ध लेखनमा सक्रिय योगदान पुऱ्याउने महानन्द सापकोटा, एस.एल.शर्मा, स्वम्भूलाल श्रेष्ठ, भवानी घिमिरे, लोकराज बराल र रामप्रसाद पोखेल हुन् । 'केटो' निबन्ध 'हाम्रो नेपाल' जस्ता पत्रिकाका माध्यमबाट निबन्ध लेखनको शुरुवात भएको पाइन्छ । यस जिल्लाका प्रमुख निबन्धकार तथा उनीहरूको कृतित्व र प्रवृत्ति यस प्रकार छ ।

---

[१३] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १४१ ।

# तेस्रो परिच्छेद

# झापा जिल्लाका निबन्धकारहरूको परिचय

## ३.१. विषयप्रवेश

तेस्रो परिच्छेदमा झापा जिल्लाका निबन्धकारहरूको परिचय प्रस्तुत गरिएको छ । उक्त परिच्छेदमा एस. एल. शर्मा, स्वयम्भुलाल श्रेष्ठ, गणेशबहादुर प्रसाई, सी. के प्रसाई, चूडामणि रेग्मी, दक्षराज शर्मा, रोहिनीविलास लुइँटेल, कमल जङ्गली, कमलप्रसाद पोखरेल, मोहनराज शर्मा, सोभराज अभय, राधिको राया, कर्ण कुमार श्रेष्ठ, भरतबाबु प्रसाई, तेराख, राजेन्द्र सुवेदी, गोपालकुमार बस्नेत, विजय खरेल, नरेन्द्र शर्मा, के.पी ढकाल, रुद्र खरेल, गोविन्दराज भट्टराई, तुलसी भट्टराई, पुण्यप्रसाद खरेल, लीला उदासी, होम सुवेदी, हेम अधिकारी, नरेन्द्रराज प्रसाई,चन्द्रमणि प्रसाई, चुडामणि वशिष्ठ,मुनाकिरण कोइराला, रामचन्द्र उप्रेती, भवानी क्षेत्री, कृष्ण धरावासी, कृष्ण बराल र भीष्म उप्रेतीका बारेमा चर्चा गरिएको छ ।

### एस्.एल् शर्मा (१९८४)

वि.सं. १९८४ सालमा भारतको पञ्जावमा जन्मेका एस्.एल्. शर्माको साहित्य यात्रा २००४ सालबाट भएको हो । १९८५ सालदेखि नेपालको वीरगंज र २००६ सालदेखि झापाको भद्रपुरमा स्थायी बसोबास गर्ने शर्मा झापाका खोजकर्ता एवम अनुसन्धाता मानिन्छन् । उनका निबन्ध विधामा **खोजखाज** (२०२६), **गवेषणा** (२०४६) दुई पुस्तक प्रकाशित छन् । नेपाली भाषामा कलम चलाउने शर्माले विभिन्न जातिहरूको धर्म, संस्कृति, भाषा, रहनसहन सम्बन्धी खोज अनुसन्धान गरी लेखहरू प्रकाशित गराएका छन् । अन्धविश्वासले गर्दा विसङ्गति सृजना हुने भएकाले यथार्थको खोजी हुनुपर्दछ भन्ने मान्यता राखेर आफू यस क्षेत्रमा लागेको बताउने शर्माको कलम निरन्तर चलिरहेको छ ।

### स्वयम्भूलाल श्रेष्ठ (१९८७)

स्वयम्भूलाल श्रेष्ठले समाजसेवी र राजनीतिज्ञ हुँदाहुँदै पनि नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको पाइन्छ । उनका **हामी नेपाली** (२०२८) **व्यक्तित्वको पुञ्ज** (२०२८), **ससलको खोजमा** (२०३१), **हाम्रो गरिमा** (२०३२) जस्ता पुस्तकहरू नेपाली भाषामा प्रकाशित भएका देखिन्छन् । उनका लेख निबन्धहरू मूलतः नेपालका

विभिन्न जाति, तथा उनीहरूको भाषा, संस्कृति, चालचलनसँग सम्बन्धित रहेका देखिन्छन् भने कतिपय रचनाहरू ऐतिहासिक र अन्वेषणात्मक रहेका पाइन्छन् ।

**गणेशबहादुर प्रसाई (१९८७)**

गणेशबहादुर प्रसाईलाई झापाका उत्कृष्ट निबन्धकार मान्न सकिन्छ । वि.सं. २०१३ देखिनै निबन्ध विधामा कलम चलाउन थालेको बताउने निबन्धकार प्रसाईंका प्रारम्भिक चरणका निबन्धहरू 'भारती', 'दार्जिलिङ्ग', 'दियालो', 'दाजिलिङ्', 'विद्यार्थी' (सिक्किम) आदि पत्रपत्रिकामा प्रकाशित देखिन्छ । बीचमा आफूलाई पुनः सक्रिय राखेको पाइन्छ । उनको **त्यो धनकुटा** (संस्मरणात्मक: २०४२ र **दीर्घ प्रतीक्षा** (२०४४) जस्ता निबन्धसङ्ग्रह प्रकाशित देखिन्छन् । निबन्धकार प्रसाईका निबन्धहरू निजात्मक शैली हुँदाहुँदै पनि नवीन प्रविधि एवम् प्रतिकात्मकताले गर्दा सार्वजनिक बन्न पुगेका देखिन्छन् । उनका निबन्धमा समसामयिक, राजनैतिक, सामाजिक विकृति तथा गिर्दो चारित्रिक अवस्थाप्रति तीखो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यिनका कतिपय निबन्ध स्वैरकल्पनाको प्रयोग गर्दै काल्पनिक संसारका काल्पनिक पात्रका माध्यमबाट आफ्नो युग, जाति र राष्ट्रको दर्दलाई केस्राकेस्रा पारी देखाएको पाइन्छ । निबन्धकार प्रसाईको निबन्धकारिताले नेपाली निबन्ध विधामा नवीन शैली र प्रविधिको विकास गरेको छ ।

**सी.के. प्रसाई (१९८८–२०५०)**

झापा जिल्लाका वरिष्ठ राजनैतिक चिन्तक तथा लेखक सी.के. प्रसाईका राजनैतिक लेख निबन्ध एवम् टिपोटहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित देखिन्छन् । उनका पुस्तक र कृतिको रूपमा **आजको सरल राजनीति** (२०३६), **व्यावहारिक राजनीतिको रूपरेखा** (२०३७) र **मन जे मान्यो सत्या** (२०४०) जस्ता मौलिक कृतिहरू प्रकाशित देखिन्छन् । मूलतः प्रजातान्त्रिक समाजवादका पक्षमा चिन्तन तथा व्याख्या विश्लेषण गर्न लेखक प्रसाईको लेखनशैली आकर्षक रहेको पाइन्छ ।

**चूडामणि रेग्मी (१९९३)**

झापाबाट राष्ट्रिय पहिचान प्राप्त गर्न सफल निबन्धकार चूडामणि रेग्मीका बसाई तथा रोजगारीका क्रममा २०२१ सालमा झापा आएदेखि नै उनले निबन्ध सिर्जनामा पाइला चालेको देखिन्छ भने यसै समयदेखि विभिन्न पत्रपत्रिकामा प्रकाशित विभिन्न निबन्धहरूलाई समेटेर **साधना** (२०३०) र **धूनमा घुन** (२०३५) गरी दुई निबन्धसङ्ग्रह प्रकाशित गराएका छन् । यात्रावृतान्त, संस्मरण तथा हाँस्यव्यङ्ग्य

निबन्धरचनालाई **घुमेका कुरा** (२०५६), **आखा र मनका पाइलाहरू** (२०६३), **बितेकाहरूको सम्झना** (२०६३), **गफडीका गफ** (२०६३) निबन्धसङ्ग्रहमा समेटेका छन् ।

यसरी रेग्मीका हालसम्म ८ वटा निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन्, भने विभिन्न पत्रपत्रिकामा अझै पनि थुप्रै निबन्धहरू छरिएर रहेका पाइन्छन् । पत्रपत्रिकाको सम्पादन एवम् प्रकाशन गर्ने क्रममा नियमित रूपमा केही न केही लेख्नुपर्ने भएकाले निबन्ध लेखनमा संलग्न रहनुपर्ने बाध्यताले पनि निबन्धसिर्जनामा रेग्मीले निकै श्रम खर्चेका देखिन्छन् । खास गरी 'युगज्ञात' साप्ताहिक, 'जुही' त्रैमासिक र 'यथार्थ कुरा' पाक्षिकको सम्पादन एवम् प्रकाशनका क्रममा उनले धेरै निबन्धहरूको सिर्जना गरेका छन् । निबन्धकारिताका अतिरिक्त आत्मसंस्मरण, यात्रा वृतान्त हास्यव्यङ्ग्य आदि पनि लेखेका छन् । झापाबाट अहिलेसम्ममा प्रकाशित निबन्धलाई हेर्दा आत्मपरक निबन्धतर्फ पहिलो निबन्धसङ्ग्रहमा चूडामणिकै साधना रहेको देखिन्छ ।

उनको निबन्धकारिताको बारेमा समालोचक राजेन्द्र सुवेदीले नेपाली निबन्ध साहित्यको इतिहासका देवकोटा, शङ्कर लामिछाने र कृष्णचन्द्रसिंह प्रधानले निर्माण गरेको मार्गका अनुयायी, आत्मपरक र वैचारिक दृष्टिले यथार्थोन्मुख निबन्धकार हुन् भनी मूल्याङ्कन गरेको देखिन्छ ।

### दक्षराज शर्मा

दक्षराज शर्माको जन्म वि.सं. १९९६ पं देवीप्रसाद दाहाल र जानुका देवीका सुपुत्रका रूपमा मारेक कटहरे-२ धनकुटामा भएको थियो । हाल दमक-१० झापाका स्थायी बासिन्दाका रूपमा रहनु भएका शर्माले 'भेदभाव किन' शीर्षकको कविताबाट २०१२ देखि साहित्यलेखन प्रारम्भ गर्नु भएको हो । उहाँको प्रथम फुटकर रचना चाहिँ पिण्डेश्वर क्याम्पस संस्कृत छात्रसंघ धरानबाट २०१६ मा 'नेपाल' अङ्क १ मा प्रकाशित 'मार्मिक दृश्य' शीर्षकको कविता हो । त्यसपछि फाट्टफुट्ट रूपमा उहाँका सृजनाहरू पत्रपत्रिकामा मात्र सीमित रहे र लामो साहित्यिक लेखनको फड्का कृति दिन सफल हुनु भयो । धरान पिण्डेश्वरका आफ्ना गुरु र अग्रजहरूलाई साहित्य लेखनको प्रेरणास्रोत मान्ने शर्मा साहित्यबारे आफ्नो धारणा यसरी व्यक्त गर्नुहुन्छ "साहित्य जीवनदर्शन हो जीवनका भोगाइहरू हो, यसमा यथार्थ र जीवनदर्शनको कलात्मक अभिव्यक्ति हुन्छ" । कविता, निबन्ध र समीक्षा लेखनमा क्रियाशील शर्मा, यी तीनवटै विधामा समान रूपमा कलम चलाउनुहुन्छ । गद्य र पद्यलाई सँगसँगै लिएर हिँड्ने शर्माले 'नेपाल', 'हिमाल', 'हिमज्योति', 'संगम'जस्ता पत्रिकाको समेत सम्पादन

गरिसक्नुभएको छ । दमक क्षेत्रका साहित्यक संघसंस्थामा रहेर सामान्य रूपमा क्रियाशीलता जनाउँदै आउनुभएका शर्माले स्थानीय स्तरका केही पुरस्कार प्राप्त गर्नुभएको देखिन्छ । 'मधुपर्क', 'उन्नयन', 'जुही' आदि पत्रपत्रिकामा शर्माका फुटकर रचनाहरू प्रकाशन भएका देखिन्छन् तर पनि राष्ट्रिय स्तरमा चर्चित हुनबाट बञ्चित साहित्यकार हुन । यसो हुनुको मूल कारण साहित्यिक सम्पर्कबाट टाढा रहनु नै हो, नत्र यतिको साहित्यिक क्षमता भएको व्यक्तित्व चर्चिनु नै पर्थ्यो । मैले शर्मालाई मान सम्मान पुरस्कारको पछि नदौडी स्वलेखनमा रमाउने साहित्यकार देखेको छु । उहाँले लेखन सुरु गरेको ४६ वर्षपछि **मेरो प्यारो वतन** शीर्षकमा २०५९ मा पहिलो कविता कृति प्रकाशन गर्नुभयो । यसपछि उहाँको लगत्तै २०६१ मा **जीवनीको आलोकमा केही स्रष्टा समीक्षण** शीर्षकमा परिचयात्मक समीक्षासङ्ग्रह प्रकाशित भएको देखिन्छ । समयसम्म फुटकर रूपमै भए पनि साहित्यक पहिचान बनाइसक्नु भएका शर्मा अब झापाली साहित्यमा कृतिकारको रूपमा पनि परिचित हुनुभएको छ । फुटकर रचना र कृतिगत अध्ययनपछि मैले शर्मालाई झापामा गन्नुपर्ने निबन्धकारको रूपमा देखेकी छु ।

## रोहिणीविलास लुइँटेल

वि.सं. २००२ असोज ४ गते पिता नरपति लुइँटेल र माता लक्ष्मीदेवी लुइँटेलका पुत्ररत्नका रूपमा सोल्मा-९, कालिमाटी, तेह्रथुममा जन्मनु भएका रोहिणीविलास लुइँटेल हाल शनिश्चरे-३, कालिस्थान (झापा) मा स्थायी बसोबास गर्नुहुन्छ । वि.सं. २०१८ सालमा वारणसीबाट प्रकाशित हुने नेपाली छात्र संघको वार्षिक मुखपत्र 'छात्रप्रभा' मा 'शारदा वन्दना' शीर्षकको कविता प्रकाशन गराएर नेपाली साहित्य संसारमा देखापर्नु हुने लुइँटेल साहित्यमा 'रो.वी. गाउँले', 'धर्मरत्न', 'रोल्माली जेठो' उपनामले समेत परिचित हुनुहुन्छ । कथा, कविता, व्यङ्ग्य निबन्ध, समीक्षा, एकाङ्कीजस्ता साहित्यक विधा उपविधामा कलम चलाउनुहुने लुईटेलको प्रमुख लेखनविधा व्यङ्ग्य निबन्ध मानिन्छ । **अपराजेय कटाक्ष** (व्यङ्ग्य निबन्ध) २०५८, कृतिका लेखक लुइँटेल झापाली साहित्यमा स्थापित साहित्यकारहरूमध्ये एक गनिनु हुन्छ ।

नेपाली समाजका विद्यमान सामाजिक-राजनैतिक क्रियाकलापप्रति असन्तुष्टि प्रकट गर्ने रोहिणीविलास लुइँटेलको **अपराजेय कटाक्ष** (भित्रका रचना निन्दनीय, कुकृत्य र विकृति औंल्याई आक्षेप तथा आलोचनामा सक्रिय छन् । रोहिणीविलास व्यङ्ग्य विधामा अभिरुचि राख्ने अथवा अविरल परिश्रम गर्ने लेखन हुनः उनका निबन्ध व्यङ्ग्य फुटको अभाव छैन । व्यङ्ग्यकार रोहिणीविलासको पुस्तक **अपराजेय कटाक्ष**ले आफ्नो

प्रथम रचना कटाक्षपातमा स्त्री-पुरुष दुवैलाई समयानुकूल सामाजिक जीवनमा समान हैसियत प्रदान गर्छ । कटाक्ष (व्यङ्ग्य) लाई प्राप्त प्रमुखता एवम् अपराजेय तत्व अथवा कटाक्षमाथि प्रकाश पार्नु यहाँ लेखकको मूल लक्ष्य देखिन्छ । अपराजेय भित्रका रचना व्यङ्ग्ययुक्त हुनुले पनि **अपराजेय कटाक्ष** यस सङ्गालाका निम्ति विःशंक एक सुहाउँदो र उपयुक्त शीर्षक सम्भव बन्यो । कटाक्षका बलमा आदिकालदेखि समय-परिस्थिति अनुसार नर-नारी दुवै उतिकै अस्तित्व कायम गरी विजयी हुनसक्ने तथ्यानुसार यस रचनामा स्त्रीजातिलाई पुरुषकै बराबरी मान-इज्जत उपलब्ध हुनु लेखनको उद्देश्य प्रस्टै छ । 'कटाक्ष'एक लाभदायिक सामाजिक तत्व हो, जसको उपयोग मानव इतिहासमा सचेत स्त्री-पुरुष मौका-मौकामा प्रयोग गर्दै आएका छन् भन्नेमा कुनै विवाद हुन सक्तैन ।

'राजनीति' शीर्षकमा बासी कुरो र साजी कुरोंको चर्चा छः बासी कुरोमा पञ्चायतकालीन तीन दशकसम्म नेपाली जनताले एक दलीय शासनमा भोगेका राजनैतिक जीवनसित वस्तिावक परिचय दिँदै पञ्चायती राजनीतिक नाममा आएको लाजनीति अथवा पञ्चनेताका लाजलाग्दा दुर्गुणले भरिएका राजनीतिसँग जानकारी गराएको छ । 'साजी कुरो'मा ०४६ साले जनआन्दोलनपश्चात् देशमा प्राप्त बहुदलीय व्यवस्थामा प्रजातन्त्र दुरूपयोग भएको संकेत छ ।

**अपराजेय कटाक्ष**मा अर्को निबन्ध 'उधारो' अन्तर्गत उधारैका नामले ल्याएका विकृतिलाई प्रकाश पार्न खोज्ने र स्वार्थपूर्ति गर्ने हास्यास्पद प्रवृत्तिको टीकाटिप्पणी पाठक अध्ययन गर्छन् । अपराजेय कटाक्ष २०८ पृ. ५६ व्यङ्ग्य निबन्ध प्राप्त सारसङ्ग्रहमात्र हो । सङ्कलनमा विभिन्न आकारका रचना छन् एक-पन्नादेखि छ सात पन्नासम्मका व्यङ्ग्य लेखनले भरिएको सङ्ग्रहमा अनगिन्ती लेखादि अध्ययनार्थ पाठकहरूले सुअवसर प्राप्त गर्नेछन् । २०४६ पछाडि कम्तीमा एक दशक राष्ट्रिय परिवेश पुस्तकको मूलधार हो । यी बेग्ला-बेग्लै साइज अथवा आकारका लेख रचनामा विषयवस्तु सामाजिक आधार पाइन्छन्, सामाजिक राजनैतिक परिप्रेक्ष्य लिएर आएका उक्त रचनामार्फत् राष्ट्रमा घटित विसङ्गति, विकृति, विदुपता आदिमा आक्षेप, टीकाटिप्पणी तथा आलोचना गर्न सक्दो प्रयास रहेको छ । **अपराजेय कटाक्ष** अध्ययनपश्चात् विमर्शकारका हैसियतले भन्नुपर्दा प्रस्तुत आलेखमा उल्लेख गरिएका बृहत्त्रयीको परम्परा कायम गर्न खोज्नेमात्र नभई व्यङ्ग्यवादी रोहिणीविलास व्यङ्ग्य क्षेत्रका एक सक्रिय लेखक पनि हुन् ।

**कमल जङ्गली**

कमल जङ्गलीको जन्म वि.सं. १९९८/११/७/२ पिता रामलाल आचार्य र माता बसुन्धरा आचार्यका सुपुत्रका रूपमा पासोक, पाँचथरमा भएको हो । हाल दमक, झापामा स्थायी बासिन्दाका रूपमा रहनु भएका जङ्गलीले 'मेरो देश' भन्ने शीर्षकको कविताबाट २०२५ देखि साहित्य लेखन प्रारम्भ गरेका हुन् । उनको प्रथम कविता रामलाल अधिकारीको सम्पादनमा प्रकाशित 'बाडुली' पत्रिकामा प्रकाशित 'मेरो देश' भन्ने कविता नै उनको प्रथम प्रकाशित रचना हो । त्यसपछि २०२७ सालमा भद्रपुरबाट प्रकाशित 'आह्वान' सामयिक सङ्कलनमा 'इतिहासका पानाहरू पल्टदै जान्छन्' नामक कविताले श्री ५ त्रिभुवनको भूमिका बारे उल्लेख गर्दै प्रजातन्त्रप्रतिको आफ्नो लक्ष्य आस्था र विश्वासलाई उद्घाटन गर्न जङ्गली कविता, निबन्ध र समीक्षा लेखनमा क्रियाशील रहेको पाइन्छ । उनले तीनवटै विधामा समान रूपमा कलम चलाएका छन् । उनको **मिसमासः खिच्रो र कुराउनी** (२०५६) निबन्ध सङ्ग्रह प्रकाशित भएको छ । यिनले कविका रूपमा प्रसिद्धि कमाएपनि निबन्धमा पनि कलम चलाएको देखिन्छ । उनको **मिसमासः खिच्रो** र **कुराउनीमा** विविध विधाको मिश्रण पाइन्छ ।

**कोमलप्रसाद पोखरेल**

वि.सं. १९९९ असार ३ गते पिता रामनाथ पोखरेल र माता मीनरूपा पोखरेलका पुत्ररत्नका रूपमा तोरीबारी, इलाममा जन्मी हाल, सुरुङ्ग-५ झापामा स्थायी रूपमा बसोबास गर्दै आएका कोमलाप्रसाद पोखरेल एक स्थापित हास्यव्यङ्ग्य निबन्धकारको रूपमा देखिन्छन् । औपचारिक रूपमा एम्.ए. (नेपाली) बी.एड. (अंग्रेजी) सम्मको अध्ययन समाप्त गरेका पोखरेलले हाल प्राध्यापन पेशा अपनाएको देखिन्छ । **हाउडी पुराण** नामक एक निबन्ध सङ्ग्रह प्रकाशित गरिसकेका पोखरेल कवि तथा कथाकारको रूपमा पनि देखिन्छन् ।

पोखरेलले साहित्यका विभिन्न विधामा कलम चलाए पनि उनको विशिष्टता निबन्ध विधामा देखिन्छ । समसामयिक विषयवस्तुलाई निबन्ध संरचनाको साँचोमा हालेर कलात्मक प्रस्तुति दिन सक्नुले पोरखेलका निबन्ध पठनीय बनेका छन् । उखान-टुक्का, मिथक, बिम्ब प्रतीकको समुचित प्रयोग गरिएको उहाँका निबन्धमा हास्यरसको प्रधानता पाइन्छ । वर्णनात्मक, विवरणात्मक, संवादात्मक शैलीका उहाँका यी निबन्धहरूले सामाजिक विकृति-विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । हास्य र व्यङ्ग्यलाई समान रूपले प्रयोग गर्न सक्ने खुबी निर्माण गर्नुभएका पोखरेलका यी निबन्धहरू सरल, सहज हुनुका साथै गुणात्मक पनि देखिएका छन् । सामाजिक

यथार्थवादी र परिष्कारवादी प्रवृत्ति लिएर साहित्यमा देखापर्नु हुने पोखरेल स्थापित भइसक्नु भएका झापाका चर्चित निबन्धकार मानिन्छन् ।

**मोहनराज शर्मा**

प्राध्यापन कार्यको सिलसिलामा झापामा बस्दा निबन्धकार मोहनराज शर्माले निबन्ध विद्यामा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । यिनका निबन्ध मूलतः हास्य व्यङ्ग्य किसिमका छन् । **इन्टरभ्यू स्पेसलिष्ट मि. झप्पु सिंह डवल एम्.ए.** (२०३८) र **पुछारको पातो** (२०४०) जस्ता निबन्ध सङ्ग्रह निबन्धकार शर्माका झापा बसाइका उपज हुन् । समाजका रुढीग्रस्त परीपाटी र घटेसी लागुञ्जेल व्यङ्ग्य बाण प्रहार गर्नु उनको निबन्धको विशेषता हो ।

**सोमराज अभय**

सोमराज अभय सफल झापाली निबन्धकार हुन् । यिनका **नौं निबन्ध** (२०४१) र **मदिरा मन्दको घोडादौड** (२०४६) गरी दुईवटा सङ्ग्रह प्रकाशित छन् । 'युगज्ञान', 'जुही', पत्रिकामा यिनका निबन्धहरू प्रकाशित भएका छन् । आत्मपरकतालाई नै निबन्धको प्राण ठान्ने अभयले प्रस्तुत निबन्ध सङ्ग्रहलाई आफ्नो अन्तमनको अव्यक्त छटपटीको प्रतिफल ठानेका छन् । देवकोटाले निबन्धकला र शैलीबाट प्रभावित देखिने निबन्धकार अभय वैचारिक रूपमा प्रगतिवादी देखिए पनि काल्पनिकता, प्रकृति प्रेम आदिमा स्वच्छन्दतावादी देखिन्छ ।

**राधिका राया**

वि.सं. १९८८ पोष १४ गते पिता नन्दलालसिंह रायमाझी र माता लक्ष्मी रायामाझीका सुपुत्रीका रूपमा अनारमुनी-६ झापामा जन्मिएकी राधिका रायाको बाल्यवस्था दार्जिलिङ्गमा बितेको हो । उनको हाल भद्रपुर झापामा स्थायी रूपमा बसोबास गर्दै आएकी राधिका रायाले औपचारिक रूपमा आई.ए. सम्मको अध्ययन समाप्त गरेको देखिन्छ । शिक्षक पेशाबाट अवकाश प्राप्त जीवन बिताइरहेकी राधिका रायाका विभिन्न फुटकर रचनाहरूका साथै विभिन्न आत्मकथाहरू सङ्ग्रहको रूपमा प्रकाशित देखिन्छ । उनको राधिका रायाका 'रचना' 'जुही' प्रकाशन पुस्तक माला ४० छयास्मिस सँगालो प्रकाशन भएको छ । यसमा राधिका रायाले खण्ड १ मा निबन्ध विद्यालाई समावेश गरेको पाइन्छ जसमा ७ वटा निबन्धका रचना समावेश हुन्छ । तिनीहरू निम्न शीर्षकका छन् । 'प्रभातको सम्झनामा', 'वसुन्धरालाई पत्र', 'तिम्रो सम्झना', 'भानुजयन्तीः' 'विविध प्रसङ्ग चितवन-यात्रा', 'इटहरी साहित्यक सद्भाव यात्रा' र 'दार्जिलिङको पुरानो साहित्यक गतिविधि' निबन्ध रहेका छन् । उहाँको साहित्यक योगदानलाई कदर गर्दै उनलाई मदन पुरस्कार स्वर्ण वर्ष सम्मान २०६२ द्वारा पनि सम्मान गरिएको छ ।

**कर्णकुमार श्रेष्ठ**

वि.सं. २००० असार १५ गते पिता थीरबहादुर श्रेष्ठ र माता धनलक्ष्मी श्रेष्ठका पुत्ररत्नका रूपमा गढीथुम्का, इलाममा भएको हो । हाल दमक-१५ झापामा स्थायी बसोबास गर्दै आएका 'एक्लै' एक परिचित साहित्यकारको रूपमा देखिन्छन् । शिक्षक पेशाबाट सेवा निवृत भैसकेका श्रेष्ठको **नाकको अप्रेसन** (२०५८) नामक एक निबन्ध सङ्ग्रह प्रकाशित भएको देखिन्छ। एक्लै २०२१ देखि साहित्य सिर्जनामा लागेका हुन् ।

**भरतबाबु प्रसाईं १९८९-२०५०**

भरतबाबु प्रसाई (१९८९-२०५०) नेपाली काङ्ग्रेसको राजनीतिमा सिङ्गो जीवन लगाएका र काङ्ग्रेसको विचारका चिन्तक मानिने प्रसाई सी.के. नामबाट चिनिन्छन् । केही निजात्मताका नमुना भएका लेखहरू २००७ देखि नै लेख्दै आएका प्रसाई २०१५ पछि सशस्त्र सङ्घर्षबाट सत्ता पल्टाउने अभियोग लागेर सर्वस्वसमेत हरिन पुग्छन् । नेपाली काङ्ग्रेसको केन्द्रीय व्यक्तित्व मानिने प्रसाई स्वास्थ्यका दृष्टिले बाथको बिरामी र राजनीतिका दृष्टिले वी.पी.का अनुयायी बनेका हुन् ।

विभिन्न पत्र-पत्रिकामा वैचारिक स्तम्भ लेख्ने प्रसाई काङ्ग्रेसको नीतिगत मान्यतालाई पाठकसामु ल्याउने विभिन्न पुस्तक पुस्तिकामा प्रजातान्त्रिक समाजवादका प्रवर्तक भएका छन् । उनको सैद्धान्तिक व्याख्या र आदर्शलाई आज पटाक्षेपतिर लाने विचार गरे पनि समाजवाद नेपाली काङ्ग्रेसको मौलिक मन्त्र बनेको छ । वस्तुपरक र विचारमूलक लेखनले प्रसाईलाई नितान्त सिद्धान्तनिष्ठ बनाएको छ ।

बनारसबाट प्रकाशित हुने 'आमा' पत्रिकामा पहिलो चोटि २०२१ सालमा **प्रेमको दुई रूप** शीर्षकको निबन्ध प्रकाशनप्रश्चात् उनका निकै फुटकर रचनाहरू पत्र-पत्रिकामा प्रकाशित देखिन्छन् तर उनी **नाकको अपरेशन** हास्यव्यङ्ग्य-सङ्ग्रह २०५८ पुस्तककार कृति प्रकाशन भएपछि झापाली साहित्यमा चर्चामा आएका हुन् ।

उनका निबन्धहरू कुनै खास विषयवस्तुमा भासिएर दिमागलाई भारी बन्न गएका छैनन् बरु हास्यव्यङ्ग्यपूर्ण ढंगबाट बौद्धिकतामा प्रहार गर्न सक्षम छन् । जीवनलाई धेरै नजिकबाट हेरिएका यी निबन्धहरूमा आत्मपरक शैली सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यहरूको संयोजन भएको पाइन्छ । एक्लै आफ्ना अनुभवहरूलाई निबन्धमा व्यक्त गर्दै तत्कालीन अवस्थाको यथार्थ जानकारी दिनु उनका निबन्धको प्रयोजन हो भन्न सकिन्छ ।

**तेराख**

वि.सं. २००१ वैशाख १ गते बुबा मधुसुदन खतिवडा र आमा पवित्रादेवी खतिवडाका सन्तानको रूपमा देवनछाप, शान्तिनगरमा जन्मनुभएका तेजराज खतिवडा हाल मेचीनगर ६, धुलाबारी झापामा स्थायी बसोबास हो । बनारस अध्ययनकालदेखि नै यहाँको साहित्यक गतिविधिबाट प्रभावग्रहण गरेर साहित्यलेखनमा लाग्नुहुने खतिवडा साहित्य क्षेत्रमा तेराख उपनामले परिचित पाइन्छ । कविता, नाटक, उपन्यास, कथा, निबन्धजस्ता विविध विधा उपविधामा कलम चलाएको पाइन्छ । उनका दुईवटा निबन्ध सङ्ग्रह छन्, **म आगो र पानीहरू** (निबन्ध सङ्ग्रह) २०५७, र **ढाडेको नाकमा घिउ** २०५९ कथामय निबन्धसग्रहका माध्यमबाट तेराखले नेपाली निबन्ध विधामा आफ्नो स्थापित अनुहारदेखाएको पाइन्छ । निबन्ध विधा भनेको उठाइएका विषयहरू धक फुकाएर खुल्ला परिवेशमा दौडन इच्छा राख्छन्, त्यो निबन्धको धर्मपनि हो भनेको पाइन्छ । **म आगो र पानीहरू** केही वर्षअघि तयार भए पनि प्रकाशमा आउन सकेको छैन । **ढाडेको नाकमा घिउ** लघु निबन्धसङ्ग्रहको दोस्रो निबन्ध सङ्ग्रहमा २० वटा निबन्धहरू रहेका छन् । उनका निबन्धमा प्रगतिवादी साहितियक लेखन पाइन्छ । आफ्नो जीवनको यथार्थलाई विषयवस्तु बनाएको देखिन्छ । यस सङ्ग्रहभित्र व्यक्ति, समूह, राष्ट्रलाई व्यङ्ग्यात्मक रूपमा प्रकृतिको माध्यमले व्यक्त गरेको पाइन्छ । छोटा, सरल, व्यङ्ग्यप्रधान भाषाशैली स्पष्ट सबैले बुझ्न सकिने भाषाशैली कथा र निबन्धको मिश्रण पाइन्छ । पढ्दा कथाजस्तो पनि लाग्ने निबन्धजस्तो पनि लाग्ने तर कथाकम निबन्धको मात्रा बढी मिश्रण देखिन्छ । यसैले यस निबन्ध सङ्ग्रहको नाम **मयविधा** राखिएको देखिन्छ ।

**राजेन्द्र सुवेदी (२००२)**

पाँचथर जिल्लामा जन्मेर दार्जिलिङ, बनारस र काठमाडौं चहारी अध्ययन गर्ने सुवेदी हाल त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा विभागीय प्रमुख छन् । २०२५ सालदेखि साहित्यक्षेत्रमा प्रवेश गरेका सुवेदीका रचनाहरू अध्ययन र अनुसन्धानका क्रममा लेखिएका समालोचना र निबन्धहरू पत्रपत्रिकामा प्रशस्त छरिएका छन् । सिर्जना र मूल्याङ्कनमा वस्तुवादी ढङ्गले रचनाको मूल्य तय गर्ने सुवेदी निबन्ध लेखनमा चेतनाप्रवाह पद्धति मन पराउँछन् ।

**विषय गहनः सतह चिन्तन** (२०३७) नामका समालोचनासङ्ग्रह प्रकाशमा आएपछि समीक्षणकालमा अझ गहिराइतिर लाग्ने र निबन्धमा भने **दारी युगज्ञान** (२०३२), **पूनर्जन्म अनुभूति** (२०३३), 'सडक बस पर्खन्छ', (**रूपरेखा**, २०५१), **अब मेरो**

**क्यासेट खुल्छ** (पच्चीस वर्षका निबन्ध (२०३९) 'चोक तथ्य सङ्कलन गर्छ' (रूपरेखा २८४), 'राष्ट्रिय तुलेगाँडा सम्मेलन', (मेची प्रवाह, २०४१), **अबमेरो क्यासेट बन्द** हुन्छ (रचना २०४२), **मेरो पुच्छर** (बन्दना २०४८), **मेरो यात्रा** (गरिमा, २०४९), **खाली सिसी पुराना कागत सङ्ग्रह** (२०४९), **निबन्ध, वर्तमान** (२०४८), जनसाहित्य, **मेरो यात्रा मेरो परिवेश** (२०५५), **अब मेरो क्यासेट बन्द हुन्छ** (२०५७), **गुडबाइ ! छोडिजानेहरूलाई** (२०६५) र **म हुँ औला नकाटिएको एकलव्य** (२०६५) जस्ता निबन्धले जीवनको वास्तविकता र वर्तमानको यथार्थतालाई प्रस्तुत गर्न पर्याप्त सहयोग पुऱ्याएको छ ।

सुवेदीका शिल्पमा चेतनप्रवाह र चिन्तनमा यथार्थताको पक्ष समेटेर वस्तुमा स्वैरकल्पनात्मक तत्वको समीकरण गरिएको हुन्छ । आज हाम्रो वास्तविकतामा आएका क्रमिकताले जीवनलाई ढुलमुल बनाउन खोजेकोमा सुवेदी निकै चिन्तित देखिन्छन् । यथार्थतामा आउन लागेका विसङ्गतिलाई तीव्र प्रहार गर्न पतनोन्मुखी चरित्र र समाजमा मैलाहरूलाई सचेततापूर्वक झापट दिनु उनका निबन्धको विशेषता हो । भाषा र शिल्पमा स्वैरकल्पनाको सचेत प्रयोग भएकाले सुवेदीका रचनाहरू सतहमा एउटा अर्थ र गहिराइमा अर्को अर्थ दिन सक्षम छन् । त्यसकारण उनका निबन्धलाई दुई तहका अलग अलग अर्थ केलाएर अध्ययन गर्नु उपयुक्त छ ।

विभिन्न पत्रपत्रिकामा छरिएर सङ्कलित हुन बाँकी रहेका निबन्धहरू आफ्ना ठाउँमा छर्दैछन् । सङ्कलित निबन्धसङ्ग्रहहरू **खालि सिसी पुराना कागज** (२०४६), **मेरो यात्रा : मेरो परिवेशभित्र** (२०५४), **अब मेरो क्यासेट बन्द** हुन्छ (२०५७) **गुडबाइ ! छोडिजानेलाई** (२०६५) र **म हुँ औला नकाटिएको एकलव्य** (२०६५) हुन् । उनका निबन्धभित्र व्यङ्ग्यको गम्भीरता र हास्यको सतही पुट प्रस्तुत भएको देखाएको छ भने यात्रानिबन्ध र वैचारिक निबन्ध दुवैलाई आत्मसात गर्दै यस विधामा लागेका सुवेदीका हरेक निबन्धहरूले समकालीन राजनीतिक विद्रूपता र सांस्कृतिक स्खलनयुक्त पात्र र परिवेशप्रति विद्रोह बोलेका छन् । उनका रचनाहरूमा स्मृति अनिवार्य तत्व बनेर व्यवहत भएकाले सबै संस्मरण बनेका छन् तर अन्तः सङ्गतिमा निजात्मकता छ त्यसकारण निबन्ध बनेका र दुवै मिली संस्मरणात्मक निबन्ध बनेका छन् । आफ्ना दाजु पुस्ताहरूको पदचिन्ह पहिल्याएर मात्र होइन त्यो पदलाई अरू फराकिलो र विचार सुसज्जित पार्ने काम गर्नुका साथै सुवेदीले निबन्धमा एउटा फरक शैलीगत प्रस्तुतिको उठान गरेका छन् ।

**गोपालकुमार बस्नेत**

वि.सं. २००२ आश्विन ९ गते पिता टंकबहादुर बस्नेत र माता पूर्णकुमारी बस्नेतका पुत्ररत्नका रूपमा इलामको साँखेजुङ्गमा जन्मनु भएका गोपालकुमार बस्नेत हाल चारपाने-१ विर्तामोडमा स्थायी बासिन्दाको रूपमा बसोबास गर्दै आएका छन् । इलामबाट प्रकाशित हुने 'सौगात' पत्रिकामा २०१९ सालमा 'मेरो राजा' शीर्षकको कथा प्रकाशन गरेर साहित्यिक जगतमा देखापरेका बस्नेतले, कथा, कविता र निबन्ध विधामा कलम चलाएका छन् । कथाबाटै लेखनको सुरुआत गरी ०२५-०२६ सालसम्म उनी कथाकारको रूपमा देखिएका छन् । उनको **आफ्नै सेरोफेरो भित्र** निबन्ध सङ्ग्रह (२०६१) प्रकाशनमा आएको हो । यो सङ्ग्रहले उनलाई झापाली निबन्धकारको रूपमा उभ्याएको छ । यस कृतिभित्र केही लामा र धेरै लघु आकारका निबन्धहरू छुट्टै शिल्प र शैली बोकेका छन् ।

उनका निबन्ध कोही, कसैसँग नमिल्ने लेखकको आफ्नोपन छ । यी सिर्जनामा, सरल/सूत्रात्मक भाषामा लेखिएका निबन्धमा सुरुवात जति मीठो छ, अन्त्य पनि त्यति नै मीठो छ । जति पढ्यो त्यति पढूँलाग्ने, पाठकलाई कुनै किसिमको पट्यार नलाग्ने, साच्चै यी निबन्ध निक्कै राम्रा लाग्छन् । बढी सरल वाक्यको प्रयोग, सजिला शब्दहरू ठाउँ-ठाउँमा मिथकीय प्रसङ्ग, सत्य र ऐतिहासिक कुरा, वाक्य गठन मिल्नु, प्रथम पुरुष शैलीमा कतै प्रत्यक्ष देखिएर, कतै नदेखिई घटनाको एक किसिमले वर्णन गर्नु यी विभिन्न कुराका समायोजनले उनका निबन्ध चाखलाग्दा र राम्रा भएका छन् । कँही कतै नअड्की सहज रूपमा प्रस्तुत भएका यी निबन्धहरू पढ्दा साँच्चै आनन्द आउँछ । यो कृतिमा लेखकले जे जति बुझेका थिए आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, राजनीतिक दस्तावेजलाई उनको क्षमताले भ्याएसम्म निडर निबन्धको रूपमा लिपिबद्ध गरेका छन् । यसभित्र मानववस्ती बसेदेखि आजसम्मको झापा अटाएको छ ।

**विजय खरेल**

वि.सं. २००३ साल चैतमा तेह्रथुम, साब्लामा जन्मिई हाल काँकडभिट्टा झापामा स्थायी रूपमा बसोबास गर्दै आएका विजय खरेलले औपचारिक रूपमा शास्त्रीसम्मको शिक्षा प्राप्त गरेको देखिन्छ । पेशागत रूपमा व्यापारी रहेका खरेलका फुटकर रूपमा विभिन्न लेख-रचनाका साथै **विजयका निबन्धहरू** (२०६४) निबन्धसङ्ग्रह प्रकाशित छ । यस निबन्ध सङ्ग्रहमा १८ वटा निबन्धहरू रहेका छन् । निबन्ध चिन्तनको एउटा मेहेरमा उभिएर इमान्दारीसँग आफूलाई व्यक्त गर्ने विधा हो भन्ने मान्यता राख्ने खरेलको निबन्धमा उनका संस्मरणात्मक, निजात्मक, विचारप्रधान नियात्रात्मक र

व्यङ्ग्यप्रधान भएको पाइन्छ । उनका निबन्ध निकै रोचक, घोचक, सोचक रहेका छन् । उनले आफ्ना विचार र भावलाई सुकोमल सुबोध, सरल, सहज र मनोहर ढङ्गले व्यक्त गरेका छन् ।

**नगेन्द्र शर्मा (१९८८)**

दार्जिलिङको खरसाङका ढुङ्गाना परिवारमा जन्मेका शर्मा नेपाली साहित्यमा नगेन्द्र शर्माका नामबाट चर्चित छन् । कलकत्ता विश्वविद्यालयबाट कला र कानुनमा स्नातक उपाधि प्राप्त गरेर नेपाल प्रवेश गरेका उनी दार्जिलिङ छदा सरकारी पत्रिका पश्चिम बङ्गाल समाचार साप्ताहिक सम्पादन गरेका कारणले उनमा लेखनप्रवृत्तिको विकास भएको हो । विद्यार्थी अवस्थादेखि नै लेखनक्षेत्रमा लागेका व्यक्तित्वका दृष्टिले शर्मा नेपाल प्रवेश गर्नु अगावै स्थापित अवस्थामा पुग्न सफल भइसकेका थिए । शाही नेपाल वायुसेवाका उच्च पदस्थ कर्मचारी, सूचना विभागको कर्मचारीसमेत भइसकेका व्यक्तित्व हुन् । उनलाई लेखनकै प्रभावले यी उच्च ओहदाहरू प्राप्त हुन सकेको मानिन्छ ।

२००७ सालपछि लेखनक्षेत्रमा प्रवेश गरेका शर्माका पन्ध्रवटा निजात्मक निबन्धहरूको सङ्ग्रह **नगेन्द्रका निबन्ध** (२०२६) प्रकाशित भएको छ । यसमा सङ्कलित निबन्धहरू हुन 'कसको चरित्र कसको भाग्य', 'एक गन्थन एक गुनासो', 'बुद्ध राधाकृष्णान र फुच्चा', 'बिनाजनैको बाहुन', मेरो रामायण एक ट्रेजडीको आउँछ मेरो जात रोज्न', 'कठै मेरो काठमाडौं', 'ती अज्ञात अबलालाई खुलापत्र', 'म र मेरो बिहे', 'देवकोटाले राखेको कोशेढुङ्गा' 'अ आ' व्याकरणका बुदासमेत यस सङ्ग्रहका निबन्ध हुन यसमा सङ्कलित निबन्धहरू बौद्धिक र व्यङ्ग्यात्मक दृष्टिले पर्याप्त सफल देखिएका छन् ।

प्रचलित संस्कार र मान्यतालाई वैज्ञानिक र वस्तुवादी परिष्कार गर्नुपर्ने र वास्तविक मूल्य र मान्यता स्थापना गर्नुपर्ने कुरा नगेन्द्रका निबन्धबाट प्रष्ट हुँदै आएको छ । यस महत्तालाई नेपाली निबन्धका सांस्कृतिक, भाषिक, आर्थिक, धर्म र रूढीका बीचका विवादास्पद धारणाहरू जाति र सांस्कृतिक तत्वका बीचका विषमताहरू, राष्ट्र र राष्ट्रिय धारणाहरू जाति र सांस्कृतिक र प्राचीन पद्धतिहरूका बीचका सीमामा पाइने सानातिना अर्घेलाहरू खुट्टयाउने र तिनको बढारकुडार गरेर फ्याँक्ने कामका निमित्त सारै सिपालु निबन्धकारका रूपमा देखिएका छन् । व्यक्तिगत जीवनमा उनले समटेको घटना र अनुभवहरू स्वादिलो पाराले र स्वकीय दृष्टिमा पचाएर प्रस्तुत गर्ने सीप प्राप्त गरेका छन् । कथ्यको विसङ्गतिलाई स्तरीकरण गरेर शिल्पका माध्यमले

विश्वजनीनता र सर्वकालीनता प्रदान गर्न सक्ने शर्माको विशिष्टता र सफलताको प्रत्यक्ष द्योतक हो । उनका निबन्धहरू **नगेन्द्रका निबन्ध** शीर्षकमा सङ्कलित छन् । यसमा शर्मा नगेन्द्रका निबन्धको निजात्मक मूल्यका तुलनामा वस्तुपरक एवम् प्रबन्धात्मक शिल्प र वस्तुका आधारमा अडेका रचनाहरू समावेश भएका छन् । यस तथ्यले शर्माको अनुसन्धानमूलक प्रवृत्तिको विकास हुँदै गएको कुरा प्रमाणित हुन्छ । उनका अन्य रचनाहरूमा **अनेक मृत्यु एकप्रश्न** (रूपरेखा २६५), **हाम्रो हिन्दुत्व** (परिवेश विशेषाङ्क) जस्ता निबन्धहरूमा शर्माको निबन्धात्मक तत्वको प्रौढता देखिन गएको छ । दिनप्रतिदिन विकसित अवस्थामा आलोचना गर्ने अवस्था शर्मामा समसामयिक लेखनकलामा अभिव्यञ्जित भएको छ ।

**अण्डादेखि भ्यागुतासम्म** यस सङ्ग्रहमा सत्रवटा निबन्ध समावेश छन् । विकासवाद सिद्धान्तको यस प्रयोगलाई आफ्नै पाराले र वस्तुवादी ढङ्गले प्रस्तुत गर्ने शर्माको निबन्धलेखनको मौलिकता यस सङ्ग्रहमा आएर सफल भएको छ । उनमा व्यङ्ग्य शिल्प र विकासवादी सिद्धान्तअनुसार लेखनको प्रवृत्ति विकास भएको देखिन्छ यिनै तथ्यहरूका आधारमा नगेन्द्र शर्मा निजात्मक निबन्धका सफल स्रष्टा हुन् भन्ने कुरा सिद्ध हुन गएको छ ।

### के.पी. ढकाल

वि.सं. २००४ साल माघ ९ गते बुबा गजलाल ढकाल र आमा महेश्वरदेवी ढकालका कान्छो छोराको रूपमा भोजपुर चरम्बीमा जन्मिई हाल झापा, दमकमा स्थायी रूपमा बसोबास गर्दै आएका के.पी. ढकालले औपचारिक रूपमा स्नातकसम्मको अध्ययन समाप्त गरेको देखिन्छ । निबन्ध आत्मपरक तथा यथार्थपरक हुनुपर्छ भन्ने मान्यता राख्ने ढकाल पेशागत रूपमा शिक्षक रहेका देखिन्छन् । उनले 'यथार्थ कुरा' पूर्णाङ्क ४७ (२०६२) मा विभिन विधाको मिश्रण प्रकाशन भएको पाइन्छ । जसमा तीनवटा निबन्ध प्रकाशन भएका छन् । **चमेरा, साङ्ला** र **वासी उडुसहरू** फुटकर निबन्ध रचना पनि ढकालले समेटेको पाइन्छ ।

उनका निबन्धमा सामाजिक यथार्थवाद र स्वच्छन्दवादी विचारलाई अवलम्बन गर्ने ढकालका केही निबन्धहरूले प्रगतिवादी विचार बोकेका छन् । हामीले देखेका भोगेका हाम्रै गाउँ घर, शहरतिरका घटनाहरूलाई बुनेर निबन्धरूपी मालामा उन्ने सफलता प्राप्त गरेका ढकालका निबन्धहरूमा गम्भीर भाव पाइन्छ । आत्मपरक शैलीमा लेखिएको उनका निबन्धमा सरल, मिश्र र संयुक्त तीनै किसिमको वाक्यहरूको संयोजन भएको पाइन्छ । कतिपय झर्रा नेपाली शब्दहरूका साथै टुक्काहरूको साथै

सामान्य किसिमको प्रयोग भएको पाइन्छ । उनका निबन्धमा बाल्यकालदेखि नै भोगेका रगत र आँशुका पीडाहरू गरिबीको चपेटाको मार, अभाव, हेला, होचो, धनीले गरीबप्रति गरेको अन्याय र अत्याचार आफ्नै जीवनमाथि आइपरेका अनेक किसिमका यातना, पीडा आदिलाई लेखकले निबन्धमा प्रस्तुत गरेको देखिन्छ । आफ्ना पितामा परेको कम्युनिष्ट विचारधाराको प्रभाव र त्यहीँबाट लेखक अन्याय अत्याचारको विरोधी बनेर प्रगतिवादी साहित्यतर्फ लम्किन थालेको देखिन्छ । यसरी लेखकले आफू प्रगतिशील लेखनतर्फ भुक्नुका कारणलाई निबन्धमा यथार्थ रूपमा प्रस्तुत गरेका छन् ।

**रुद्र खरेल २००४**

पाँचथरको च्याङथापुमा जन्मेर झापामा हुर्केका खरेल त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर उपाधि पाई नेपाल ल क्याम्पसमा प्राध्यापन सेवामा प्रवृत्त भएका व्यक्तित्व हुन् । नेपाली भाषामा पाठ्यपुस्तक तयार गर्ने खरेल कविता र निबन्ध लेखनमा अनि पुस्तकसम्पादनमा क्रियाशील व्यक्तित्व देखिन्छन् । समाजवादी चिन्तनपद्धतिमा विश्वास राख्ने र लेखनमा यथार्थवादी अभिव्यक्ति दिने खरेल २०२४ सालपछि झापाबाट प्रकाशित 'पञ्चामृत' पत्रिकामार्फत् पाठकसमक्ष देखा परेका हुन् ।

नेपाली समाजमा दिनप्रतिदिन बढ्दै गरेका विकृतिलाई, विखण्डित हुँदै गएका मानवीय आदर्शलाई र जीवन र परिवेशका विसङ्गतिलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने र तिनमा रहेका विकृतिलाई चोटिलो पाराले प्रहार गर्ने खरेल नेपाली निबन्धका समसामयिक यथार्थवादी प्रतिभा देखिन पुगेका छन् । २०४९ मा प्रकाशित **तपाईंको नाम के हो ?** नामक सङ्ग्रहले उपर्युक्त तथ्यलाई पाठकसामु स्थापित गरेको छ । प्रस्तुत सङ्ग्रहमा समसामयिक विकृतिलाई अनावरण गर्ने किसिमका सत्रवटा निबन्धहरू समावेश भएका छन् । यी निबन्धले पाठकलाई धीत मर्ने शैलीमा र व्यङ्ग्यात्मक शिल्पमा यथार्थताको स्वाद चखाएका छन् ।

मान्छेले आदर्शका आवरणले नाङ्गो यथार्थलाई छल्ने प्रयास गर्छ, तर आदर्श स्थितिको विषमता आउने बित्तिकै धुजाधुजा भएर फाट्छ अनि यथार्थ नाङ्गै देखिन्छ त्यस्तो वास्तविकताको विकराल भोगाइ आफन्तहरू, 'तपाईको नाम के हो ?' 'नेताको कोशगत अर्थ', 'घर', 'एउटा दुईवटा लिखा त जसको पनि हुन्छ' जस्ता निबन्धले उदाङ्गै देखाएको छ । यस किसिमका भावनालाई खरेलले कवितात्मक एवम् संवेदनात्मक प्रस्तुतिमा पाठकसामु विचार बनाएर प्रस्तुत गरेका छन् । व्यङ्ग्यको धारिलो हतियार उनका सबैजसो निबन्धमा प्रयोग भएको पाइन्छ । २०५३ सालमा

अर्को दोस्रो निबन्धसङ्ग्रह **तोरी लाहुरे चोकमा एकछिन** पनि प्रकाशित भएको छ । यस कृतिले पनि खरेलको उदाङ्गो व्यङ्ग्यचेतलाई नै प्रतिनिधित्व गरेको छ । नेपाली राजनीतिमा बहुदल आएपछि थपिएको विकृतिको कुरूप अनुहारमाथि बाघझापट दिने खरेल सामयिक सन्दर्भका सफल व्यङ्ग्यकारका रूपमा स्थापित भएका छन् । **बिर्सिस्यो कि ?** शीर्षकमा तेस्रो निबन्धसङ्ग्रह पनि प्रकाशनमा आएको छ । सानोतिनो विषय समातेर तीव्र व्यङ्ग्य प्रहार गर्न सक्नु खरेलको विशेषता हो ।

### गोविन्दराज भट्टराई

गोविन्दराज भट्टराई (२००६) मेची अञ्चलको ताप्लेजुङ जिल्लामा जन्मेका भट्टराई आफ्नो शिक्षाको शुरुवात दमक-१, झापा मेचीमा र हाल कीर्तिपुर न.पा. २ हो । उनले औपचारिक रूपमा एम्.ए. एम्.एड. पी.एच्.डी (भाषाविज्ञान अनुवाद) सम्म प्राप्त गरेको देखिन्छ । उनी शिक्षाशास्त्र केन्द्रीय विभाग, विश्वविद्यालय क्याम्पस त्रि.वि. कीर्तिपुरमा विभागीय प्रमुख छन् । उनका निबन्ध सङ्ग्रह क्रमशः **एक्लै एक्लै एक्लै** (२०६०), **विश्वविद्यालयमा अग्नि पूजा, सँगै बसौँ यो रात** (२०६४) र **गोधूलिका दश पाइला** हुन् । **एक्लै एक्लै एक्लै** निबन्ध सङ्ग्रहमा १२ वटा निबन्ध रचना सङ्कलित छन् भने सँगै बसौँ यो रात निबन्ध सङ्ग्रहमा १७ वटा रचना सङ्कलित छन् ।

तालिम र पेशाले गोविन्द भाषाशास्त्री र भाषाशास्त्रका प्राध्यापक हुन । रूचिले उनी एक आस्थावान् साहित्यप्रेमी र राम्रा निबन्धकार हुन्, अनुवादक र परिवारप्रति समर्पित पति र पिता पनि हुन् । उनको लेखन क्षमताको प्रमाण उनले धेरै पहिले आफ्ना सर्वाधिक रूपले प्रकाशित भएका लेखहरूमा दिइसकेका छन् । कुनै निबन्धमा गोविन्दले आफ्नो पोएटिक सेनसीबिलिटी, काव्यात्मक सम्वेदनाको, नियन्त्रणीय काल्पनिक उडान, शब्दगठन गर्ने कलाको मन्द परिहास र स्पष्ट जनजिब्रोमा चलिरहेको जीवन्त भाषाको एक दक्ष प्रयोगकर्ताको रूपमा आफ्नो परिचय दिइसकेका छन् । प्रत्येक निबन्धमा उनी बक्रोक्तिको तलासमा रहेका देखिन्छन् । ताप्लेजुङको बाल्यकालीन संस्मरण होस् कि, दार्जिलिङ, इलाम, आसाम हैदरवाद बनारस आदि स्थान र दृश्यावलीको चित्रण होस् गोविन्दले अति रोचक शैलीमा प्रस्तुत गरेका छन् । उनी पूरा दृश्य पोखेर बुद्धिको समुचित प्रयोग गरेर लेखिरहेका देखिन्छन् । अति प्रयुक्त, उपमा, रूपक, बिम्बलाई सकेसम्म त्यागन खोज्छन् नुतनताप्रति आफ्नो नैसर्गिक वासनाको कारण सपाट बयानबाट उनी आफैलाई बचाउने कोशिसमा पनि देखिन्छन् ।

**तुलसी भट्टराई**

वि.सं. २००६ पौष ३ गते ताप्लेजुङ ओसेमा जन्मनुभएका तुलसी भट्टराई स्थायी बसोबास दमक-१ झापा हो । हाल अस्थायी बसोबास शान्तिनगर काठमाडौं हो । उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । तापनि उनको निबन्ध विधा नै उत्कृष्ट पाइन्छ । उनको एउटा निबन्ध सङ्ग्रह **म किन लेख्छु** (२०५८) हो । यस निबन्ध सङ्ग्रहमा २२ वटा निबन्ध सङ्गृहीत छन् ।

उनका निबन्धमा आफ्नो जीवनको यथार्थलाई विषयवस्तु बनाएको देखिन्छ उनको पहिलो निबन्ध 'म किन लेख्छु'मा प्रस्तुत गरेका छन् । उनका निबन्धमा सामाजिक, सांस्कृतिक, आध्यात्मिक चिन्तन पाइन्छ । झिनो विषयवस्तुलाई गहन अध्ययन गरी निबन्धमा प्रस्तुत गरेको पाइन्छ । उनका निबन्ध अध्ययन गर्दा भाषाशैली सरल खालको पाइन्छ ।

**पुण्यप्रसाद खरेल**

वि.सं. २००७ साल चैत्र २५ गते थेचम्बु ३ ताप्लेजुङमा पिता छविलाल खरेल र माता भागीरथा खरेलका सन्तानका रूपमा जन्मेका पुण्यप्रसाद खरेल हाल काँकडभिट्टा झापामा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । उनले औपचारिक रूपमा बी.ए. सम्मको शिक्षा समाप्त गरेको देखिन्छ । काँकडभिट्टा मा.वि. मा शिक्षण पेशा अपनाइरहेका खरेल वामपन्थी विचारधाराबाट प्रभावित लेखकको रूपमा चिनिन्छन् । **घुमीफीरी रुम्जैटार** (२०५९) नामक एक निबन्ध सङ्ग्रह प्रकाशित गरिसकेका तथा बन्धनरहित उन्मुक्त विधा नै निबन्ध सङ्ग्रहमा १५ वटा निबन्धहरू रहेका छन् ।

यस सङ्ग्रहमा निबन्धहरूको मूल विषयवस्तु भनेको देश-दर्शन हो । देशदर्शन भनेको आफ्नो देशलाई राम्ररी चिन्नु, जान्नु, अनुभूत गर्नु हो । यसो गर्नु भनेको अलिकति भए पनि राष्ट्रियताको भावनालाई बढावा दिनु पनि हो र आफूलाई तिखार्नु पनि हो, वर्षैपिच्छे तीर्थयात्राका नाममा विदेशिने नेपाली मुद्रालाई जोगाउनु हो । अनि साहित्यमा यस्तो किसिमको यात्रासंस्मरण प्रस्तुत गर्नु भनेको एकातिर आफै देश दर्शन गर्न नसक्नेलाई झल्झली हुने गरी यात्रा विवरणको बिस्कुन लगाइदिएर अर्कोतिर नेपाली यात्रा साहित्यलाई समृद्ध बनाउनु हो । प्रगतिशील चेतना भएका सुस्पष्ट विचार राख्ने खरेल समाजभित्रका विकृति र विसङ्गतिप्रति चनाखो बनेर गरीब तथा निमुखा जनतामा बिथोलो मच्चाउने ठालुहरूविरुद्ध अत्यन्त आक्रामक, बनेर उभिने देखिन्छन् ।

निबन्धहरूमा प्रयोग गरिएको भाषा प्रायः सबै नेपाली पाठकहरूले बुझ्न सकिने खालको छ । सरल शैली र उपयुक्त वाक्य गठनका लेखकको भाषिक खुबी देखिन्छ । व्याकरणीय सिद्धान्तका वर्णविन्यासप्रति भने लेखक धेरै ठाउँमा चिप्लिएका देखिन्छन् । त्यसका उदाहरणका लागि यहाँ अलिकति उदाहरण दिएकी छु । जस्तैः महसुष, बाबु, स्वधिनता सुझाव, कीर्तिहरू परि, महाधिवेशन, पारम्पारिक, प्रतिक्षा आदि प्रतीकात्मक शब्दहरू प्रयोग गर्नु नेपाली उखान र टुक्काहरू राखेर विषयप्रसङ्गलाई जीवन्त बनाएका छन् । मेचीदेखि कालीसम्मका यात्रा धेरैले गरे हुनन् तर सबैले लेख्य वस्तु बनाएर पाठकसमक्ष ल्याएका छैनन्, त्यसैले यो निबन्ध सङ्ग्रह हाम्रो सामूहिक साझा सम्पत्तिको रूपमा देखिन्छ ।

यस सङ्ग्रहमा निबन्धको मूल विषयवस्तु भनेको देशदर्शन हो । देशदर्शनले आफ्नो देशलाई राम्ररी चिन्नु, जान्नु, अनुभूत गर्नु र राष्ट्रियताको भावनालाई बढावा दिनु पनि रहेको पाइन्छ ।

**लीला उदासी**

वि.सं. २००६ साल जेठ १२ गते बुबा शशीधर खनाल र आमा कृष्णा खनालको छोराको रूपमा फुएतापा-५, इलाममा जन्मनुभएका लीला उदासी खनाल हाल चारपाने-१ विर्तामोडमा स्थायी रूपमा बसोबास हो । औपचारिक रूपमा बी.एल्. सम्मको अध्ययन गरेको पाइन्छ । वि.सं. २०२१ मा नर्मल स्कुल इलामबाट गराएर साहित्य लेखन सुरुवात गरेको पाइन्छ । पेशागत रूपमा अधिवक्ता रहेका देखिन्छन् । उनका २०२५ यता प्रगतिवादी लेखन र गतिविधिमा कहिले सक्रिय र कहिले सुस्त गतिमा देखिदै आएको पाइन्छ । झापाली साहित्यको इतिहास खोज्दा झापामा प्रगतिवादी साहित्यको बीज रोप्नेहरूमध्ये उनको पनि प्रमुख व्यक्तिको रूपमा रहेको थाहा पाइन्छ । झापामा प्रगतिवादी साहित्यको प्रकाशन, प्रचार-प्रसार र लेखनमा उनी पनि महत्त्वपूर्ण योगदान देखिन्छ । प्रगतिवादी रूपको यथार्थ, सौन्दर्य र कलायुक्त लेखनमा वास्तविक जीवन देख्ने उदासीले कविता, निबन्ध र सामयिक लेखहरू सृजना गरेको देखिन्छ । पत्र-पत्रिकामा फुटकर रूपमा प्रकाशित निबन्ध र समसामयिक लेखहरूको साथै एक निबन्ध सङ्ग्रह **त्यो बालक कहिले जन्मन्छ** ? (२०६३) प्रकाशित छ । यस निबन्ध सङ्ग्रहमा २५ वटा निबन्धहरू रहेका छन् ।

यी निबन्धहरू व्यङ्ग्यप्रधान छन् तर व्यङ्ग्य प्रयोगका आधारमा वृक्षारेखामा हेर्दा यस्ता देखिन्छन् ।

त्यो बालक कहिले जन्मन्छ ?

↓

| १. व्यङ्ग्य शून्य निबन्ध | २. व्यङ्ग्यात्मक निबन्ध | ३. व्यङ्ग्ययुक्त निबन्ध |
|---|---|---|

यस निबन्धसङ्ग्रहका कतिपय निबन्धहरूमा निख्खरो साहित्य र चोखो भावना पनि खनिएको पाइन्छ, तर त्यस्ता निबन्धको सङ्ख्या त्यति बढी छैन । विषयवस्तु सामाजिक र राजनीतिक विसङ्गतिलाई वरण गरिएको हुँदा भावनाभन्दा पनि विचार र तर्कहरू खनिनु स्वभाविक पनि हो । यसैकारणले 'उदासी' मा रहेको चोखो भावनाले अभिव्यक्त हुने अवसर कम मात्रामा पाइन्छ । 'उदासी'का त्यस्ता निबन्धहरूले आत्मपरक शैलीका निबन्धकार हृदयचन्द्रसिंह प्रधानको शैली र देवकोटाको निबन्धहरूमा पाइने मधुरिमाको झलक देखाएको पाइन्छ । तिनमा अभिव्यक्तिको सहजता र स्वतस्फूर्तता सहज रूपमा आएको देखिन्छ । निबन्धहरू केही मात्रामा व्यङ्ग्यभाव रहेको पाइन्छ । तापनि तिनको मूल लक्ष्य व्यङ्ग्य प्रवाह गर्नु भने होइन । निबन्धहरूमै पनि प्रसङ्गवश सन्दर्भ पारेर वा कुनाकानीमा अवसर पाउनासाथ उदासी भित्रको व्यङ्ग्य निबन्धकार आफ्नो मूल धर्मबाट विमुख भने देखिदैन ।

उदासीका यी रचनाहरूमा देशको समसामयिक राजनीतिक विखण्ड, आर्थिक, सामाजिक विकृति र वैयक्तिक बेइमानीको भण्डाफोर गरिएको छ भन्ने कुरामा दुईमत हुन सक्तैन । कुरा के भने यी अधिकांश निबन्धहरू समाचार पत्रहरूका लागि लेखिएका हुँदा यिनको व्यङ्ग्य सार्वकालिक नहुन सक्छ । अल्पकालका लागि भए पनि यिनको व्यङ्ग्य तिखो, चोट पुऱ्याउने किसिमको र लक्ष्यबोधन गर्ने प्रकृतिको छ ।

**होम सुवेदी**

वि.सं. २००९ सालमा अमरपुर पाँचथरमा जन्मिई हाल भद्रपुर झापाका स्थायी बासिन्दाको रूपमा रहेका होम सुवेदीले औपचारिक रूपमा एम्.ए. सम्मको अध्ययन समाप्त गरेको देखिन्छ । पेशागत रूपमा मेची बहुमुखी क्याम्पसमा उपप्राध्यापक रहेका सुवेदीका **कालिपोके** (२०४३) नामक एक निबन्ध सङ्ग्रह पनि प्रकाशन भएको देखिन्छ । जीवन जगतका तीता-मीठा अनुभूतिहरूको गद्यमय प्रस्तुति नै निबन्ध हो भन्ने मान्यता राख्ने सुवेदीको कालीपोके निबन्धमा लेखकहरूको कमीलाई हेर्दा नयाँ निबन्धकारहरू थपिनु देखिन्छ । उनको लेखन पनि सहायक सिद्ध हुने आशा गर्न सकिन्छ ।

आफ्नो तीता-मीठा अनुभव र भोगाईलाई नै विषय बनाई लेखिएका उनका निबन्धहरू केही व्यङ्ग्य गर्छन्, केही तिक्तता पोख्छन्, केही आक्रोश उकेल्छन् । छोइएका वस्तुबाटै लेख्ने प्रेरणा मिल्ने हुँदा अस्वाभाविक ठहर्दैन । साथै निबन्ध होस् वा सिङ्गै साहित्य आफूबाट उठेर लेखिन्छ- लेखिनुपर्छ, अनिमात्र व्यक्ति र विराटता आउँछ । व्यक्तिगत स-साना क्लेश र प्रतिशोधहरूले छोडिदिंदा साहित्यको उदार र गरिमापूर्ण विराटतालाई साँघुऱ्याइदिन्छ । विशेष गरेर निजात्मक निबन्धमा यो सावधानीको अझ खाँचो रहेछ । यसप्रति लेखनको सतर्कताको अझ खाँचो पर्दोरहेछ । यसप्रति लेखनको सतर्कताले निजात्मकतालाई आत्मीय र सार्वजनीन सम्प्रेषण दिने गर्छ ।

निजी अनुभवको यस थुँगामा लेखक अघि लागेको स्पष्ट पाइनेछ । सुवेदी अत्याधिक झर्रा भाषाले विशुद्ध नेपाली वातावरण सिर्जना गर्छन् ।

**हेम अधिकारी (२०१२)**

वि.सं. २०१२ पौष १६ गते आमचोक ७, लुङसुङढाड, इलाममा पिता पुण्यप्रसाद र माता सवित्रादेवी अधिकारीका सन्तानका रूपमा जन्मनुभएका हेमनाथ अधिकारीले साहित्यक्षेत्रमा लागेपछि हेम अधिकारी साहित्यक नाम जुराउन पुग्नुभएको पाइन्छ । हाल दमक, १० झापाका स्थायी बासिन्दाको रूपमा देखिएका अधिकारीले औपचारिक रूपमा एम्.ए. सम्मको अध्ययन समाप्त गरेको देखिन्छ । पेशागत रूपमा शिक्षक रहेका अधिकारीका फुटकर रूपमा कविता, निबन्ध, समालोचनाहरू प्रकाशित भएका देखिन्छन् उनका दुईवटा निबन्ध प्रकाशोन्मुख सूचीमा छन् ती हुन् **आफ्नै अनुभूति आफ्नै पोखाइ र परिवेशका चित्रहरू** । उनका चार कृति प्रकाशोन्मुख सूचीमा छन् ।

उनका फुटकर निबन्धगत प्रवृत्तिलाई हेर्दा उनी आत्मपरक शैलीमा लेखिएका प्रगतिवादी निबन्धकारका रूपमा देखिन्छन् । उनको 'आफ्नो डम्फु' 'जुही', वर्ष २२ अङ्क १, पूर्णाङ्क ४९ मा प्रकाशित यस निबन्धको अध्ययन गर्दा उनको प्रगतिवादी चिन्तन पाइन्छन् ।

निबन्धको भाषा सरल हुनुको साथै सामान्य किसिमको शैलीको प्रयोग पाइन्छ । डम्फुको माध्यमले विकासको गतिले सम्पूर्ण राष्ट्रलाई प्रतिनिधित्व गरेको छ ।

**नरेन्द्रराज प्रसाई (२०१२)**

समसामयिक लेखनमा देखापरेका वस्तुपरक निबन्धकारहरूमध्ये प्रसाई पनि एक हुन् । प्रतिभाका परिचय र विशेषताहरू प्रस्तुत गर्ने क्रममा प्रसाईले नेपाली साहित्यका महारथीहरूको परिचयात्मक ग्रन्थ पनि तयार गरेका छन् । प्रशस्त कविता, गीत र

टिप्पणीसमेत लेख्ने प्रसाई नेपाली साहित्यका समसामयिक अवधिका खाइलाग्दा प्रतिभा हुन् । २०३० सालपछिका वर्षहरूमा लेखनमा प्रवृत्ति भएका प्रसाई हक्की, निडर र स्पष्टवक्ता देखिन्छन् । केही चर्चित अनुहारका लेखक प्रसाईले लेखकहरूका प्रवृत्ति र विशेषता सजिलै प्रस्तुत गरेका छन् ।

प्रसाईंका **मेरो प्यारो कञ्चनजङ्गा** (२०४८) र **मेरो मोती पुरस्कार** (२०४९) जस्ता दुईवटा निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् । जीवनमा सम्पर्कित हुन आएका अनेकतम क्षण, व्यक्ति र प्रसङ्गहरूलाई प्रसाईंले सूक्ष्मतम रूपमा स्थापित गर्न सकभर प्रयत्न गरेका छन् । **जनप्रियताको नाप** (२०५३) शीर्षकमा जम्मा चौधवटा हास्यव्यङ्ग्यमिश्रित निबन्धको सङ्ग्रह प्रकाशित भएका प्रसाई पनि उल्लेख्य बनेका छन् । भाषामा स्पष्टता र अभिव्यक्तिमा तीव्रता, प्रस्तुतीकरणमा उच्चता दृष्टिकोणमा व्यङ्ग्यात्मकता हुँदाहुँदै पनि कतैकतै प्रसाई उग्र नकारात्मक र प्रतिशोधात्मक धारणामा पोखिन पुग्छन् । **पारिजातको जीवनकथा** शीर्षकको ग्रन्थ पनि (२०५७) प्रकाशित भएको छ र यसमा पनि विचारको पोखाइ भने तीव्र छ । यस पोखाइमा प्रसाई अत्यन्त तिक्खर र निडर देखिएका छन् । यिनै विशेषताले प्रसाईलाई चर्चित तुल्याएको छ ।

**चन्द्रमणि प्रसाई (२०१३)**

मणिपुरमा जन्मेर प्रवासको जीवन बिताएका प्रसाई २०३० पछि नेपाल प्रवेश गरेका र लेखनमा पनि प्रवृत्ति भएका व्यक्ति हुन् । उनले नेपाली काव्य, कविता र निबन्धमा कलम चलाएका छन् । २०४७ मा पहिलो निबन्धसङ्ग्रह **चन्द्रमणिका निबन्धहरू** मा पैँतीसवटा निबन्ध समावेश भएका छन् । त्यस्तै **सूक्ष्म तरङ्ग** (२०४९) पनि सङ्ग्रहका रूपमा प्रकाशित भएको छ । नेपाली निबन्धसाहित्यका इतिहासमा वस्तुपरक चेतना र परात्मक मूल्यका छटाहरू प्रसाईका निबन्धगत विशेषता हुन् ।

समसामयिक निबन्ध लेखनमा गद्यको तीव्रता जति उठ्न सकेको छ त्यति उचाइ प्रसाइका निबन्धमा पाइन्न । समसामयिक विसङ्गतिको आक्रमणका सट्टा आदर्श र सौम्य मनीषीका स्वरहरू प्रसाईका निबन्धमा व्यक्त भएका छन् । आदर्श भएर पनि दुर्वासाको भीषण आवाज र विश्वचिन्तनको दूरदर्शिता अभिव्यक्त हुन सकेको छैन । यसै अभावले चन्द्रमणिका निबन्धहरू निकै लोसे भएको आभास दिन्छन् । सरल गद्य र सरल चिन्तन बोकेको प्रसाई वस्तुपरक निबन्धका इतिहासमा एउटा थप इँटा भने अवश्य हुन् ।

## चूडामणि वशिष्ठ (२०१४)

वि.सं. २०१४ साल कार्त्तिक १५ गते बाबु लक्ष्मीकान्त भट्टराई र आमा सावित्रादेवी भट्टराईका सन्तानको रूपमा शान्तिनगर-७ झापामा जन्मिई हाल झापाकै भद्रपुरमा स्थायी रूपमा बसोबास गर्दै आएका र मेची क्याम्पसको प्राध्यापकको रूपमा रहेका चूडामणि वशिष्ट कवि, कथाकार तथा हास्य-व्यङ्ग्यकारको रूपमा देखिन्छन् । अनुभूतिको छरितो र कलात्मक गद्यमय अभिव्यक्ति नै निबन्ध हो भन्ने मान्यता राख्ने वशिष्ठले औपचारिक रूपमा एम्.ए. सम्मको अध्ययन समाप्त गरेको देखिन्छ । २०३७ सालतिर 'विवेचना' साप्ताहिकमा दुईचार मनोरञ्जनात्मक गफाडी चुटकिलाहरू प्रकाशित गराए पनि हास्य-व्यङ्ग्य सिर्जनामै चाहिँ 'फक्टेल' (जुही २०३९) मार्फत् देखापरेका वशिष्ठको विशेषता 'तित्रा' छद्मनामले चिनिने गरेको पाइन्छ । उनले एकाध कविता, कथा आदि सिर्जना गरेका भए पनि तिनले समातेको मूल धर्म पनि हास्य-व्यङ्ग्य नै रहेको छ । उनको एउटा **कुरा यिनै हुन्, कसो पो गर्ने र** ! (२०६१) हास्यव्यङ्ग्य निबन्ध निबन्धहरूको सँगालो प्रकाशन भएको छ । यसमा निबन्ध सँगालोमा ३६ वटा हास्यव्यङ्ग्य निबन्धहरू रहेका छन् ।

यस सङ्ग्रहभित्र सङ्कलित दुई दर्जन जति रचनाहरू 'विवेचना' दैनिकमा 'कुरा यिनै हुन कसो पो गर्ने र !' स्तम्भ अन्तर्गत प्रकाशित भइसकेका हुन् भने बाँकी रचनाहरू 'जुही', 'यथार्थकुरा', 'प्रभात', 'नवरङ्ग' आदि साहित्यिक पत्रिका र सामयिक सङ्कलनहरूमा प्रकाशित छन् । यसरी एकपटक पाठकलाई आफ्नो ठट्यौंलो र छेडालु अनुहार देखाइसकेका यी रचनाहरू एकमुष्ट रूपमा सङ्कलित भई यस सङ्ग्रहको रूपमा पुनः देखापरेका देखिन्छन् ।

सङ्ग्रहभित्रका रचनाहरूको वस्तुसन्दर्भलाई कोट्याउँदा हास्य-व्यङ्ग्यकार चूडामणि वशिष्टको हास्यव्यङ्ग्यचेत समसामयिक युगजीवन राष्ट्रिय अन्तर्राष्ट्रिय र आफ्नै वरिपरीको परिवेश र परिस्थिति सृजना गरेका असङ्गतिहरूले नै उब्जाएको देखिन्छ । राष्ट्रिय राजनीतिमा देखिएका चरम असङ्गतिहरूका साथै राष्ट्रका अन्य आर्थिक, सामाजिक, शैक्षिक, साहित्यिक, नैतिक र मानवस्वभावजन्य अर्घेल्याइँहरू देखेर नै हास्य व्यङ्ग्यकार वशिष्ठको कलम यस फाँटतिर लम्किएको देखिन्छ । त्यसैले कतै हल्का र कतै निकै गतिलै हँसाइलो स्वादिलो मसलासँगै व्यङ्ग्यका मट्याङग्राहरू तिनै विषयहरूप्रति लक्षित रहेका देखिन्छन् ।

हास्यव्यङ्ग्यकार वशिष्ठको लेपनकला, समाजका दिद्वपता, कुरूपता र मूल्य मर्यादाहीनतातिर नै विशेष लक्षित छ । उनको व्यङ्ग्यचेत 'जीवन कस्तो हुनुपर्छ' को

बोधतिर भन्दा पनि जीवन कस्तो छ को चेतनमा नै बढी रुमल्लिएको यात्रामा अग्रसर रहेको देखिन्छ । असङ्गतिकै समर्थन गरेझैँ गरी प्याजोतिपूर्ण रूपले त्यसको निन्दा भ्रर्त्सना गर्ने आइरोनी शैली वशिष्ठको समृद्ध हास्यव्यङ्ग्य शैली देखिन्छ । कतिपय ठाउँमा हास्यव्यङ्ग्यकार आफू तटस्थ द्रष्टाका रूपमा प्रस्तुत भएको पाइन्छ । हँसाउनका लागि व्यङ्ग्य गर्नु भन्दा पनि वशिष्ठको व्यङ्ग्यले नै हसाउँछ । अर्थात् हास्य सृजना कम र व्यङ्ग्य सृजना गर्दा स्वतः हास्य प्रकट हुने पाराको शैली छ, वशिष्ठको यसर्थ उनको लेखनको साध्य व्यङ्ग्य सृजना हो भने त्यसको साधन हास्य हो ।

**मुनाकिरण कोइराला (डाँगी) (२०१५)**

वि.सं. २०१५ साल मङ्सिर २७ गते तेह्रथुम हवाकुवामा जन्मी हाल झापाको भद्रपुरमा बसोबास गर्दै आएकी मुनाकिरण कोइरालाले त्रि.वि. बाट कानुनमा स्नातक र अर्थशास्त्रमा स्नातकोत्तर शैक्षिक उपाधि प्राप्त गरेको देखिन्छ । मेची क्याम्पस भद्रपुरमा प्राध्यापन पेशामा संलग्न कोइरालाले निबन्धका सम्बन्धमा स्पष्ट दृष्टिकोण दिन सक्ने अनुभवमा आधारित गद्यात्मक लेखन नै निबन्ध हो भन्ने धारणा राखेको पाइन्छ । उनले यात्रा एवम् संस्मरणात्मक निबन्धका फाँटमा सफलतापूर्वक कलम चलाइएको छ; जसको प्रमाण **हाक्पारो** (२०६४) निबन्ध सङ्ग्रह हो । यसमा चौधवटा तीनदेखि एकतीस पृष्ठसम्मका नियात्रा तथा संस्मरणात्मक निबन्धहरू सङ्कलित छन् ।

झापाबाट इलाम, पाँचथर हुँदै तेह्रथुमको आठराईसम्मको पैदलयात्रा, झापाबाट काठमाडौंसम्म बसयात्रा, नेपालबाट फिलिपिन्ससम्मको हवाइजहाजयात्रा र लेखिकाको जीवनयात्रा नै यस पुस्तकका निबन्धको विषय हो । अथवा यहाँ उक्त यात्राक्रममा रचनाकारमा उपलब्ध भएका विचार, भावना र अनुभवहरूको निबन्धात्मक अभिव्यक्ति दिइएको छ । निबन्ध आत्मा प्रकाशन हो । उक्त निबन्धहरू पढिसक्दा लेखकको बाल्यकालदेखि प्रौढ अवस्थासम्मको स्वभाव र व्यक्तित्व झल्किएको छ अनि जीवनका उतारचढाव देखिएका छन् । अन्यायका विरुद्धमा बाल्यकालदेखि नै व्यक्तिगत र सामूहिक रूपमा लड्दैभिड्दै अघि बढ्ने लेखिकाको प्रगतिशील वैचारिकता, मानवतावादी चेतना र समानताको भावना रचनाहरूमा छर्लङ्गिएको छ । सरल सुबोध्य, मौलिक तथा प्रवाहमय भाषाको प्रयोग गरी यथार्थ जीवनजगतको निबन्धात्मक अभिव्यक्ति दिइएको छ । स्थानीय परिवेश, जनजिब्राको बोली, संवाद, शब्द निबन्धात्मक अभिव्यक्ति दिइएको छ । स्थानीय परिवेश, जनजीवनको सफल र सजीव चित्रण गरिएको छ । प्रभावकारी वर्णनले पाठकलाई सम्बन्धित स्थानको विवरण गराई

त्यहाँको वातावरणमा रम्न र जनजीवनमा घुलमिल भई दुःख सुखः अनुभव गराउन सफल छ ।

नेपाली साहित्यमा नारीको न्यूनता भइरहेको अवस्थामा कोइरालाजस्ता सशक्त बौद्धिक एवम् सचेत नारी साहित्यकारको उपस्थिति महत्त्वपूर्ण छ । यहाँ उपस्थिति मात्र होइन नारी समस्या, पीडा, मर्म र वेदनालाई गहिराइका साथ उठाउँदै सचेत भई आफ्नो हकअधिकार र कर्तव्यलाई बुझेर अघि बढ्ने प्रेरणा पनि दिइएको छ । कि पढेर कि परेर जानिन्छ भनेझैं यो कृति र यस्ता रचना पढ्दा विशेष गरी नारी वर्गलाई आफ्नो अस्तित्व वा जीवनबोध गरेर पाइला चाल्न हौसला मिल्ने कुरा निश्चित छ । यसरी आफ्ना अनुभव, भावना, विचार र चेतनालाई भाषिक कलाले सजाएर भावकसामु राखिदिएकी छन् ।

**रामचन्द्र उप्रेती (२०१६)**

रामचन्द्र उप्रेती वि.सं. २०१६ माघ १२ गते पिता स्व. त्रिलोचन उप्रेती माता जानुका देवी उप्रेतीका छोराका रूपमा निगुरादिन, ताप्लेजुङमा जन्मेका हुन् । उप्रेतीको स्थायी रूपमा बसोबास मेची नगर नगरपालिका १०, काँकडभिट्टा झापामा छ । उने औपचारिक रूपमा बी.ए. सम्म अध्ययन गरेको पाइन्छ । व्यापारको पेसाले जीवननिर्वाह गर्दै आएका निबन्धकार रामचन्द्र उप्रेतीको स्वध्ययन भने आपार छ । उनी झापाका एक उदयमान प्रखर साहित्यिक प्रतिभाका रूपमा देखापरेका छन् । उनको **मेरो काठमाडौं** (२०६३) निबन्ध सङ्ग्रह प्रकाशित भएको पाइन्छ । यसमा २७ वटा निबन्ध रचना सङ्कलित छन् ।

निबन्धकार उप्रेतीले आफ्ना निबन्धहरूमा राष्ट्रिय चिन्तनका साथ नेपाली साहित्यको केन्द्रबिन्दु नेपाली जनता नै हुनुपर्ने दृष्टिबाट भावसंवेदनामूलक अभिव्यक्तिदेखि लिएर तर्कमूलक वा बौद्धिक अभिव्यक्तिसम्मको क्षेत्रलाई गम्भीरताका साथ स्पर्श गरेका छन् । मानिसका हरेक प्रकारका चेतनाको प्रतिबिम्ब उनका निबन्धहरूमा परेको देखिन्छ तापनि उनी स्पष्टतः प्रगतिवादी स्तरका निबन्धकार हुन् । निबन्धमा लेखकलाई स्वतन्त्र अभिव्यक्तिको अवसर प्राप्त हुने भएकोले विषयगत उदारताको व्याप्ति छ र प्रस्तुतिमा वर्गीय पक्षधरता छ अनि उनका निबन्धकारिताभित्र अन्तर्राष्ट्रिय घटनावलीको क्षेत्रभने अव्यक्तिभित्र रहेको पाइन्छ । निबन्धकार उप्रेतीले अर्न्तहृदयबाट अदभुत सत्यलाईभन्दा बहिर्लोकको सत्यलाई कतै नलुकाई सर्लक्कै प्रस्तुत गरेका छन् र जीवन्तता दिएका छन् भन्नुपर्छ । निर्दिष्ट विषयमा केन्द्रित

उप्रेतीका निबन्धहरू प्रायशः लघु आकार-आयाममा नै संरचित छन् र रचनाविधानगत अनुशासनमा छन् भन्न सकिन्छ ।

भाषालाई सरल सहजताकै स्तरमा राखेर आफ्नै प्रकारको प्रवाहमय बागशैलीमा निर्मित निबन्धकार रामचन्द्र उप्रेतीको निबन्धकारिता उज्ववल संभावनाका साथ नेपाली साहित्यमा देखापरेको छ । वर्तमानकालका समस्याहरूलाई अझ व्यापक रूपमा तीक्ष्ण र प्रभावकारी शैली प्रयोगका साथ उनका लेखनीबाट निबन्धहरू निरन्तर प्रभावित भइरहेको देखिन्छ ।

**भवानी क्षेत्री (२०१७)**

वि.सं. २०१७ साल श्रावण २० मा आमा उमा कार्की र बुबा चन्द्रबहादुर कार्कीका सुपुत्रीका रूपमा भोजपुर टक्सार (खिकामाछा) मा जन्मिएकी भवानी क्षेत्रीले औपचारिक रूपमा प्रवेशिका उत्तीर्ण गरेको देखिन्छ । स्वतन्त्र व्यवसायको रूपमा व्यापारलाई अगाल्दै एवम् स्थायी रूपमा अनारमनी झापामा बसोबास गर्दै आएकी क्षेत्री कवयित्री, कथाकार र निबन्धकारको रूपमा परिचित छन् । समाजका घटनाबाट अभिप्रेरित विषयवस्तुको गद्यात्मक अभिव्यक्ति नै निबन्ध हो भन्ने धारणा राख्ने क्षेत्रीको निबन्ध फुटकर रूपमा प्रकाशनमा प्राप्त छन् । उनका दुईवटा निबन्ध सङ्ग्रह प्रकाशनको तयारीमा छन् । जसमध्ये फुटकर रूपमा प्रकाशित निबन्धको नाम निम्न देखिन्छन् । 'अनिदो रात र पुस्तकहरू', 'नारी विना गाली पनि गाली बन्दैन !' 'एकादेशका कथा', 'चलचित्र र छोरीहरू' प्राप्त छन् ।

उनका निबन्धमा नारीवादी साहित्यिक लेखन पाइन्छ । आफ्नो जीवनको यथार्थ र समाजमा पुरुषले महिलालाई गरेको परम्परागत रूढि प्रवृत्तिलाई व्यग्यात्मक रूपमा प्रस्तुत भएकी छन् । पुरुषले महिलालाई नारी भनेर सम्पूर्ण गल्ती थुपारेको व्यक्त गरेकी छन् । महिला पनि पुरुष सरह हुनुपर्छ भन्ने सामाजिक भावना व्यक्त गर्न सफल निबन्धकार आफ्ना जीवनका यथार्थ घटनालाई निबन्धको विषयवस्तु बनाएको पाइन्छ । आत्मपरक शैली उनका निबन्धको मुख्य प्रयोजन हो । महिलालाई अवला र कमजोर वर्गका रूपमा हेरिने दृष्टिकोणप्रति असन्तोष व्यक्त गर्दै लेखिकाले हाम्रो समाजमा रहेका कतिपय राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चर्चित नभएता पनि महिलाहरूले साहसिक कार्य गरेर देखाउन भन्ने दृष्टिकोण राखेको पाइन्छ ।

**कृष्ण धरावासी (२०१७)**

कृष्ण धरावासी २०१७ श्रावण २ गते पिता टीकाराम भट्टराई र माता अम्बिकादेवी भट्टराईका जेष्ठ सुपुत्रको रूपमा पाँचथरको अमरपुरमा जन्मिएका एउटा

अवोध बालक आफ्ना बा-आमासँगै पहाडको कष्टमय जीवनबाट मुक्ति पाउन आफू जन्मेको माटोलाई छोडेर झापामा बसाइँ सरेका हुन् । दहीझोडा, खुदुनाबारी हुँदै अन्तिममा शनिश्चरे बजारमा बसोबास गर्न पुगेका बालक कृष्णप्रसाद भट्टराईको बाल्यकाल दुःखमा बित्यो । धेरै समय बजारका सार्वजनिक टहराहरूमा रात बिताएका यिनको परिवार पछि केही व्यवस्थित त भयो, तर पछिसम्म नै आर्थिक दृष्टिले पूर्ण मुक्ति चाहिँ पाएन यो परिवारले ।

उनीहरूको आफ्नो जग्गा-जमीन नभएकोले दुःखको जीवन थियो । त्यहाँ बालक भट्टराईले आर्थिक सङ्कटका कारण कैयौं छाक भोकै बस्नुपरेको थियो । हिउँदको जाडोमा लुगाको अभावले कुकुरसँग गुजुल्टिएर न्यानो महसुस गर्दै सुत्नुपरेको थियो । यस्तो कष्ट धान्दै-धान्दै उनी शनिश्चरे मा.वि. मा पढ्न थाले, त्यहाँ अध्ययन गर्ने क्रममा विद्यालयका गुरुहरू शिवप्रसाद दहाल, सरोज ओली आदिको प्रेरणाले साहित्यलेखनतिर पनि अग्रसर भएर सहपाठी सञ्जीव उप्रेतीको सङ्गतले उनी शङ्कर डाक्टरको माया मोहपाउन थाले र पढ्न लेखनका लागि केही खर्च उनलाई शङ्कर डाक्टरले जुटाइदिएको देखिन्छ । एस.एल.सी. गरेपछि केही वर्ष उनले शनिश्चरे स्कुलमा पियन रहेको पदमा रही अस्थायी शिक्षकका रूपमा पढाएको पाइन्छ । यसैबेला उनको अनिरुद्ध तिम्सिनासँग भेट भएको पाइन्छ । तिम्सिनाकै सहयोगले कृषि विकास बैंकमा जागिरे बनेका उनको अब आर्थिक हैसियत क्रमशः प्रवल बढ्दै गएको छ ।

हाल उनी कृषि विकास बैंक काठमाडौंमा अधिकृत छन् । उनी साहित्यमा निक्कै क्रियाशील भएर हिड्न थालेकाले कृष्णप्रसाद भट्टराईबाट कृष्ण धरावासी बने । त्यो भनाइ धरावासीको **आधा बाटो** उपन्यासमा पाइन्छ । महत्त्वाकांक्षी मान्छेले मात्र जीवनमा प्रगति गर्न सक्छ भन्ने उनको विचार पाइन्छ । अरूभन्दा केही बेग्लै भएर मात्र चर्चामा आउन सकिन्छ भन्ने कुरा बुझेका धरावासी ४० सालपछि भवानी घिमिरेले नेतृत्व गरेर भोक कविता आन्दोलनमा सहभागी भएर र आफ्नो सक्रियता देखाउन थालेका देखिन्छ । २०५० सालपछि उनी लीलालेखन प्रविधिमा रहेर साहित्य सिर्जना गर्न थालेका छन् । यसपछि उनको साहित्यिक यात्रा उन्मुख रह्यो । **बालक हराएको सूचना** निबन्धसङ्ग्रह (२०४८) बाट कृतिकारका रूपमा देखिनु भएका धरावासीका **नारीभित्र त्यस्तो के छ हजुर** (२०५०) र **उत्तमजंग सिजापतीको आलु** ( २०५६) निबन्ध सङ्ग्रह **तेथा** (२०६२) को मदनपुरस्कार **राधा** उपन्यासले प्राप्त गर्न सफल भएर राष्ट्रिय स्तरमा परिचित भएको देखिन्छ ।

उनका **बालक हराएको सूचना** निबन्ध सङ्ग्रहमा १२ वटा निबन्ध सङ्कलित छन् । यसैगरी **नारीभित्र त्यस्तो के छ हजुर ?** निबन्ध सङ्ग्रहमा १४ वटा निबन्ध पाइन्छन् र **उत्तमजंग सिजापतीको आलु** निबन्ध सङ्ग्रहमा १६ वटा निबन्ध रचना सङ्कलित छन् । यी सङ्ग्रहमा परेका निबन्ध छोटा छन् । निबन्धका शीर्षक आकर्षक छन् र सरल प्रारम्भ एवम्म अन्त्ययुक्त मात्र होइन त्यसका प्राप्त आकाश, पृथ्वी र पातल लेखनमा भावनाका चाकाचुली साह्रै नै आकर्षक हुनुपरेका छन् । आजको युगको सुस्पष्ट व्यक्तित्व निबन्धको शीर्षक, आकार र प्रस्तुतिकलामा मलाई लाग्छ, आफै उत्रिएको छ । आजको वैज्ञानिक विश्वले उत्पन्न गराएका प्रत्येक व्यक्तिका विफल आवश्यकताले गर्दा फुर्सतको लागि कसैलाई अवकाश छैन भन्ने कुरा आकासले सम्झाउँछ । मानवतावादी आदर्शसँग मोहभङ्ग भएको मानवताको अनाकर्षक व्यक्तित्वलाई शीर्षकले सम्झाएको देखिन्छ । अनि सानातिना अर्थहीन लाग्ने इन्द्रीयजन्य अनुभूति नै अन्तरका गाडे-घाउ पालेर घसेका प्रत्येक व्यक्तिलाई पक्रेर अकास्सिन, गहिरिन अनि आफूबाट निस्किएर त्यही पीडापूर्ण अवस्थितिलाई सुम्सुम्याउँदै आनन्दानुभूतिको थोपाथोपा सङ्ग्रह गर्न पर्याप्त छ भन्ने कुरा प्रस्तुतिले स्थापित गर्छ । आजको युगको जटिलताभित्रको नग्नता, विभत्सता र जिजीविषाको त्यस्तो ज्यूँदो रहरलाई प्रत्येक निबन्धमा खडा गरेर अनि झापा जिल्लाको शनिश्वरे फेटको पृष्ठभूमि दिएर लेखिएको प्रस्तुत व्याख्या अनावश्यक ठहरिन्छ । निबन्धकारले कलामा ढाल्दा व्यवधानरहित प्रस्तुतिद्वारा विशुद्ध कल्पनाको सृष्टि हो भन्ने आधार दिएर खडा गरिदिएका छन् र कहीँ पनि व्यङ्यार्थ बाधित भएको फेला परेको देखिँदैन ।

यसरी धरावासीको कलाकार लाग्छ, धन्य भयो खुट्टामा भर गरेर हिँडेको, त्यति उडेको देखिनुलाई चमत्कार नभनेर के भने ? निबन्धमा चमत्कार सर्वत्र विद्यमान छ नै निबन्ध सङ्ग्रह पढ्दा बिझाउने केही छन् र त्यसको चर्चा गर्नु पनि प्रासङ्गिक लाग्छ पहिलो कुरा निबन्धकार लेखनमा यत्रतत्र आफू गाभिएको अनुभव गराउँछन् र लेखनको तटस्थता कहीँ कहीँ बाधित हुन पुगेको अनुभव पाइन्छ । लेखनले व्यङ्ग्यार्थमा जे भन्छ, त्यही कुरा आफ्ना ठाउँमा देखिन्छ ।

**कृष्ण बराल**

निबन्धकार कृष्ण बराल पनि प्रकाशमा आएका छन् । उनी झापामा स्थायी बसोबास गर्दै आएका छन् । उनको एउटा **तीन पिंडी एउटा सिंडी** (२०५७) प्रकाशन भएको छ । उनका यस निबन्धमा १३ वटा निबन्धहरू सङ्कलित छन् ।

प्रस्तुत निबन्ध सङ्ग्रह **तीन पिंडी एउटा सिंढी** मा संलग्न सबै निबन्धहरूले एक खास प्रकारको आख्यानात्मक लेखनशैली प्राप्त गरेका छन् । निबन्धकार कृष्ण बरालका फुटकर निबन्धहरूको पहिलो सङ्कलन भए पनि यसमा सङ्कलित कतिपय निबन्धहरू विभिन्न पत्रिकाहरूमा पूर्व प्रकाशित रचनाहरू पनि हुन् । नवोदित निबन्धकार बरालका यी निबन्धहरूले एक नयाँ निबन्धकारलाई भाषा, शैली अभिव्यक्ति र गम्भीरतायुक्त चिन्तकका रूपमा प्रकाशन गरेका छन् ।

निबन्धहरू कुनै खास विषयवस्तुमा भासिएर दिमागलाई भारी बन्न गएका छैनन्, बरु मनोरञ्जनात्मकतापूर्वक, हास्यपूर्ण ढंगबाट बौद्धिकतामा प्रहार गर्न सक्षम छन् । जीवनलाई धेरै नजिकबाट हेरिएका यी निबन्धहरूमा एउटै परिवारभित्र विभिन्न पुस्ताहरूका बीच खडाभएको मनोवैज्ञानिक समस्या, समाजमा भइरहेका परिवर्तनहरूको स्वरूप र गति, भोगिरहेको वर्तमान पुस्ताको संक्रमणकालीन जीवनचर्या, यथार्थ र कल्पनाका बीच टाँगिएको जीवनको तस्वीर यी निबन्धहरूमा अत्यन्तै सुन्दर ढङ्गले खिचिएको छ । सरल भाषा, सहज अभिव्यक्ति अकृत्रिम आख्यान, कथ्य भाषाको प्रयोग, आञ्चलिक लेखन र पात्रहरू आफ्नै वरिपरिका विषयवस्तु आदि कुराले निबन्धहरू पाठकका व्यक्तिगत सम्पत्ति बन्न पुगेका देखिन्छन् । शनिश्चरे, विर्तामोड, काँकडभिट्टा, भद्रपुर सुरुङ्गा इलाम आदि मेची अञ्चलका विभिन्न ठाउँहरूमा घुमेको आख्यानात्मकताभित्र व्यक्त भएका विचार र चिन्तनहरू सम्पूर्ण नेपालीहरूको वर्तमान जीवनपद्धतिमा देखापरेका समस्याहरू भोगिरहनु परेका परिस्थितिहरू र बाँच्ने दृष्टिकोणलाई स्पष्टरूपमा व्यक्त गरिएका छन् । निबन्धकार बरालमा वैचारिक स्पष्टता र अभिव्यक्तिमा चुडान्तता छ । कुनै कुरा भन्नका लागि शब्दभाव, अलमल, दीर्घ भूमिका र पातलो व्याख्यान छैन । भन्न चाहेको कुरा चाँडै झट्टै नै प्वाक्कै भन्न सकेको भेटिन्छ ।

नेपाली जीवनको वर्तमान पुस्ता, राजनैतिक अवस्था, दुर्व्यसन आदि लेखकलाई झस्काउने विषय भएका छन् । आधुनिक विज्ञानले प्रदान गरिरहेका चमत्कारहरूलाई हेर्न उनको रमाइलो दृष्टिकोणले पाठकलाई कतै अलमलिन वा उम्कन नदिएर च्याप्प समातेर राख्दछन् । 'ढुरक, बुढो, कमर्व्यवधिकारस्ते, माइलाबा, अचम्म लाग्न छोड्यो, ठेस उछिट्टिएर आयो' आदि एक भन्दा बढी यस पुस्तकमा संकलित निबन्धहरू नेपाली साहित्यका ढिकुटीमा महत्त्वपूर्ण सम्पत्तिका रूपमा थपिन आएका छन् ।

**भीष्म उप्रेती (२०२४)**

२०२४ माघ १३ गते पिता भक्ति उप्रेतीका छोराका रूपमा शनिश्चरे-३ झापामा जन्मिएका भीष्म उप्रेती हाल काठमाडौं बानेश्वरमा अस्थायी बसोबास छ । एम्.एस्सी., एम्.ए. (अर्थशास्त्र, नेपाली) सम्मको औपचारिक शिक्षा प्राप्त गरेका उप्रेती हाल नेपाल राष्ट्र बैंकमा अधिकृत छन् । विद्यार्थी जीवनदेखि नै साहित्यक लेखनमा लागेर उप्रेती नेपाली साहित्यमा कविता, नियात्रा, निबन्ध जस्ता विधामा कलम चलाएका छन् । उनको पहिलो निबन्ध **मेरो महत्त्वाकाङ्क्षा विनाशको प्रतीक** (२०३७) हो 'म निबन्धमा आफैसँग कुरा गर्छु' आफूलाई छाम्छु, खोतल्छु र पत्रपत्रमा केलाउँछु । जे भेट्टाउँछु; त्यसलाई अरूहरूका सामुने राखिदिन्छु, ताकि उनीहरू पनि त्यसमा सामीप्य भेटन् र रमाउन् । विचार र अनुभूतिका हुण्डरीहरू मनभित्र हुँडलिन थालेपछि कवितामा व्यक्तिन सकेनन् भने निबन्ध लेख्छु भन्ने निबन्ध- लेखन सम्बन्धी आफ्नो मान्यता अभिव्यक्त गर्ने भीष्म उप्रेतीको निबन्ध यात्रा २०४६ देखि प्रारम्भ हुन थाल्छ । शुरुमा नियात्रा लेखनतर्फ उनको विशेष अनुराग देखिन्छ । 'यात्राका केही थुङगाफूल' शीर्षकको नियात्रा प्रकाशन पश्चात् उनको एक **तेहरान डायरीको एक साता** (२०६३) नियात्रा निबन्ध प्रकाशित छ । यसैगरी **संवेदनाका स्वरहरू** (२०५४) संयुक्त निबन्ध सङ्कलनमा चारवटा निबन्ध सङ्कलित छन् । उनका चारवटा निबन्धहरू क्रमशः १ पहाड, २, काठमाडौंलाई संबोधन, ३ समयनदी र म तथा ४. मर्नु र बाँच्नुको दोसाँधमा रहेका छन् । यसैगरी **हिंडदै गर्दा** (२०६१) साझा प्रकाशन निबन्ध सङ्ग्रह प्रकाशित कृति पाइन्छ । उनका यस निबन्धमा १७ वटा निबन्ध सङ्कलित छन् ।

उनका आफ्नै दृष्टिकोण अगि सार्दा पनि निबन्धगत वैशिष्ट्य केलाउन सजिलो पर्ने देखिन्छ । मिठासपूर्ण सहज शैलीमा निबन्ध रचना गर्नु उनको सशक्त पक्ष हो । रागात्मकता वा काव्यात्मकताले उनका निबन्धहरू परिपूर्ण हुन्छन् । आत्मपरक शैलीलाई अंगीकार गरी स्वच्छन्दतावादी चेतको अभिव्यञ्जना गर्नु उनको विशेषता हो । चिन्तनशीलता र व्यङ्ग्यात्मकताले सजिएका निबन्ध रचनाहरूमा अनुभूतिको तीव्रता एवम् प्रतीकात्मकताको व्यक्ति देखापर्दछ ।

# चौथौ परिच्छेद

# झापा जिल्लाका प्रतिनिधि निबन्धकारहरूको विश्लेषण

## ४.१ चूडामणि रेग्मी (१९९२) को निबन्धसङ्ग्रहहरूको अध्ययन

चूडामणि रेग्मीको निबन्ध साधना २०२२ सालको 'कस्तो अर्ती खानु ?' भन्ने शीर्षकको निबन्धबाट उदाएको पाइन्छ । सुरुमा पत्रपत्रिकामा छरिएका उनका निबन्धहरू पछि सङ्गृहीत रूपमा प्रकाशन भएको पाइन्छ । चूडामणि रेग्मीको **साधना** निबन्धसङ्ग्रह (२०३०), निबन्धको प्रथम कोपिलाको रूपमा फक्रेको पाइन्छ । त्यसपछि **धूनमा धुन** (२०३५), **घुमेका कुरा** (२०५६), **गफडीका गफ** (२०६३ भदौं), **आँखा र मनका पाइलाहरू** (२०६३ पुष), **बितेकाहरूको सम्झना** (२०६३ चैत) **एउटा छाता दिनुहोला है** (२०६४), **मन भित्र र बाहिर** (२०६४ चैत) हुन् । यसरी चूडामणि रेग्मीका २०३० सालदेखि २०६४ सालसम्मका प्रकाशित आठ ओटा निबन्धसङ्ग्रहहरूको विश्लेषण तल गरिन्छ ।

### ४.१.१ 'साधना' निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार चूडामणि रेग्मीको पहिलो निबन्धसङ्ग्रह **साधना** (२०३०) हो । यस निबन्धसङ्ग्रहमा बाइसओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू ''दसैं आयो, 'जोइटिङ्ग्रे (नं.१)', 'कागजी घोडाबाट मुक्ति चाहियो !', 'हाम्रा यहाँका प्रश्नहरू', 'चिन्ता', 'एउटा अन्योल', 'काँढाग्रस्त फूलहरू', 'इतिहास दोहोरिदैन भन्छन्', 'नारीहरूका आँसुले', 'डाँडा काँडा भिजेका छन्', 'गुन्द्रुक र हामी', 'मुसाको दुलो', 'अपहरण', 'धुला र शीतका गीत', 'भूत घर', 'झिँगो र मह', 'बानी', 'स्वाँगे नेता', 'तर्साउने त्र', 'जुन कुरा बिरसिइन्न', 'सस्तोमा सस्तो', 'घोरिने बेला' र 'आफ्नो साथी आफू' हुन् ।

यस निबन्धसङ्ग्रहका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यी निबन्धहरू सामाजिक, पौराणिक, आध्यात्मिक, पारिवारिक र यथार्थ घटना आदि विषयवस्तुमा आधारित छन् । उनका निबन्धमा सांस्कृतिक विषयवस्तु पनि प्रयोग भएको छ । यिनका सामाजिक विषयवस्तुमा आधारित निबन्धहरूमा नेपाली समाजको सामाजिक व्यवस्था, रीतिथिति, संस्कार आदिको चर्चा पाइन्छ । मानिसले आफ्ना जीवनमा झेल्नुपर्ने पेशागत समस्याहरूका बारेमा यिनका निबन्धमा चर्चा छ । केही निबन्धहरूमा शैक्षिक सन्दर्भलाई विषयवस्तु बनाई नेपाली शिक्षाप्रणालीको चर्चा

गरिएको छ । मानिस सामाजिक प्राणी भएकाले समाजमा प्रगति चाहने र विविध कारणहरूले स्वार्थी बन्ने प्रवृत्तिलाई यस सङ्ग्रहका निबन्धमा चर्चा गरिएको छ । विषयवस्तुका रूपमा सामाजिक संस्कार रुढिवादी परम्परा व्यक्तिका स्वार्थी भावना तथा दुश्चरित्रको चर्चा गर्दै सुधारको उपेक्षा गरिएको मुख्य विषयका रूपमा लिइएको छ । 'मुसाको दूलो' निबन्धमा शान्तिनगर डाँडाको यात्रालाई संस्मरण गरिएको विषयवस्तु पाइन्छ । साधना सङ्ग्रहकै 'झिगो र मह', 'स्वागे नेता' र 'सस्तोमा सस्तो' शीर्षक निबन्धमा मानिसको झिगे प्रवृत्ति, नेताको समाजसेवी स्वाङ र सस्तो बजारु कलाकारिताप्रति व्यङ्ग्य विषयलाई उठाइएको छ । सम्पूर्ण सङ्ग्रहका निबन्धहरू रेग्मीका वास्तविक जीवन भोगाइसँग सम्बन्धित रहेका छन् ।

**साधना** (२०३०) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका केही विविध घटनाहरूलाई व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । यस सङ्ग्रहका निबन्धमा कथात्मक शैलीको प्रभाव पनि पाइन्छ । केही निबन्धमा विषयको पुनरावृत्ति पनि पाइन्छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

प्रस्तुत निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा आगन्तुक शब्दको प्रयोग पाइन्छ । जस्तै फेसन, टेलर, होटल, पुलिस, स्टार, बियर (पृ.५५-५६), गुठबारी (पृ. ६६) कुथुरी (पृ. ६३) डाइबर कन्सेसन्, रिजर्भ (पृ.१५) इत्यादिको प्रयोग रहेको छ । केही अनुकरणात्मक शब्दहरू जस्तैः आ आ (पृ. ४३), गुडडगडड, चुइँ (पृ. ५), झिलिक-मिलिक (पृ. १५), गुटुमुटु जुरुक्क (पृ. १७) ढ्वाँस-ढ्वाँस, टुक्रुक्क (पृ.२८), भुतुक्क (पृ.६३), आदिको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । निबन्धमा प्रशस्त झर्रा शब्दहरूको पनि प्रयोग पाइन्छ । जस्तैः किर्ते (पृ.२), पोचो (पृ. ४), हिजु, ठालु, लज, कौडी, बुझक्कड, उर्भौली (पृ.६३), भलाकुसारी, परार इत्यादिको सार्थक प्रयोग भएको पाइन्छ ।

निबन्धकार चूडामणि रेग्मीको पहिलो निबन्धसङ्ग्रह **साधना** (२०३०) हो । यसमा बाइसओटा निबन्धहरू सङ्गृहीत छन् । यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक, संस्मरणात्मक र कथात्मक शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा भाषा सरल, सुबोध,

स्वादिलो, रुचिपूर्णका साथै सामान्य बोलीचाली रूपको भाषाप्रयोग हुनका साथै सामान्य शैलीको प्रयोग भएको पाइन्छ ।

### ४.१.२ 'धुनमा घुन' निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार चूडामणि रेग्मीको निबन्धयात्रामा दोस्रो पाइलोको रूपमा प्रकाशित **धूनमा घुन** (२०३५) निबन्धसङ्ग्रहमा सङ्कलित एघारवटा निबन्धहरू सङ्गृहीत हुनुपूर्व 'एउटा कुरा गरिन् खानका' शीर्षकको निबन्ध 'सिद्धार्थ' पत्रिकामा प्रकाशित भएको र बाँकी दसवटा निबन्धहरू भने युगज्ञान पत्रिकाका विभिन्न अङ्कमा प्रकाशित भएको पाइन्छ । यस सङ्ग्रहमा रहेका एघारवटा निबन्धहरू 'साँचो कुराको जिलीगाँठी', 'यो उही हो', 'हिउँदको रमझम', 'धूनमा घुन', 'छुट्टीका दिन', 'ढुङ्गो पनि रसाउँछ', 'भाग्ये र जुदे', 'साथीको साथी', 'आजकाल बजारमा देखिनु हुन्न नि !', 'कुरा गरिन् खानका' र 'पैसा हात परेको बेला' हुन् ।

यस निबन्धसङ्ग्रहका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यी निबन्धहरू कालो वस्तुलाई कालो र सेतोलाई सेतै रूपमा हेरिनु पर्ने स्पष्ट उक्ति, मान्छेमा पनि दु:खी, गरिबी, असहाय व्यक्तिप्रति पग्लनुपर्ने आग्रह हाम्रो भाग्यवादी नेपाली समाजप्रतिको व्यङ्ग्य र पैसा हातपर्दा आनन्दको क्षणमा हवाइजहाज किन्ने इच्छा व्यक्त गरे पनि तल्लो वर्गका मान्छेको चुहुने भाँडो टाल्दाटाल्दै अन्त्यमा ती इच्छा चकनाचुर भएको यथार्थ अभिव्यक्त भएको पाइन्छ । यस सङ्ग्रहका निबन्धमा धनीहरूप्रति व्यङ्ग्य र गरिब पछौटे हुनाका कारणको चर्चा गरिएको छ । यस सङ्ग्रहका अधिकांश निबन्धहरू निबन्धकार रेग्मीका वास्तविक जीवन भोगाइसँग सम्बन्धित रहेका छन् ।

**धुनमा घुन** २०३५ निबन्धसङ्ग्रहमा आत्मपरक शैलीमा सरल, मिश्र र संयुक्त वाक्यको प्रयोग गरी लेखिएको पाइन्छ । विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका केही निबन्धमा प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ साथै व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । यस सङ्ग्रहका निबन्धमा संस्मरणात्मक शैलीको प्रयोग छ ।

**धुनमा घुन** (२०३५) निबन्धसङ्ग्रहमा सरल, मिश्र तथा संयुक्त तीनै प्रकारका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । निबन्धभित्र प्रशस्त मात्रामा झर्रा नेपाली शब्दका अतिरिक्त तत्सम शब्दहरू दोपा (पृ.५), आदर्श (पृ. ६), पत्रकार (पृ. ३४), सत्यम् शिवम् सुन्दरम् (पृ.७) आडम्बर (पृ. ६) ईश्वर, पशु, यावत्, प्रार्थना (पृ. ३२-३६)

आदिको प्रयोग गरिएको पाइन्छ । त्यस्तै गरी आगन्तुक शब्दहरूमा सेक्सन अफिसर, इन्जिनियर, हबल्दार, प्रहरी, डाक्टर, कम्पाउण्डर (पृ.३४) आदि शब्दको प्रयोग भएको पाइन्छ । निबन्धमा द्वित्वहरू कोहीकोही, अनेकअनेकका के के (पृ. ३६), कतिकति (पृ.३६) र द्विरुक्ति अफ्रिपाफ्री, भोजमोज (पृ.८), नागान, जालभ्mेल (पृ.८) इष्टमित्र, बन्धुबान्धव (पृ.९), मरीतरी (पृ.५१), कुम्लो कुटुरो (पृ.३२) जस्ता शब्दको प्रयोग देखिन्छ । त्यसैगरी उखानुटुक्काहरू सुइँकुच्चा ठोक्यो (पृ. ३३), सिल्टिम्मुर खाँदा (पृ.३३) आदिको पनि प्रयोग गरिएको पाइन्छ ।

निबन्धकार चूडामणि रेग्मीको दोस्रो निबन्धसङ्ग्रह **धुनमा धुन** (२०३५) हो । यसमा एघारवटा निबन्धहरू सङ्गृहीत छन् । यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक, संस्मरणात्मक शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा सरल, मिश्र तथा संयुक्त तीनै प्रकारका नेपाली भाषाका साथै तत्सम, तदभ्व, आगन्तुक शब्द र टुक्काको प्रयोग छ ।

### ४.१.३ घुमेका कुरा (२०५६) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार चूडामणि रेग्मीको तेस्रो निबन्धसङ्ग्रह **घुमेका कुरा** (२०५६) हो । यस निबन्धसङ्ग्रहमा रेग्मीले नेपालका विभिन्न स्थानहरू पूर्वमा इटहरी, धरान, खाँदबारी हुँदै मध्य जनकपुर, विदुर पोखरा र पश्चिममा तानसेन, दाङ, नेपालगञ्जसम्म र केही त्रि.वि.वि. का परीक्षाको पर्यवेक्षक त केही पत्रिका बेच्दै घुमक्कड जिज्ञासा मेटाउन घुम्दाका कुराहरूलाई समेटेर त्यहाँको दृश्य, घटना, परिवेश, शैक्षिक, सांस्कृतिक विकास निर्माणका आदि पक्षहरूलाई आफ्नो दृष्टिकोणबाट वर्णन गरिएको यात्रा संस्मरण (वि.सं. २०४२ देखि २०५४ सम्मका) १३ वटा निबन्धहरू रहेको पाइन्छ । रेग्मी दम्पतिको दाम्पत्य जीवनको पचासौं वर्षको अवसरमा प्रकाशित हो ।

**घुमेका कुरा** सङ्ग्रह चूडामणि रेग्मीको देशदर्शनको सारसङ्क्षेप हो । दिङ्ला जाँदाको सम्झनाले बीस वर्षपछि रेग्मीको आफ्नो जन्मथलो छेउको दिङ्ला भ्रमण गर्दा देखिने उकालीओराली सेउतीको तिर आदिको वर्णन, आबाल, ब्रहमचारी गुरु षडानन्द, सोमराज अभयजस्ता व्यक्तिको संस्मरण पाइन्छ भने खाँदबारी पुग्दा प्र.जि.अ.को आतिथ्य त्यागेर आफ्नी मामाकी छोरी दिदीका घरमा पुगी उनको कविहृदय पग्लिएको छ । जनकपुर पुगी जानकीको भव्यतालाई जानकी सम्राज्य भनी छाती फुलाउँछन् भने नेपालगन्जमा नयाँ शिक्षा योजनाले दिएको दु:ख सरकारी पक्षले प्रोफेसरलाई दिएको दु:ख आफूलाई यहाँ सरुवा गराएको स्मरण गर्न पुग्छन् । 'दाङ आमाको काखमा' ले

शोषित, पीडित दमित नेपालको समस्त व्यथाको पोको खोलेको छ भने कानसेन रमाइला गायक मित्रसेनको व्यक्तिएको र पं. माधव देवकोटा, हीरामणि भेटेको वर्णन 'तानसेन रमाइलो' मा पाइन्छ । के के नै होला भनी लुम्बिनी पुगेका रेग्मी अशोक स्तम्भमात्र देखी एक दिन विकास हुने आशामा फर्कन्छन् । चक्रव्यूहको अभिमन्यु बनेपामा रेग्मी मुस्किलले पुगी पुरानो बनेपा साँच्चैको चक्रव्यूह भएको ठान्दछन् । विदुर जाने क्रममा रेग्मीले नुवाकोटलाई विदुर ठानेका त्यहाँ पनि केही नपाएको अनुभव 'विदुरमा चार घण्टा' निबन्धमा प्रस्तुत भएको छ । पोखरा प्रवासमा रेग्मी पोखिएर यज्ञको 'पोखरा प्रवास' काव्य लेख्न पुगेको, पोखराको प्राकृतिक सौन्दर्य मानवीय स्वभाव, शिक्षा आदिको रोचक प्रस्तुति गरिएको पाइन्छ । 'इटहरी धरान केही सम्झना'मा धरानले निबन्धकारलाई नचिनेको ठानेर पिरोलिन पुग्छन् भने बिराटनगर बसाइमा कोशराज रेग्मी, राजकुमार पोरखेल, विश्वराज पाण्डे आदिका बारेमा मह□वपूर्ण अभिव्यक्ति दिँदै प्राज्ञले बोलेको कुरा खोलाको पानीसरह भएको छ भन्ने निडर अभिव्यक्ति पाइन्छ । आश्चर्यमय 'दार्जिलिङ यात्रा' मा नातिहरू पुऱ्याउन जाँदाको पशुपतिनगरदेखि दार्जिलिङ चौरास्तासम्मको दृश्य, त्यहाँको सुन्दरता वर्णन पाइन्छ साथै दार्जिलिङका नेपाली साहित्यकार लख्खीदेवी सुन्दास, जगत क्षेत्री, इन्द्रबहादुर राई, सूर्यविक्रम ज्ञवाली, धरणीधर, कोइराला र पारशमणि प्रधानको नाम संस्मरण गरेको पाइन्छ । यसरी **घुमेका कुरा**मा चूडामणि रेग्मीका भावनाहरू प्रतिबिम्बित हुनाका साथै विभिन्न ठाउँको धारा पाटी, पौवा, मन्दिर, पोखरी, माल अमाल, हिमाल, वन, नदी, विद्यालय आदिको वर्णन र आफूसँग भेटेका र सम्झेका व्यक्तिको चरित्रसमेत चित्रण गरेको देखिन्छ ।

**घुमेका कुरा** (२०५६) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । साथै वस्तुपरक शैलीमा लेखिएका यस निबन्धसङ्ग्रहभित्र सरल, मिश्र तथा संयुक्त तीनै प्रकारका वाक्यहरूको प्रयोग पाइन्छ । प्रशस्त झर्रा शब्दहरूको प्रयोग र चूडामणि रेग्मीको प्रस्तावित वर्णविन्यासको प्रयोग निबन्धको भाषाशैलीगत विशेषता रहेको देखिन्छ ।

**घुमेका कुरा** निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । नेपाली भाषाका उखान टुक्काहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । तत्सम, आगान्तुक शब्दको पनि प्रयोग पाइन्छ । जस्तै अभिमुखीकरण, अध्ययन, प्रकृति, प्राध्यापक, यात्कञ्चित, सज्जन (पृ. ११-१३), अनुभव, अध्यापन प्रमुख (पृ. १९-२२), प्रसिद्ध, सम्पादक (पृ.५३-५९) अनुदार प्रस्ताव दृश्य

(पृ.६१-६९) तत्सम शब्दहरू पाइन्छन् भने आगन्तुक शब्दहरू जहाज, रेडियो (पृ.१-५) होटल, ड्राइभर (पृ.७०-७२) आदि पाइन्छन् ।

निबन्धमा अनुकरणात्मक लमतन्न, भुटुक्क (पृ.१-५) झलमल्ल (पृ.१-६) खुइय, छर्लङग (पृ.४०४२), स्वाँ, स्वाँ, हस्याङ-फस्याङ (पृ.४२-४५), मुसुमुसु (पृ.६१), झनक्क (पृ.६७) आदि शब्दहरू पाइन्छन् भने सङ्क्षिप्त शब्दहरूमा मा.वि., प्र.जि.अ., प.., प्रा. पृ.(१-५), त्रि.वि.वि. । डा., न.पा., जि.वि.स. (पृ.६१-६८), क्षे.शि.नि. (पृ.४४) रा.प्र.प्रा. (पृ.५७) आदिको प्रयोग पाइन्छ ।

निबन्धकार रेग्मीको तेस्रो निबन्धसङ्ग्रह **घुमेका कुरा** (२०५६) हो । यसमा आफ्नो देशदर्शनको सार सङ्क्षेप दिङ्ला जाँदाको सम्झनाले बीस वर्षपछि रेग्मीको आफ्नो जन्मथलो छेउको दिङला भ्रमण गर्दाको दृश्य प्रस्तुत गरेका छन् । यो आत्मपरक तथा वस्तुपरक दुवै शैलीमा लेखिएको निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक, संस्मरणात्मक, कवितात्मक, वर्णनात्मक शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा सरल, मिश्र तथा संयुक्त तीनै प्रकारका वाक्यको प्रयोग गर्नुका साथै झर्रा शब्दहरूको प्रयोग पाइन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग छ ।

### ४.१.४. 'गफडीका गफ' (२०६३ भदौ) निबन्धसङ्ग्रहको अध्ययन

**गफडीका गफ** निबन्धसङ्ग्रहमा सङ्गृहीत हुनुपूर्व लेखकद्वारा सम्पादित युगज्ञान साप्ताहिक पत्रिकाका विभिन्न अङ्कहरूमा गफडीको पातो स्तम्भमा प्रकाशित हास्यव्यङ्ग्य निबन्धहरूलाई २०६३ मा सिङ्गो सङ्ग्रहमा सङ्गृहीत गरिएको पाइन्छ । चुटकिला र गफजस्ता देखिने तर हास्यव्यङ्ग्य मिश्रित यस सङ्ग्रहमा सङ्कलित गरिएको पाइन्छ । चुटकिला र गफजस्ता देखिने (हास्यव्यङ्ग्य मिश्रित) यस सङ्ग्रहमा सङ्कलित जम्मा १०६ वटा गफ शैलीका गफले देश र स्थानीय क्षेत्रका कटु सत्यलाई, समाजका विभिन्न अमिल्दा पक्षलाई र पेट र घर भने अग्रसर रहे पनि समाजसेवा, देश र समाजको खोक्रो ढ्वाङ फुक्ने नेताका चरित्रलाई निबन्धहरूको विषयवस्तु रहेको छ । यस स्तम्भका निबन्धकारको विशेषता नै व्यङ्ग्यवाण हान्नुमा रहेको पाइन्छ ।

यस निबन्धसङ्ग्रहका विषयगत विविधता पाइन्छ । यी निबन्धहरू सामाजिक, पौराणिक, आध्यात्मिक, पारिवारिक र यथार्थ घटना आदि विषयवस्तुमा आधारित छन् । निबन्धसङ्ग्रहले स्थानीय, क्षेत्रीय, राष्ट्रिय विषयवृत्तमा रहेका विकृति, विसङ्गतिका व्यापक आयामहरूलाई समेटेर हसाउँदै व्यङ्ग्यका तिखा र धारिला वाण हानेको

पाइन्छ । गफडी तथा व्यङ्ग्य ऋषिका नामले चिनिने चूडामणि रेग्मीले उक्त सङ्ग्रहका निबन्धहरूमा कवि, साहित्यकार, पत्रकार, प्राध्यापक, शिक्षक, विद्यार्थी, नेता, मन्त्री, व्यापारी आदि समाजका जुनसुकै पेसा, तहका मान्छेहरूमा रहेका नराम्रा पक्षहरूलाई औंल्याउँदै सुधारतर्फ सचेत हुन झकझकाएका छन् ।

निबन्धको पहिलो भागमा समाविष्ट ७५ वटा निबन्धहरू स्थानीय तथा राष्ट्रिय क्षेत्रका भ्रष्ट प्रवृत्ति र स्वाङ पार्ने व्यक्तिहरूलाई व्यङ्ग्य गर्दै लेखिएका छन् भने दोस्रो भागका ३१ वटा निबन्धहरूमा वर्णचिनारी गफस्वरूप स्वर वर्ण र व्यञ्जन वर्णको रमाइलो प्रसङ्ग झिकी तिनीहरूमार्फत् व्यङ्ग्य गरिएको पाइन्छ । निष्कर्षस्वरूप 'पातमा पात !' को नेपालीकरण हो ।

**गफडीका गफ**मा सङ्कलित गफहरू ज्यादै छोटा विचारहरू, सङ्गठन खासै नभएका, निबन्ध भन्न पनि त्यति लायकका देखिदैनन् । यस सङ्ग्रहका निबन्धहरू चूडामणि रेग्मी सम्पादकसमेत भएकाले 'युगज्ञान' साप्ताहिक पत्रिकाको पातो भर्ने बाध्यता भएर लेखिएका भान हुने गफहरू पाइन्छन् ।

**गफडीका गफ** (२०६३) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । विविध घटनालाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा केही व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । यस सङ्ग्रहका निबन्धमा केही निबन्धहरूमा विषयको पुनरावृत्ति पनि पाइन्छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

गफडीका गफ निबन्धसङ्ग्रहमा सरल नेपाली भाषा निबन्धमा कवितात्मक पङ्क्तिहरू हुनाका साथै मिश्रित तथा संयुक्त तीनै प्रकारका वाक्यहरू प्रयोग गरेको देखिन्छ । निबन्धहरूमा प्रशस्त झर्रा तथा तत्सम शब्दहरू प्रयोग भएका छन् । जस्तै तत्सम शब्दहरूमा श्रीमती, वक्तव्य (पृ.२०), शिक्षक, बज्रप्रहार (पृ.२९), महत्त्वाकङ्क्षी, मनोविज्ञान (पृ.७८), अस्त्र, पुण्य (पृ.१४१), अध्ययन, अनुसन्धान (पृ. १६१) आदिको प्रयोग गरिएको छ । त्यस्तै आगन्तुक शब्दहरूमा मोटर, बिल्डिङ, कन्जभेटिभ (पृ.२७), मास्टर, सिनेमा (पृ. ४९), केडिट आवर्स, लेसन प्लान (पृ.१२८) आदिको प्रयोग गरिएको छ । भुतुक्क (पृ.२८), टिमिक्क (पृ.१९९), खत्रत्क (पृ.२२३), पटटट (पृ.२९९) आदि अनुकरणात्मक शब्दहरू पनि प्रयोगमा रहेका छन् । निबन्धहरू सरल भाषामा हास्यव्यङ्ग्यात्मक पाराका हुनाका साथै सामान्य शैलीको प्रयोग भएको पाइन्छ ।

निबन्धकार चूडामणि रेग्मीको चौथौ निबन्धसङ्ग्रह **गफडीका गफ** हो । यस निबन्धसङ्ग्रहमा १०६ वटा निबन्धहरू सङ्गृहीत छन् । यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक व्यङ्ग्यात्मक, संस्मरणात्मक शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस सङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग छ ।

### ४.१.५ 'आँखा र मनका पाइलाहरू' निबन्धसङ्ग्रहको विश्लेषण

चूडामणि रेग्मीको निबन्ध फाँटमा फक्रिएको पाँचौ निबन्धसङ्ग्रह आँखा र मनका पाइलाहरू रहेको छ । यस सङ्ग्रहभित्र विचारमूलक र संस्मरणात्मक विषयवस्तु भएका ३३ वटा निबन्धहरू सङ्कलित रहेका छन् । रेग्मीका २०२२ देखि २०६३ सालसम्म यत्रतत्र पत्रिकाहरूमा छरिएका निबन्धहरूलाई सँगालिएको छ । रेग्मीले आफ्ना आँखाले नियालेका, मनले चाल पाएका र पाइलाहरूले टेकेका, अनुभव गरेका जिन्दगीका जटिलता र सरलताका क्षणहरू, हाँसो र आँसुका अनुभूतिहरू, उन्माद र विस्मतका क्षणहरू नै आँखा र मनका पाइलाहरूमा व्यक्तिएको पाइन्छ ।

रेग्मीले आफ्ना आँखाले नियालेका, मनले चालपाएका र पाइलाहरूले टेकेका, अनुभव गरेका जिन्दगीका जटिलता र सरलताका क्षणहरू, हाँसो र आँसुका अनुभूतिहरू, उन्माद र विस्मतका क्षणहरू नै आँखा र मनका पाइलाहरूमा व्यक्तिएको पाइन्छ ।

'कस्तो अर्ती खानु ?' शीर्षकको पहिलो निबन्धमा अर्ती उपदेश पनि त्यो जमानामा सही सत्य नहुने र बुझेर मात्र खानुपर्ने, 'मास्टर चरो' रूपी गगनमा विचरण गर्ने र बेलुका साँझमा गुँडमा बस्न आउने बबुरो पंक्षीको रूपमा वर्णन गरिएको छ । 'कसैले नमागी लेख नदिने', कसैसँग नझुक्ने हठपूर्ण निणर्यलाई रेग्मीले अडबाङ्गे निर्णय भनेका छन् भने 'व्यङ्ग्य'मा अर्जुन पुत्र लेखक देशलाई चाहिएको विचार पाइन्छ । 'प्राज्ञिक आनन्द'मा बाल्यकालदेखि प्रौढकालसम्ममा पाएका आनन्दमध्ये पढ्दाको आनन्द नै उत्तम आनन्द मानिएको छ भने 'निर्भिक भएर लेख्नोस' मा निर्भिकतापूर्वक काम गर्ने, बोल्ने लेख्ने वचनबद्धता प्रकट भएको छ । 'पुरस्कृत मेरा गन्थन'मा थाहै नदिई पुरस्कार दिनेप्रति बेठीक ठान्दै तर पनि पुरस्कार चाँहि नछोड्ने अभिव्यक्ति छ भने 'हस्स परेका वाचा' मा गर्छु भनेको काम गर्न नसक्दा हस्स भएको वर्णन पाइन्छ । 'मुसाको रासलीला'मा अर्काको विध्वंश गर्ने मुसाको कैरनबाट पजेरोमा चढेर रासलीला गर्नेप्रति व्यङ्ग्य गरिएको पाइन्छ । त्यस्तै 'मेरो खेल रुचि'मा बाल्यकालदेखि विभिन्न खेलमा रुचि भएका रेग्मीलाई बुढेसकालमा क्रिकेटप्रति रुचि बढेको व्यभिव्यक्ति पाइन्छ । 'गोष्ठी वर्षा र अभर' अनि 'गाईघाट

जाँदाको सम्झना' मा क्रमशः शान्तिनगर र गाईघाटका यात्रालाई स्मरण गरिएको घटना पाइन्छ । 'हराएका रचना भेट्दा' मा आफूले रचेका सामग्री हराएर पुनः भेट्दाको खुशी अभिव्यक्त भएको छ भने 'अचेल रमिता हेर्न थालेको छु' मा सेवानिवृत जीवन फुर्सदिलो हुँदा नाति, छोराछोरी र यस्तै घटना हेर्दै दिन काटेको विचार पाइन्छ । 'एउटा भयो एउटा कथा पनि'मा रेग्मीद्वारा सम्मानित कथाकार हरिहर खनालका कथा र सम्मानका कथा स्मरण गर्न पुगेको पाइन्छ भने 'पत्रकारिता गर्दाको अनुभव'मा पत्रकारिता क्षेत्रको बजारु, प्रवृत्ति र पीत पत्रकारिताप्रति चिन्ता प्रकट भएको अभिव्यक्ति पाइन्छ ।

**आँखा र मनका पाइलाहरू** (२०६३) निबन्धसङ्ग्रहमा निजात्मक शैलीमा सरल, मिश्र र संयुक्त तीनै प्रकारका वाक्यहरूको संयोजनबाट तयार पारिएको भए पनि 'मेरो पनि धोको अधुरै रह्यो' निबन्ध भने पत्रात्मक शैलीको पाइन्छ । विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका केही निबन्धमा प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ साथै व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

आँखा र मनका पाइला निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । निबन्धहरूमा 'जुही घरघरका टेबुलमा गमलाझैं सजियोस्', 'आफ्नै कविता, आफ्नै जीवन ! आफ्नै विवेचना र गोष्ठी वर्षा र अभर'मा कविताका अंशहरू पनि संलग्न छन् ।

यस सङ्ग्रहमा प्रशस्त ठेट झर्राशब्दहरूका अतिरिक्त तत्सम् शब्दहरू, अभिप्रायः, उपदेश, उच्छुङखल, परन्तु, सच्चरित्र, विद्यार्थी (पृ.१-३), एकान्त, आकाश, नवीनतम, दृश्य, पदोन्नति (पृ.१६-१७), अनुभूति, विपक्ष, विवेचना, शाश्वत (पृ.४५-४६) अतिथि, गोष्ठी, मूल्याङ्कन (पृ.५८-५९), अनुभव, याचना, प्रशासक (पृ.१०४-१०६), आदिको प्रयोग पाइन्छ । निबन्धसङ्ग्रहमा आगन्तुक शब्दहरू: मास्टर (पृ.१), इन्टरभ्यू, स्पेसलिस्ट (पृ.२२), तारिफ (पृ. ७३) कन्डक्टर, ट्रक, होटल (पृ.९२), प्रोफेसर (पृ.९३), जेनेटर, व्याग (पृ.९४) अखबार (पृ.१०८) आदिको प्रयोग भएको पाइन्छ ।

अनुकरणात्मक शब्दहरू- धुरुक्क, टनन पृ.(१-२), टुप्लुक्क (पृ.१२), भुतुक्क (पृ.१५), च्वास्स पृ.(२२), थपक्क (पृ.२९), छङछङ (पृ.५३) झल्याक-झुलुक (पृ.८९) छयाङङ् (पृ.१०६) को प्रयोगले झरिलो र प्रभावकारी भएको छ भने उखानहरू 'सोझो औंलाले घिउ आउदैन' (पृ.३),'अघि मरि सासु अहिले आए आँसु' (पृ.१०४), ईख

नभएको छोरो र विष नभएको सर्प काम लाग्दैन (पृ.१०६), आदि र 'गोता खानु' (पृ.८७),'मुख लाग्नु', 'सिलिटिमुर खानु' आदि टुक्काको सार्थक र सुन्दर प्रयोग पाइन्छ । भाषा, वाक्य, संरचना र शब्दछनोट अनि सरल, सहज र रुचिपूर्ण हुनाका साथै सामान्य शैलीको प्रयोग भएको देखिन्छ ।

निबन्धकार चूडामणि रेग्मीको पाँचौ निबन्धसङ्ग्रह आँखा र मनका पाइलाहरू हो । यसमा ३३ ओटा निबन्धहरू सङ्गृहीत छन् । यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, संस्मरणात्माक, प्रश्नात्मक र कवितात्मक शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम्, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग छ ।

### ४.१.६ 'बितेकाहरूको सम्झना' निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार चूडामणि रेग्मीको छैटौं निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना** (२०६३) हो । यस निबन्धसङ्ग्रहमा २१ ओटा निबन्धहरू सङ्गृहीत छन् । रेग्मीले **बितेकाहरूको सम्झना** (२०६३) निबन्धसङ्ग्रहभित्र आफन्त, नातेदारहरू र गुरुहरू एवम् उनका शुभचिन्तक तथा समर्थक र विरोधी दुवै खाले साथीभाइ, साहित्यकार, पत्रकारहरूको मृत्युपश्चात् सम्झने क्रममा उनीहरूका व्यक्तित्व तथा कृतित्वहरूलाई अगाडि ल्याएर जीवन्त राखिएको पाइन्छ । सङ्ग्रहमा सङ्गृहीत 'आमालाई एकैछिन् सम्झदा', 'उठेको भावनाका तरङ्गका' र 'ठूली दिदी: एक सम्झना' शीर्षकका निबन्धहरूले नेपाली समाजको पुरुषप्रधान सामाजिक परम्पराका दु:ख र कष्ट सहन बाध्य नेपाली चेलीहरूको पीडा र दर्दलाई राम्ररी प्रष्ट्याएको देखिन्छ । आफ्ना गुरु र आमाबुबाहरू जीवनमा प्रेरणाका स्रोत हुन् भन्ने अभिव्यक्ति तथा स्मरण 'मेरा बुबा डि. पीतम्बर रेग्मी' शीर्षक निबन्धमा पाइन्छ । देश विकास तथा साहित्य उत्थान अनि समाजको परिवर्तनका लागि लागिपर्ने साहित्यक व्यक्तिहरू, कोही शिक्षक होस् चाहे पत्रकार भएर अथवा खोज अनुसन्धाता भएर होस् अथक रूपमा समाजको क्रान्तिमा लागिपरेको हुन्छ भन्ने दृष्टान्त 'पढ्दाका साथी दुर्गाप्रसाद शास्त्रीको निधनमा दुई शब्द' निबन्धले प्रस्तुत गरेको छ ।

मृत्यु अवश्यम्भावी छ, त्यसैले मनले मर्नेलाई के दिन सकिन्छ, केबल श्रद्धासुमन मात्र भन्दै रेग्मी भावविह्वल भएर थुप्रै स्वर्गीयहरूप्रति श्रद्धाञ्जली दिएका छन् । मृत्युपछिका काजक्रिया, सतीप्रथा, पुरानो काम नलाग्ने रूढिपरम्पराले समाजलाई पछि पार्ने विचार निबन्धहरूमा व्यक्त गरेको देखिन्छ ।

सङ्ग्रहमा रहेका सबै निबन्धहरूमा चूडामणि रेग्मीका विपक्षीहरू जो उनका आलोचक तथा आस्था र सिद्धान्त विरोधी थिए । तिनीहरूको समेत राम्रो पक्षको प्रशंसा गर्दै एउटा नेपालीत्व दृष्टिकोणलाई अँगालिएको पाइन्छ ।

**बितेकाहरूको सम्झना** (२०६३) निबन्धसङ्ग्रहमा आत्मपरक शैलीमा बितेका तीस जना व्यक्तिहरूको स्मरण गर्दै लेखिएको सम्झना निबन्धसङ्ग्रह भित्रका २१ वटा निबन्धहरूमा सरल, मिश्र तथा संयुक्त तीनै प्रकारका वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

यस निबन्ध सङ्ग्रहका विभिन्न निबन्धहरूभित्र तत्सम शब्दहरू अथ, इति, यदाकदा, दुर्भाग्य, सौभाग्य (पृ.९), चीरहरण, निष्कर्ष (पृ.१४), कष्ट, मृत्यु (पृ.१६), दुःख, दृष्टि (पृ.१९), वैधव्य (पृ.१७), न्यायाधीश (पृ.३५), विद्यार्थी (पृ.३४), सम्पादन, प्रकाशन, प्रसिद्ध, शशी, पीडा, पराकाष्ठा, कटिबद्ध, प्रभात, पारित, शुद्र (पृ.४६), चतुर्दिक (पृ.५०), विज्ञान, अध्ययन (पृ.५१), शुभेच्छा (पृ.६३), योगदान (पृ.६६), शिक्षा (पृ.६६) आदि तथा आगन्तुक शब्दहरू: कलेज (पृ.९), गफ (पृ.१०), सिगरेट, डिग्री (पृ.१२३), अप्रेसन (पृ.१७), जुल्फी (पृ.४७), क्याम्पस, मोटर साइकल (पृ.५०, ५१), अदालत (पृ.३४), रजिष्ट्रर (पृ.३४), सायद (पृ.३५), चेम्बर (पृ.३५) आदिको प्रयोग भएको देखिन्छ ।

अनुकरणात्मक शब्दहरू: झिलिक्क मिलक्क (पृ.३५), झ्वाट्ट (पृ.३६), स्वाँस्वाँ (पृ.१५), पुकुपुक (पृ.१५) र द्वित्व शब्दहरू हाँसीहाँसी (पृ.२१), कतिकति (पृ.२०), लामालामा (पृ.२३), खासखास (पृ.५१), भर्खरभर्खर (पृ.६३), कताकता (पृ.६५) तथा द्विरुक्ति शब्दहरू: फुतीफार्ती (पृ.२३), शोधखोज (पृ.३२), यदाकदा (पृ.५७), आदिको प्रयोग भएको पाइन्छ । त्यसैगरी सङ्क्षिप्त शब्दहरू बी.ए. पं. (पृ.९), डी. (पृ.१२), त्रि.वि.वि. (पृ.१८), मा.वि. (पृ.६५), प्र.अ. (पृ.६६) आदिको प्रयोग भएको पाइन्छ ।

निबन्धकार चूडामणि रेग्मीको छैटौं निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना** हो । यसमा २१ ओटा निबन्धहरू सङ्गृहीत छन् । प्रस्तुत सङ्ग्रहका निबन्धहरू आत्मपरक, निजात्मक, व्यङ्ग्यात्मक, संस्मरणात्मक शैलीमा बितेका बीसजना व्यक्तिहरूको स्मरण गर्दै लेखिएको हो । यस निबन्धसङ्ग्रहमा सरल, मिश्र तथा संयुक्त तीनै प्रकारका वाक्यहरूको प्रयोगका साथै तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, द्विरुक्ति सङ्क्षिप्त र कवितात्मक शब्दहरू रहेका छन् ।

### ४.१.७ 'एउटा छाता दिनुहोला है !' (२०६४ असोज) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार चूडामणि रेग्मीको सातौ निबन्धसङ्ग्रह **एउटा छाता दिनुहोला है** ! हो । यस निबन्धसङ्ग्रहमा जम्मा ८८ वटा निबन्धहरू समेटिएका छन् । समयका दृष्टिले २०५३ सालदेखि २०६३ सालसम्ममा लेखिएका निबन्धहरूलाई यस पुस्तकमा बिटो कस्ने काम भएको छ ।

यस निबन्धसङ्ग्रहका निबन्धहरूमा विषयवस्तुका दृष्टिले चौंतीस वर्षे लामो प्राध्यापन सेवाका अनुभवहरू यसभित्र सँगालिएका छन् । विभिन्न ठाउँका यात्रासंस्मरण तथा अनुभवहरूलाई रागात्मक किसिमले लिपिबद्ध गरिएको छ । केही पारिवारिक सम्बन्धका कुराकानी, निबन्धकारका वैचारिक दृष्टिकोणहरू, आत्मस्वीकृतिहरू यस सङ्ग्रहका निबन्धका विषयवस्तु बनेका छन् । पुरस्कार र सम्मानमा गरिने भेदभाव दाउपेचप्रति निबन्धकारले गुनासो पोखेका छन् । निजी भावनाको अभिव्यक्ति गरिएका रेग्मीका अधिकांश निजात्मक निबन्धहरूको त्यसभित्र प्रयोग गरेको व्यङ्ग्य शैलीले ओजन बढाएको छ ।

एकहत्तर वर्षे लामो जीवन, पचास-बाउन्न वर्षको साहित्यक यात्रा, त्यसभित्रका अनेक उकाली-ओराली, घुम्ती, गल्छेडा, भन्ज्याङ र चौतारीहरू, कहिले दौडिदै कहिले थकाई मार्दै जीवन जिएका अनुभव र अनुभूतिहरू यस निबन्धसङ्ग्रहमा सँगालिएका छन् । अध्ययन-लेखनको साधनामा आनन्दित भएर घोप्लिने निबन्धकार रेग्मी किन लेखिन्छ भनेर आफैले आफैलाई प्रश्न पनि गर्छन् । युग ढाँट, धूर्त, चङ्खे, चतुरेहरूको हो, चाकरी चाप्लुसी चम्चागिरी गर्नेहरूकै अहिले दश औंला घिउमा चोबिएको छ, न युगलाई आफूमा ढाल्न सकियो न युगमा आफू बग्न नै सकियो भन्दै युगीन विकृति र व्यथाहरूलाई निबन्धकारले अभिव्यक्ति दिएका छन् ।

यस निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । विविध घटनालाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस निबन्धका केही निबन्धमा प्रश्नात्मक शैलीको प्रयोगका साथै व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

निबन्धकार रेग्मीको सातौं निबन्धसङ्ग्रह **एउटा छाता दिनुहोला है** ! (२०६४ असोज) हो । यसमा ८८ ओटा निबन्धहरू सङ्गृहीत छन् । प्रस्तुत सङ्ग्रहका निबन्धमा विषयका विविधता पाइन्छ । निजात्मक, संस्मरणात्मक, प्रश्नात्मक र व्यङ्ग्य शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषााका साथै तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग छ ।

### ४.१.८ मनभित्र र बाहिर (२०६४ चैत) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार चूडामणि रेग्मीको आठौं निबन्धसङ्ग्रह **मनभित्र र बाहिर** (२०६४ चैत) हो । यस निबन्धसङ्ग्रहमा ६९ ओटा निबन्धहरू सङ्गृहीत छन् । आत्मकथा लेख्ने मन भएर पनि कैयौं सत्य कुरा उगेल्न सक्ने क्षमता नभएर आत्मकथांश भएका आत्मकथ्यहरू लेखियो । निबन्धलेखक भएर भन्दा पनि दिन र छिनहरूमा मनमा भित्र लागेका कुरा र बाहिर देखिएका कुराहरू पनि जो लेखिए, तिनैलाई 'मन भित्र र बाहिर' नाउँ दिई यी निबन्धहरू सँगालिएका छन् । लेखकले यस निबन्धमा आफूले भूलचुकमा एकान्तमा घोत्लिदा अलिक आक्रोशित भएको रहेछु भन्ने कुरा अहिले यस निबन्धसङ्ग्रहका निबन्धमा व्यक्त गरेको पाइन्छ । लेखकले आफू छट्याई फट्याइँ जान्ने भए चतुर राननीतिज्ञ हुने तर सोझै भएकाले सोझा कुरा, मनमा लागेका भावना निबन्धमा पोखेको पाइन्छ । लेखकले आफ्ना निबन्धमा आजको समाज विकृति र विसङ्गतिका दलदलमा फसिसकेको विचार पनि पोखेका छन् । यस निबन्धसङ्ग्रहमा भाषा, साहित्य मानवीय व्यावहारको चर्चा छ । राष्ट्रवादी स्वरले ओतप्रोत प्रस्तुत सङ्ग्रहका निबन्धमा देशका राष्ट्रिय भाषाहरूको उत्थान गनुपर्नेमा जोड दिइएको छ । निबन्धकार रेग्मीको चिन्तन सामाजिक विविधता भित्र वर्गीय सचेततामा नै निबन्धन भएको छ । यस सङ्ग्रहका निबन्धमा धनीहरूप्रति व्यङ्ग्य र गरिब पछौटे हुनाका कारणहरूको चर्चा गरिएको छ । यस सङ्ग्रहका अधिकांश निबन्धहरू निबन्धकार रेग्मीका वास्तविक जीवन भोगाईसँग सम्बन्धित रहेका छन् ।

**मनभित्र र बाहिर** निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका केही निबन्धमा प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ साथै व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । यस सङ्ग्रहका निबन्धमा विषयको पुनरावृत्ति पनि पाइन्छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । नेपाली भाषाका उखान टुक्काहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । तद्भव र आगन्तुक शब्दको प्रयोग माझका इउ ह्रस्व लेख्ने गरेको पाइन्छ । बका ठाउँमा व लेख्ने स्वका ठाउँमा तलघोप्लो व लेख्ने गरेको पाइन्छ । चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोग आँप 'आँ कही' काठमाडौं आदिको प्रयोग गरेको पाइन्छ ।

निबन्धकार रेग्मीको आठौँ निबन्धसङ्ग्रह **मन भित्र र बाहिर** हो । यसमा ६९ ओटा निबन्धहरू सङ्गृहित छन् । यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक र संस्मरणात्मक शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस निबन्धमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग छ ।

### ४.१.९ निष्कर्ष

समग्रमा चूडामणि रेग्मी (१९९२) उत्कृष्ट निबन्धकार हुन् । उनले आठ ओटा साधना (२०३०), **धूनमा घुन** (२०३५), **घुमेका कुरा** (२०५६), **गफडीका गफ** (२०६३), **आखाा र मनका पाइलाहरू** (२०६३), **बितेकाहरूको सम्झना** (२०६३), **एउटा छाता दिनुहोला हैं** (२०६४) र **मनभित्र र बाहिर** (२०६४) निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । यिनका निबन्धसङ्ग्रहमा विषय विविधता पाइन्छ । यिनी यथार्थ जीवनमा घटित घटनाहरूलाई निबन्धको रूप दिने कुशल निबन्धकार हुन् । यिनी आत्मपरक निबन्धकार हुन् । बौद्धिकता, व्यङ्ग्यात्मकता, वैचारिकता, चिन्तनशीलता, यथार्थता, निजात्मकता र समसामयिकता यिनका निबन्धगत प्रवृत्तिहरू हुन् । सरल नेपाली भाषाका साथै तत्सम्, तद्भव र आगन्तुक शब्दको प्रयोग यिनका निबन्धमा पाइन्छ । रेग्मी झापाका निबन्धकारहरूमा जेठा र प्रतिनिधि निबन्धकार हुन् ।

## ४.२ निबन्धकार कृष्ण धरावासी वि.सं. २०१७ श्रावण

### ४.२.१ पृष्ठभूमि

वि.सं. २०१७ मा अमरपुर-७ पाँचथरमा जन्मेका कृष्ण धरावासी उत्कृष्ट निबन्धकार हुन् । नेपाली साहित्यमा २०५० सालपछि उनी लीलालेखन प्रविधिमा रहेर साहित्यसृजना गर्न थालेका हुन् । यसपछि उनको साहित्यिक यात्रा शिखरतिर उन्मुख रह्यो । उनको पहिलो निबन्ध **महत्त्वकांक्षी विना** (२०३७) हो, यो इलामको कन्दरा सामूहिक सङ्कलनमा प्रकाशन भएको पाइन्छ । **बालक हराएको सूचना** (निबन्धसङ्ग्रह) २०४८ बाट कृतिकारका रूपमा देखिएका धरावासीको दोस्रो निबन्धसङ्ग्रह **नारीभित्र त्यस्तो के छ हजुर** (२०५२) **उत्तमजङ्ग सिजापातको आलु** (२०५६) हो । यी निबन्धसङ्ग्रहका अतिरिक्त विभिन्न पत्रपत्रिकामा उनका निबन्धहरू प्रकाशित छन् । यहाँ उनका निबन्धात्मक कृतिहरूको अध्ययन गरिएको छ ।

### ४.२.२ बालक हराएको सूचना (२०४८) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार कृष्ण धरावासीको पहिलो निबन्धसङ्ग्रह **बालक हराएको सूचना** (२०४८) हो । यस निबन्धसङ्ग्रहमा बाह्रओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू- 'दृश्य', 'माटोको माया', 'मोहन क्षेत्री', 'छोराका नङ फुले', 'चँगा', 'बालक हराएको सूचना', 'पोके बूढी', 'जहाँबाट जीवनलाई पढछु', 'पापी पेटका सवाल', 'नलेखिएको कुरा', 'एकान्त र अस्तित्वको खोज' हुन् ।

यस निबन्धसङ्ग्रहका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यी निबन्धहरू सामाजिक, पौराणिक, आध्यात्मिक, पारिवारिक र यथार्थ घटना आदि विषयवस्तुमा आधारित छन् । धरावासीका निबन्ध छोटा छन् निबन्धका शीर्षक आकर्षक छन् र सरल प्रारम्भ एवम् अन्त्ययुक्त मात्र होइन, त्यसलाई प्राप्त, आकाश, पृथ्वी र पाताल, लेखनमा भावनाका चाकाचुली, साह्रै नै आकर्षक हुन पुगेका छन् । आजको युगको सुस्पष्ट व्यक्तित्व निबन्धको शीर्षक, आकार र प्रस्तुतिकलामा मलाई लाग्छ आफै उत्रिएको छ । आजको वैज्ञानिक विश्वले उत्पन्न गराएका प्रत्येक व्यक्तिका विफल आवश्यकताले गर्दा फुर्सतको लागि कसैलाई अवकाश छैन भन्ने कुरा आकारले सम्झाउँछ, मानवतावादी आदर्शसँग मोहभङ्ग भएको मानवताको आकर्षक व्यक्तित्वलाई शीर्षकले दर्शाउँछ । अनि सानातिना अर्थहीन लाग्ने इन्द्रीयजन्य अनुभूति नै अन्तरका गाँडे घाउ पालेर बसेका प्रत्येक व्यक्तिलाई पक्रेर अकास्सिन, गहिरिन अनि आफूबाट निस्किएर त्यही पीडापूर्ण अवस्थितिलाई सुम्सुम्याउँदै आनन्दानुभूतिको नग्नता, विभत्सता र जीजिविषाको त्यस्तो ज्यूँदो रहरलाई प्रत्येक निबन्धमा खडा गरेर अनि झापा जिल्लाको शनिश्चरे फेटको पृष्ठभूमि दिएर लेखिएका प्रस्तुत निबन्धको मौलिकता र विशेषताहरू यसरी आफै उद्घाटित छन् । र लामो व्याख्या अनावश्यक ठहरिन्छ । विराट विश्वको सम्पूर्ण पृथ्वीको सिङ्गै दक्षिण एसियाको अथवा कमसेकम सिङ्गो नेपालको पृष्ठभूमि र वातावरणमा उभिएको मानवको परिदर्शन खोज्ने पुरानो मानसिकताले यस निबन्धलाई प्राप्त सङ्कीर्ण पृष्ठभूमि र वातावरण देखिन्छ । एउटा सानो अज्ञात गाउँमा जन्मेकी सीता अथवा कपिलवस्तुको एउटा सानो घरमा हुर्केको सिद्धार्थ अथवा काठमाडौ उपत्यकाभित्र अज्ञात थरघरमा उत्पन्न अरनिको आफूभित्र विद्यमान **गुवत्ता**ले जसरी हाम्रा आकाशका नक्षत्र बन्न पुगे र चम्के त्यसरी नै यस सङ्ग्रहका निबन्धले प्राप्त गरेको सेरोफेरो र त्यसभित्र समेटिएको कुण्ठित मानवतालाई बोक्ने प्रतीकहरू प्राप्त गहिराई र उच्चता टेकेर सारथी कृष्णजस्तै उदात्त बन्न विश्वरूप धारण गर्न र अर्जुन पाठकलाई विस्कित तुल्याइदिन असक्षम छन् भन्न सकिन्न । यी निबन्ध गाग्रोमा सागरलाई समेटेर उभिएका फेला पर्छन् र व्यक्ति कृष्ण

धरावासीको शारीरिक व्यक्तित्वले जस्तै कसैको चर्मचक्षुलाई तान्न असफल भए पनि उनको अन्तर गठनले जस्तै निबन्धले पनि हामीलाई अवश्यमेव आफूतिर आकृष्ट नगरी र वशीभूत नतुल्याई छाड्दैनन् । यसरी प्रत्येक निबन्धले हामीलाई अवश्यमेव आफूतिर आकृष्ट नगरी र वशीभूत नतुल्याई छाड्दैनन् । यसरी प्रत्येक निबन्धले हामीलाई तानेर भावनाको पूर्णभित्र हुल्न र अन्तः मन्थनद्वारा एउटा नयाँ आलोक र दिशा खोज्न प्रेरित गरिरहेका फेला पर्छन् । मलाई लाग्छ निबन्धमा खास गरेर आत्मपरक निबन्धमा, हुनुपर्ने प्रमुख तत्व पनि त्यही हो र यस दृष्टिमा धरावासीको सिद्धि र प्राप्ति प्रशंसनीय हुन पुगेको छ ।

यस सङ्ग्रहमा परेका पात्र, घटना, दृश्यादि सबै नै यथार्थ हुन् । स्थानीय मानिसलाई यी निबन्ध पढ्दा त्यसबाट थप स्वाद पनि प्राप्त हुन्छ । लेखक, लेखकका मातापिता, पोकेबूढी, मोहनक्षेत्री गुणनन्दका शिवप्रसाद दाहालहरू मात्र किन ? शनिश्चरेको पृष्ठभूमिमा खडा गरिएका सबै चित्र, चित्रण, वातावरण वास्तविक हुन् । तर, ती सबैलाई निबन्धकारले कलामा, ढाल्दा व्यवधानरहित प्रस्तुतिद्वारा विशुद्ध कल्पनाको सृष्टि हो भन्ने आधार दिएर खडा गरिदिएका छन् र कही पनि व्यङ्ग्यार्थ बाधित भएको फेला पर्दैन । त्यसरी संस्कारको कल्पनात्मक पुन : सिर्जना भन्न सकिने एकेक निबन्ध त्यहाँबाट सार्वजनिक चरित्र धारण गर्दछन् र स्थान एवम् कलाको सीमा नाकी आनन्दानुभूति प्रदान गर्न सक्षम बन्नपुगेका पाइन्छन् । निबन्धसङ्ग्रह पढ्दा बिभ्फाउने कुरा केही छन् र त्यसको चर्चा गर्नु पनि प्रासङ्गिक लाग्छ पहिलो कुरा निबन्धकार लेखनमा यत्रतत्र आफू गाभिएको अनुभव गराउँछन् र लेखनको तटस्थता कहीँ-कहीँ बधित हुनपुगेको अनुभव हुन्छ । स्रष्टा र सृष्टिको त्यो सम्बन्धबाट कलाको सार्वभौम स्वरूपमा बट्टा नलाग्ला ? प्रश्न खडा हुन्छ । भावको स्वतन्त्र खेलमा स्रष्टा व्यवधान भएर कही पनि उभिइदिनु हुँदैन भन्ने कुराप्रति निबन्धको भावी सतर्कता आवश्यक हुनपुगेको पाइन्छ । अन्यथा यस प्रतिभाशाली निबन्धकारबाट यी प्रारम्भकालीन निबन्धद्वारा प्राप्त उज्जवल भविष्यको आशा दुराशामात्र सिद्ध हुन पनि बेर लाग्ने छैन ।

**बालक हराएको सूचना** (२०४८) निबन्धसङ्ग्रहमा निजात्म शैलीको प्रयोग गरिएको छ । विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका केही निबन्धमा प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ साथै व्यङ्ग्य शैलीको प्रयोग तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । यस सङ्ग्रहका

निबन्धमा कथात्मक शैलीको प्रभाव पनि पाइन्छ । केही निबन्धहरूमा विषयको पुनरावृत्ति पनि पाइन्छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

**बालक हराएको सूचना** (२०४८) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । नेपाली भाषाका उखान टुक्काहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । संस्कृत श्लोकहरूको प्रयोग पनि यस निबन्धसङ्ग्रहमा पाइन्छ । केही आगन्तुक शब्दहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ ।

निबन्धकार कृष्ण धरावासीको पहिलो निबन्धसङ्ग्रह **बालक हराएको सूचना** (२०४८) हो । यसमा बाह्र ओटा निबन्धहरू सङ्गृहीत छन् । यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक, संस्मरणात्मक, प्रश्नात्मक र कथात्मक शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग छ ।

### ४.२.३ नारीभित्र त्यस्तो के छ हजुर (२०५३) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार कृष्ण धरावासीको दोस्रो निबन्धसङ्ग्रह **नारीभित्र त्यस्तो के छ हजुर** (२०५३) हो । यस निबन्धसङ्ग्रहमा चौधओटा निबन्धहरू सङ्गृहीत छन् । प्रस्तुत सङ्ग्रहका निबन्धहरू क्रमशः 'नारीभित्र त्यस्तो के छ हजुर', 'स्याबास सानी', 'अभिव्यक्ति झन् अपांश हुँदैछ', 'बढी रक्सीमा पनि मान्छे रुन्छन्', 'क्षणक्षणका कुरा', 'खोज', 'परम्परा', 'अब एकक्षण एकान्तमा बसौं', 'जसको पनि एकपल्ट बेला आउँछ', 'मुत्युका प्रसङ्गहरू', 'आषाढ पन्ध्र', 'अखरबारको पानामा छरिएका विकृत जिन्दगी', 'यी कुनै घटना होइनन्' र 'आगोका डामहरू' हुन् ।

यस निबन्धसङ्ग्रहका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यी निबन्धहरू सामाजिक,पौराणिक, आध्यात्मिक, पारिवारिक र यथार्थ घटना आदि विषयवस्तुमा आधारित छन् । उनका निबन्धमा सांस्कृतिक विषयवस्तु पनि प्रयोग भएको छ । यिनका सामाजिक विषयवस्तुमा आधारित निबन्धहरूमा नेपाली समाजको सामाजिक व्यवस्था, रितिथिति, संस्कार आदिको चर्चा पाइन्छ । केही निबन्धहरूमा शैक्षिक सन्दर्भलाई विषयवस्तु बनाई नेपाली शिक्षाप्रणालीको चर्चा गरिएको छ । मानिस सामाजिक प्राणी भएकाले समाजमा प्रगति चाहने र विविध कारणहरूले स्वार्थी बन्ने

प्रवृत्तिलाई यस सङ्ग्रहका निबन्धमा चर्चा गरिएको छ । यस सङ्ग्रहका निबन्धमा मानवीय जीवनको उच्च महत्त्वलाई दर्साइएको छ । समाजको विकाससँगसँगै विकसित भएको विज्ञानले अस्त्रशास्त्रहरूको विकास गरेर आज मानवीय जीवनलाई समेत खतरामा पारेको चर्चा यिनका निबन्धमा पाइन्छ । यस सङ्ग्रहका केही निबन्धहरू धार्मिक विषयवस्तुमा आधारित छन् । नेपालीहरू विविध धर्मालम्बीहरू भएको र बेलावखत धर्म परिवर्तन गर्ने प्रवृत्तिको पनि चर्चा यहाँ छ । धार्मिक आस्थामा सोझा रहेका नेपालीहरू सपनामा विश्वास गर्ने चर्चा यस सङ्ग्रहका निबन्धमा छ । नेपाली सहरी क्षेत्रमा बसोबास गर्ने नेपालीहरूमा विदेशी फेसनको प्रभाव परेकामा देशअनुसारको वेश नभएको व्यङ्ग्य प्रस्तुत सङ्ग्रहका निबन्धमा पाइन्छ । आजको नेपाली समाज विकृति र विसङ्गतिका दलदलमा फसेको विचार पनि निबन्धमा आएको छ । यस निबन्धसङ्ग्रहमा भाषा, साहित्य मानवीय व्यवहारको चर्चा छ । राष्ट्रवादी स्वरले ओतप्रोत प्रस्तुत सङ्ग्रहका निबन्धमा देशका राष्ट्रिय भाषाहरूको उत्थान गनुपर्नेमा जोड दिइएको छ । नेपाली भाषालाई उच्च प्राथमिकता दिँदै यस भाषालाई विश्वसामु चिनाउनु सम्पूर्ण नेपालीहरूको कर्तव्य भएको विचार पनि निबन्धमा व्यक्त गरिएको छ । नेपाली समाजमा विकृति फैलाउने महँगो वैवाहिक परम्पराको अन्त्य गर्नुपर्ने विचार यससङ्ग्रहका निबन्धमा छ । नेपाली समाजमा विकृति फैलाउने ठूलो वर्गको शोषकीय परम्पराको अन्त्य गर्नुपर्ने विचार यस सङ्ग्रहका निबन्धमा छ । यस सङ्ग्रहका निबन्धहरू प्रकृतिकेन्द्रित भएकाले आधुनिक सहरिया विकृतिमूलक विसङ्गत जीवनबाट वाक्क भएकाहरूलाई प्रकृतिका शरणमा जान अनुरोध गरिएको छ । निबन्धकार धरावासीको चिन्तन सामाजिक विविधता भित्र वर्गीय सचेततामा नै निबन्ध भएको छ । यस सङ्ग्रहका निबन्धमा धनीहरूप्रति व्यङ्ग्य र गरिब पछौटे हुनाका कारणहरूको चर्चा गरिएको छ । यस सङ्ग्रहका अधिकांश निबन्धहरू धरावासीका वास्तविक जीवन भोगाईसँग सम्बन्धित रहेका छन् ।

**नारीभित्र त्यस्तो के छ हजुर** (२०५३) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका केही निबन्धमा प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ साथै व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । यस सङ्ग्रहका निबन्धमा कथात्मक शैलीको प्रभाव पनि पाइन्छ । केही निबन्धहरूमा विषयको पुनरावृत्ति पनि पाइन्छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

**नारीभित्र त्यस्तो के छ हजुर** (२०५३) निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । नेपाली भाषाका उखान, टुक्काहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । प्रस्तुत निबन्धसङ्ग्रहमा अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । जस्तैः इग्लिश, 'प्रोग्राम' कोमोजिते फ्लो, साइलेन्स इज 'गोल्डेन' आदि । संस्कृत श्लोकहरूको प्रयोग पनि यस निबन्धसङ्ग्रहमा पाइन्छ । केही आगन्तुक शब्दहरू जस्तैः फरेव, ध्याबिन आदि प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ ।

निबन्धकार कृष्णा धरावासीको दोस्रो निबन्ध सङ्ग्रह **नारीभित्र त्यस्तो के छ हजुर** (२०५३) हो । यसमा चौधओटा निबन्धहरू सङ्गृहीत छन् । यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रहको निजात्मक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक, संस्मरणात्मक, प्रश्नात्मक र कथात्मक शैलीको प्रयोग प्रस्तुत सङ्ग्रहमा छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग छ ।

### ४.२.४ उत्तमजंग सिजापतीको आलु (२०५६) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार कृष्ण धरावासीको तेस्रो निबन्धसङ्ग्रह **उत्तमजंग सिजापतीको आलु** (२०५६) हो । यस निबन्धसङ्ग्रहमा सोह्रओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू 'घरको भात', 'मृत्यु त आफूले पो रोज्ने हो', 'पेशा मानेपछि त्यो पवित्र हुन्छ', 'उत्तमजंग सिजापतीको आलु', 'हामी पारिजातहरू', 'सन्दर्भमा-आफ्नै उपनामको चर्चा', 'घर', 'आखाँ भरी बिझाइरहेछन् शरणार्थीका अनुहारहरू', 'अब त यसरी नै बाच्नुपर्ला', 'भोलिपट्टि फर्किएका आँखा', 'नागरिकता बोकी देश जान्छन् नेपालीहरू', 'काँटा चम्चाले खाएर पेट नभर्ने', 'देश भनेको के हो ?', 'सन्तान सुख नै चरम सुख हो ? र देख्न थालेपछि लेख्न छाडेको हुन् ।'

यस निबन्धसङ्ग्रहका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यी निबन्धहरू शैक्षिक, सामाजिक, सांस्कृतिक, धार्मिक, दार्शनिक, वैज्ञानिक, प्राकृतिक, साहित्यिक, ऐतिहासिक, व्यावहारिक र यात्राका दृश्यलाई प्रस्तुत सङ्ग्रहका निबन्धको विषयवस्तु बनाइएको छ । यस निबन्धसङ्ग्रहमा प्रगतिशील स्वर आएको छ । वर्तमान प्रगतिशील चिन्तनले आजका मानिसहरूको प्रगतिमा जोड दिएको विचार प्रस्तुत गरिएको छ । वर्तमान नेपाली समाज कुसंस्कार र अन्धविश्वासले दूषित भएकाले त्यसका निराकरणका लागि प्रगतिशील चिन्तनको खाँचो रहेको विचार यस सङ्ग्रहमा आएको छ । मानवतावादी धर्ममा विश्वास गर्दै अशक्त, गरिब र निमुखा जनताहरूलाई सहयोग

गरी बन्धुत्व जागृत गर्नुपर्ने आवश्यकता रहेको विचार पनि यहाँ प्रस्तुत छ । यस निबन्धसङ्ग्रहका निबन्धमा ब्रह्माण्डीय चिन्तन र वैज्ञानिक विषयवस्तुको चर्चा गरिएको छ । विज्ञानको चमत्कारप्रति अनभिज्ञ हुनु हामी नेपालीको कमजोर पक्ष भएको चर्चा पनि सङ्ग्रहमा छ । नेपाल विश्व जल सम्पदामा धनी, सर्वोच्च शिखर र प्राकृतिक सुन्दरताले भरिपूर्ण देश भएकाले यस देशको सेवा गर्नु हामी सबैको कर्तव्य हो भन्ने राष्ट्रवादी चिन्तन पनि निबन्धमा पाइन्छ । प्रस्तुत सङ्ग्रहका निबन्धमा वर्गीय चिन्तन पनि पाइन्छ । नेपालमा सामन्ती चिन्तनका आडमा निमुखा र अशिक्षित जनताको स्वार्थीपन, असहयोग, वृति, भ्रष्टाचार, प्रशासनिक घुसखोरी आदिका बारेमा चर्चा छ । नेपालीहरूको शारीरिक र वैचारिक स्वास्थ्य सही हुनु पर्ने चिन्तन यहाँका निबन्धमा पाइन्छ । हिजो अस्ति व्यापार गर्न बसेका महाजनहरू देशका पाटीका नेता र मन्त्रीका रहस्यको पर्दाफासको धम्की बोलिएको पाइन्छ । यस निबन्ध जीवन बाँच्नका लागि सङ्घर्ष गर्ने मात्र सफल हुने डार्बिनको विकासवादी सिद्धान्तको चर्चा प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । मान्छेमा मेलमिलाप गर्ने प्रवृत्ति आउनुको सट्टा झगडा र स्वार्थी प्रवृत्तिको हावी भएको र चाकडी र चाप्लुसी प्रवृत्तिको चर्चा यस सङ्ग्रहका निबन्धमा छ । यो निबन्धसङ्ग्रह भौगोलिक ठाउँ विशेषको चर्चामा पनि केन्द्रित छ । कन्काइ नदी र झापाको शनिश्चरेका ऐतिहासिक तथा धार्मिक महत्त्वको चर्चा पनि निबन्धसङ्ग्रहका निबन्धमा पाइन्छ । परम्परागत पुरुषवादी सामन्ती संस्कारको विरोध र नारीवादी समानताको चर्चा यस सङ्ग्रहका निबन्धमा छ । नेपालीहरूको मपाईंत्व र आडम्बरी प्रवृत्तिको चर्चा यस सङ्ग्रहमा छ । कुनै पनि मनिसले कसैको शोषण गर्न नपाइने र विद्यमान हिंसा र आतङ्क सदाका लागि अन्त्य गर्नुपर्ने विचार प्रस्तुत सङ्ग्रहका निबन्धमा पाइन्छ । यस निबन्धसङ्ग्रहमा नेपालीलाई भुटानले फकाएर आफ्नो देश लगी श्रमशोषण गरी भाषा धर्म संस्कारको निहुपारी नेपालमा फिर्ता हुन बाध्यात्मक बनाइएको छ । उनीहरूले नेपाली संस्कारलाई भुटानभित्र पनि सानो नेपाल भएको यथार्थलाई निबन्धकारले व्यक्त गरिएको छ । भुटानीहरू नेपाल लखेटिएर सानो छाप्रोमा जीविका गुजारे पनि उनीहरूको प्रकृतिक नियम जन्म, मृत्यु, विवाह को संस्कार भने निरन्तर हुन्छ । प्रकृतिको नियमलाई मान्छेले रोकेर नरोकिने कुरा निबन्धसङ्ग्रहमा पाइन्छ । मान्छे दूबोजस्तै छ, उखेलेर जहाँ फालेस त्यो हरियो हुन्छ, फेरि जऱ्याकजुरुक्क उट्छ फैलन्छ । आफ्नो जरासँगै भन्दै मान्छेका तीव्रशक्तिको वृद्धिको व्यङ्ग्य गरिएको पाइन्छ । कुनै पनि मानिसले कसैको शोषण गर्न नपाइने र विद्यमान हिंसा र आतङ्क सदाका लागि अन्त्य गर्नुपर्ने विचार प्रस्तुत सङ्ग्रहका निबन्धमा पाइन्छ । क्रान्ति नगरी शान्ति नहुने प्रगतिवादी चिन्तन भएको यस

सङ्ग्रहका निबन्धमा यथास्थिति प्रवृत्तिको अन्त्य नभएसम्म राष्ट्र विकासको खुड्किलामा नचढ्ने हुनाले जतिसक्दो चाँडो यसको अन्त्य गर्नुपर्ने विचार पाइन्छ । सादा जीवन र उच्च विचारले मानिसलाई महान् बनाउने भएकाले त्यसतर्फ हामीले सबैको ध्यान जानुपर्नेमा जोड दिएको छ । निबन्धसङ्ग्रहमा निबन्धकारले आफ्नो नाम कृष्णप्रसाद भट्टराईबाट २०३५ सालमा कृष्ण धरावासी परिवर्तन गरेको पाइन्छ । **उत्तमजङ्ग सिजापतिको आलु** (२०५६) निबन्धसङ्ग्रहमा संस्मरणात्मक विषयवस्तुको प्रयोग पनि छ । यस सङ्ग्रहका संस्मरणात्मक निबन्धहरूमा विभिन्न शरणार्थीका अनुहारहरूको जानकारी, नेपाली तथा विदेशी भू-भागका नेपालीको वर्णन, धार्मिक मान्यता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाजको चर्चा पाइन्छ । राष्ट्रमा एकातिर भोकमरीको समस्या टड्कारो रहेको र अर्कोतिर शरणार्थीको भुटान सरकारले औपचारिक रूपमा अनेकौं षड्यन्त्र र यातना दिएर भाग्न बाध्य गराएपछि आफ्नो पुर्खाको थलो खोज्दै भारतीय मार्गबाट नेपाल प्रवेश गरेको यथार्थ घटना पाइन्छ । विदेशिएका नेपाली प्रवासीको जीवन कुल्ली, पाले भरिया र चौकीदार भएर बितिरहेको यथार्थलाई यस सङ्ग्रहका निबन्धमा प्रस्तुत गरिएको छ । यस निबन्धसङ्ग्रहमा नेपाली भूमिमा नेपालले आफ्नो संस्कार बिर्सँदै गएको तर प्रवासमा गएर पनि आफ्नो नेपाली संस्कार कायम राखेको यथार्थ संस्कार लिएर आएका शरणार्थीको भाषा, साहित्य, संस्कारले सम्झाएको छ । प्रवासिएका नेपालीको अवस्था दयनीय भएको प्रस्तुत निबन्धमा पाइन्छ ।

**उत्तमजङ्ग सिजापतिको आलु** (२०५६) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । निबन्धकार धरावासी यथार्थ जीवनमा घटेका र भोगेका घटनाहरूलाई कलात्मक शैलीमा प्रयोग गरी प्रस्तुत गरिएको छ । व्यङ्ग्य शैलीको प्रयोग यस निबन्धसङ्ग्रहमा छ । संस्मरणात्मक शैलीको प्रयोग पनि यस सङ्ग्रहमा छ ।

**उत्तमजङ्ग सिजापतिको आलु** (२०५६) मा सरल नेपाली भाषाको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । स्थानीय भाषिकाको प्रभाव यस सङ्ग्रहका निबन्धमा पाइन्छ । संस्कृतका श्लोकहरू, उखान, नेपाली र अङ्ग्रेजी भाषाका उखान टुक्काहरूको प्रयोग पनि यस सङ्ग्रहमा छ ।

निबन्धकार धरावासीको तेस्रो निबन्धसङ्ग्रह **उत्तमजङ्ग सिजापतिको आलु** (२०५६) हो । सोह्रओटा निबन्धहरू सङ्कलित भएको यस सङ्ग्रहका विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक र

संस्मरणात्मक शैलीको प्रयोग भएको प्रस्तुत निबन्धसङ्ग्रहमा तत्सम्, तद्भव र आगन्तुक नेपाली शब्दको प्रयोग पनि भएको पाइन्छ ।

### ४.२.५ निष्कर्ष

समग्रमा कृष्ण धरावासी (२०१७) उत्कृष्ट निबन्धकार हुन् । उनले तीनओटा **बालक हराएको सूचना** (२०४८), **नारीभित्र त्यस्तो के छ हजुर** (२०५३) र **उत्तमजङ्ग सिजापतिको आलु** (२०५६) निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । यिनका निबन्धसङ्ग्रहहरूमा विषयगत विविधता पाइन्छ । यिनी यथार्थ जीवनमा घटित घटनाहरूलाई निबन्धको रूप दिने कुशल निबन्धकार हुन् । यिनी आत्मपरक निबन्धकार हुन् । बौद्धिकता, व्याङ्ग्यात्मकता, वैचारिकता, चिन्तनशीलता, यथार्थता, निजात्मकता र समसामयिकता यिनका निबन्धगत प्रवृत्तिहरू हुन् । सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग यिनका निबन्धमा पाइन्छ । धरावासी झापाका निबन्धकारहरूमा प्रतिनिधि निबन्धकार हुन् ।

## ४.३ निबन्धकार भीष्म उप्रेती (२०२४)

४.३.१ वि.सं. २०२४ मा झापाको शनिश्चरे-३ मा जन्मेका भीष्म उप्रेती उत्कृष्ट निबन्धकार हुन् । उनी नेपाली साहित्यमा कविता विधाबाट देखापरेका हुन् । उनले पहिलो निबन्ध २०३७ सालमा **मेरो महत्त्वाकाङ्क्षा विनाशको प्रतीक** शीर्षकमा कलम चलाएका हुन् । निबन्धकार उप्रेतीको पहिलो निबन्धसङ्ग्रह नियात्रा लेखनतर्फ उनको विशेष अनुराग देखिन्छ । **यात्राका केही थुङ्गा फूल** (२०४६) शीर्षकको नियात्रा प्रकाशन प्रश्चात उनको निबन्ध यात्राले औपचारिक रूप लिएको हो । उनको दोस्रो नियात्रा लेखन **नीलोपानी र नीला भावनाहरू** (२०५५) हो । उनको तेस्रो नियात्रा सङ्ग्रह **लहरलहरका अक्षरहरू** (२०५८), चौथो नियात्रा सङ्ग्रह **तहेरान डायरीको एक साता** ( २०६३) र पाँचौ नियात्रा सङ्ग्रह **घर फर्कने दिने** हुन् । यी  नियात्रा सङ्ग्रहका अतिरिक्त उनको प्रथम निबन्ध सङ्ग्रह **संवेदनाका स्वरहरू** (२०५४, संयुक्त सङ्कलन) र दोस्रो निबन्धसङ्ग्रह **हिडदै गर्दा** (२०६१) हुन् । यि बाहेक विभिन्न पत्रपत्रिकामा उनका निबन्धहरू प्रकाशित छन् । यहाँ उनका निबन्धात्मक कृतिहरूको अध्ययन गरिएको छ ।

### ४.३.२ संवेदनाका स्वरहरू (२०५४) संयुक्त सङ्कलनको अध्ययन

निबन्धकार भीष्म उप्रेतीको पहिलो निबन्धसङ्कलन **संवेदनाका स्वरहरू** (२०५४) हो । यस निबन्ध सङ्कलनमा चारओटा निबन्धहरू सङगृहीत छन् । तिनीहरू **काठमाडौंलाई सम्बोधन, समय नदी र म, पहाड र मर्नु** र **बाँच्नुको दोसाँध**मा हुन् ।

यस निबन्ध सङ्कलनका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यी निबन्धहरू रागात्मकता वा काव्यात्मकताले उनका निबन्धहरू परिपूर्ण हुन्छन् । आत्मपरक शैलीलाई अंगीकार गरी स्वच्छन्दतावादी चेतको अभिव्यञ्जन गर्नु उनको विशेषता हो । चिन्तनशीलता र व्यङ्ग्यात्मकताले सजिएका निबन्ध रचनाहरूमा अनुभूतिको तीव्रता एवम् प्रतीकात्मकताको व्यक्ति देखापर्दछ । प्रस्तुत सङ्ग्रहको 'पहाड' निबन्धमा मिठासपूर्ण अभिव्यक्तिका माध्यमले पहाडमय जीवनको चित्र उतार्ने प्रयास गरिएको छ । मान्छेका लागि पहाड निर्विकल्प छ भन्दै मृत्युलाई सर्वाधिक कठिन पहाडको संज्ञा निबन्धकारले दिएका छन् । मानव जीवनले पहाड भत्काएर बाटाको निर्माण गर्छ । पहाडको चुचुरो सफलताको प्रतीक हो । प्रत्येक मानवको अभियान त्यसै चुचुरो तर्फ लक्षित हुन्छ भनेका छन् । निर्माणको गति सहज र सन्तुलित हुनुपर्छ । असन्तुलित भएर बदलेमा आपति आइलाग्ने कुरातर्फ पनि लेखकले संकेत गरेका छन् । आत्मविश्वासको पहाडलाई हल्लाउने अनेक हुरी बतास आउन सक्छन् । धैर्यपूर्वक तिनको सामना गरेर गन्तव्यतर्फ बढ्नु आवश्यक छ । जीवन हरियाली चाहन्छ । समुद्र किनारमा उभिएर पहाडभन्दा जीवनको अवलोकन गर्ने कार्य यस निबन्धमा उप्रेतीले गरेका छन् ।

'काठमाडौंलाई सम्बोधन' शीर्षक निबन्धमा काठमाडौंसित एकाकार भएको निबन्धकारको अभिव्यक्ति प्रकटिएको छ । काठमाडौंका महत्त्वपूर्ण ठाउँ तथा शिक्षालयको सम्भना गर्दै यी ठाउँ धेरैको सुख, दुःखको साथी, कार्य स्थल एवम् उन्नतिको परिवेश भएको तथ्यलाई अघि सारिएको छ । यहाँको घामपानी बेहोरेर जीवनलाई उन्नतिका बाटामा लम्काउन समर्थ लेखक काठमाडौंमै आत्मसात भइसकेका छन् । काठमाडौंमा बाँच्नका लागि गरिएका संघर्षको चर्चा पनि यसमा छ । पर्याप्त प्राप्ति भएपछि काठमाडौंलाई लत्याएर हिड्ने मनोवृत्ति भएका ठूला बडा नेताहरूप्रति व्यङ्ग्यसमेत गरेका छन् । निबन्धकारले संवदेनशील बनेर काठमाडौंको दुर्भाग्यप्रति सहानुभूति पनि अभिव्यक्तिएको छ । सर्वसाधारणबाट काठमाडौं अपदलित छैन, जदाकै पात्र बनेको छ । काठमाडौंको मायामा लेखक पग्लिएका छन् । काठमाडौंको मानवीकरण संवेदनशीलतालाई यथार्थ धरातलमा टेकेर गरिएको प्रस्तुत निबन्धमा निबन्धकार निकै सफल देखिन्छन् ।

'समय, नदी र म' निबन्धमा समयलाई छाम्ने प्रयास गरिएको छ । समयले दिएका उदाहरणहरूबाट आफू सुशोभित भएको अभिव्यक्ति नै वास्तविकताका निकट रहेको आभास हुन्छ । नदी समुद्रमा विलिन भएपछि त्यसको अस्तित्व मेटिन्छ ।

अस्तित्वको खोजी यस निबन्धमा प्रस्तुत भएको तड्कारो पक्ष हो, जिज्ञासा हो । जीवनलाई क्लान्त थकित समयले बनाउँछ । जीवनका आशाहरू मरेका छैनन्, उत्साह सेलाएको छैन । समयको निर्दयातामाझ जीवन सपनाको खोजी गर्ने मनसाय लेखकको छ । नानीहरूका सुन्दर भविष्यको कल्पना गरिएको छ । अनुकूल समयको चाँहना लेखकमा छ । समयको सेरोफेरोमा विचार तरङ्गहरू प्रवाहित गराई जीवनमूल्यको खोजी गर्ने प्रयास निबन्धकारले गरेका छन् ।

'मर्नु र बाँच्नुको दोसाँधमा' शीर्षक निबन्धमा पनि समयकै विश्लेषण गरिएको छ । यसमा जीवन मृत्युको अकाट्य सम्बन्धमा केन्द्रित रहेर निबन्धकारले समयले मृत्युका नजीक धकेलेको वास्तविकतालाई अभिव्यक्त गरेका छन् । श्रमिकहरूको जीवन बरु आन्ददायी हुन्छ, कर्ममय हुन्छ, भोक र निद्राले चुम्ने खालको हुन्छ । यी सम्पूर्ण जटिलता र व्यवधानका माझमा आनन्दमय जीवनको चाहना निबन्धकारले गरेका छन् । अस्थिरताले जीवनलाई सधैं कोपर्छ । सुखम जीवन बाँच्ने अरूको चाहना पनि पूरा होस भन्ने कामना समेत उप्रेतीले अभिव्यक्त गरेका छन् ।

**संवेदनाका स्वरहरू** (२०५४) संयुक्त सङ्कलन निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका केही निबन्धमा प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ । साथै व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । यस सङ्ग्रहका निबन्धमा कथात्मक शैलीको प्रभाव पनि पाइन्छ केही निबन्धहरूमा विषयको पुनरावृत्ति पनि पाइन्छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

**संवेदना स्वरहरू** (२०५४) संयुक्त सङ्कलनका निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । नेपाली भाषाका उखान टुक्काहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ । प्रस्तुत निबन्धसङ्ग्रहमा अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । सस्कृत श्लोकहरूको प्रयोग पनि यस निबन्धसङ्ग्रहमा पाइन्छ । केही आगन्तुक शब्दहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धमा छ ।

भीष्म उप्रेतीको यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक निबन्ध सङ्कलन हो । निजात्मक, व्यङ्ग्यात्मक, संस्मरणात्मक, प्रश्नात्मक र कथात्मक शैलीको प्रयोग प्रस्तुत सङ्कलनमा छ । यस निबन्धसङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग छ ।

### ४.३.३ हिड्दै गर्दा (२०६१) निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार भीष्म उप्रेतीको दोस्रो निबन्धसङ्ग्रह **हिड्दै गर्दा** (२०६१) हो । यस निबन्धसङ्ग्रहमा सत्र ओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू **एक्काइसौं शताब्दीको नेपाली निबन्ध, बीचमा रहेछु म, अर्थात दाहाल सर, त्यो किताब किनेको क्षण, म यही एकपल जीवनको तृषित, कसरी बाँधू समयलाई, लेख्नुको मज्जा, मायाको रङ्ग, मुस्कुराऊ, मुस्कुराऊ र अझ मुस्कुराऊ, यात्रामा, एकातिर विगत र अर्कोतिर वर्तमानलाई सम्हालेर, नदीजस्तै बग्नुपर्छ जीवनले, आकाश खस्यो भने के हुन्छ ?, प्रेम काका, समय, नदी र म, काठमाडौंलाई सम्बोधन, र पहाड** हुन् ।

यस निबन्धसङ्ग्रहका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यी निबन्धहरू सामाजिक, पौराणिक, आध्यात्मिक, पारिवारिक र यथार्थ घटना आदि विषयवस्तुमा आधारित छन् । यात्रानिबन्ध बढी लेख्न मन पराउने भीष्म हिँड्न मन गर्छन् । हिडेकै कुरा लेख्छन्, लेखिएका पनि छन् । यस कृतिमा पनि त्यस्ता यात्रीय निबन्धहरू केही परेका छन् तर ती यात्रा संस्मरणका रूपमा होइनन्, निबन्ध बन्न खोज्दा यात्रा मिसिन आएका मात्र देखिन्छन् । अनिश्चतता, अनिवार्यता र सम्भाव्यताहरूको जीवनबोध बोक्ने भीष्मका निबन्धमा लीलाचेतहरू पनि पसेका देखिन्छन् । उनका निबन्धमा सांस्कृतिक विषयवस्तु पनि प्रयोग भएको छ । यिनका सामाजिक विषयवस्तुमा आधारित निबन्धहरूमा नेपाली समाजको सामाजिक व्यवस्था, रीतिथिति, संस्कार आदिको चर्चा पाइन्छ । मानिसले आफ्ना जीवनमा झेल्नुपर्ने पेसागत समस्याहरूका बारेमा यिनका निबन्धमा चर्चा गरिएको छ । मानिस सामाजिक प्राणी भएकाले समाजमा प्रगति चाहने र विविध करणहरूले स्वार्थी बन्ने प्रवृत्तिलाई यस सङ्ग्रहका निबन्धमा चर्चा गरिएको छ । बाबुआमाको काखभन्दा ठूलो सत्य र सुरक्षा बालकलाई अरू नहुने उनका निबन्धमा पाइन्छ । यस सङ्ग्रहका निबन्धमा आफ्नो मात्र होइन, कसैको पनि जीवन उपलब्धिमूलक बनेर फक्रनुको सट्टा निराशा र कुण्ठाले विकृत बन्दै ओइलाएको हेर्नुपर्‍यो भन्ने त्यो क्षण लेखकका लागि दुर्भाग्य हुने चर्चा यिनका निबन्धमा पाइन्छ । यस सङ्ग्रहका निबन्धमा मानवीय जीवनको उच्च महत्त्वलाई दर्साइएको छ । समाजको विकाससँगसँगै विकसित भएको विज्ञानले द्वन्द्वको विकास गरेर आज बालमानव मस्तिकमा समेत खतरामा पारेको चर्चा आकाश खस्यो भने के हुन्छ ? निबन्धमा पाइन्छ । यस सङ्ग्रहका केही निबन्धहरूमा यथार्थ घटनाका विषयवस्तुमा आधारित छन् । नेपालीहरूले काठमाडौं सहरमा सबैभन्दा धेरै जसले भोगेका छन्, उनीहरू नै वेश्या भनिरहेका छन् । काठमाडौंलाई सबैभन्दा धेरै जसले

टेकेर जसले थिचेका छन् उनीहरू नै कठपुतली र दुईजिब्रे भनिरहेका छन् भन्ने कुरा लेखकले देखाएका छन् । वास्तवमा काठमाडौंलाई न गाली गर्छन न घृणा नै । यसरी लेखकले मान्छेको नैतिकताको दुर्गति हेरिरहेको चर्चा यस सङ्ग्रहमा पाइन्छ । निबन्धकारले आफूलाई स्वयम्भूका आँखामा राम्रोसँग हेरेमा आफूलाई, आफ्नो आकरलाई पनि राम्ररी नियाल्न सकिनेछ र देख्न सकिनेछ- मान्छे कसरी विस्थापित भइरहेछ मान्छे कै भीडभिबाट भनेका छन् । काठमाडौंको अव्यवस्थित र अराजकताको व्यङ्ग्य आफूभित्र गुम्सिदै र सल्कदै गएका भावनाहरूलाई अभिव्यक्त गरेको पाइन्छ । आजको नेपाली समाज विकृति र विसङ्गतिका दलदलमा फसकेको विचार पनि निबन्धमा आएको छ । यस निबन्धसङ्ग्रहका मानिसले आफ्नो भविष्यकै निर्माण गर्न आफ्नो घर परिवार साथीसँगी सबै त्यागेर सङ्घर्षगर्दै अगाडि बढेमा पहाड पनि सहज रूपमा उक्लन सक्ने तर आफ्नो यात्रामा पछि फर्केर हेनुन हुने उप्रेतीले बताएका छन् । दुःखको पहाड ननाछीकन सपनाको पहाड भेटिदैन, उदासीनताको पहाड नकाटीकन आकाङ्क्षाको पहाड भेटिदै । चोटहरू र विश्वासघातको पहाडलाई होच्याउन विश्वासले पहाड नभई हुँदेन भनेर चर्चा गरेको पाइन्छ । विश्वासले पहाड भत्काएका मृत्युको पहाड नाघ्न हिडेको व्यक्ति दुर्भाग्य हुनेछ विश्वास र सपना भत्केर पहाडले थिचेर मर्नेछ भनेर व्यङ्ग्यप्रहार गर्दै मानिसले आत्मविश्वासलाई सम्मान गर्नुपर्ने चर्चा यसनिबन्धसङ्ग्रहका निबन्धमा पाइन्छ । यी निबन्धसङ्ग्रहमा भाषा, साहित्य, मानवीय व्यवहारको चर्चा छ । राष्ट्रवादी स्वरले ओतप्रोत प्रस्तुत सङ्ग्रहका निबन्धमा देशका राष्ट्रिय भाषाको उत्थान गर्नुपर्नेमा जोड दिइएको छ । नेपाली समाजमा विकृति फैलाउने रुढिवादी सोचलाई त्यागी छोरा र छोरीलाई समान व्यवहार गर्नुपर्ने विचार यस सङ्ग्रहका निबन्धमा छ । यस सङ्ग्रहका निबन्धहरू प्रकृतिकेनिद्रत भएकाले आधुनिक सहरिया विकृतिमूलक विसङ्गत जीवनबाट वाक्क भएकाहरूलाई प्रकृतिका शरणमा जान अनुरोध गरिएको छ । उप्रेतीका निबन्ध्मा बालकपनको संस्मरण, साथी, परिवार, आफन्तको असामयिक मृत्यु र गुरुको प्रेरणाको समेत वर्णन गरिएको पाइन्छ । यस सङ्ग्रहका निबन्धमा धनीहरूप्रति व्यङ्ग्य र गरिब पछौटे हुनाका कारणहरूको चर्चा गरिएको छ । यस सङ्ग्रहका अधिकांश निबन्धहरू उप्रेतीका वास्तविक जीवन भोगाइसँग सम्बन्धित रहेका छन् ।

**हिँड्दै गर्दा** (२०६१) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । विविध घटनाहरूलाई विषयका केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहका केही निबन्धमा प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ साथै व्यङ्ग्य शैलीको प्रयोग गरी

तत्कालीन समाजसापेक्ष निबन्धहरूको रचना गरिएको छ । यस सङ्ग्रहका निबन्धमा कथात्मक शैलीको प्रभाव पनि पाइन्छ । केही निबन्धहरूमा विषयको पुनरावृत्ति पनि पाइन्छ । आलङ्कारिक शैलीको प्रयोग पनि प्रस्तुत निबन्धसङ्ग्रहमा छ ।

**हिड्दै गर्दा** (२०६१) निबन्धसङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । निबन्धकार उप्रेतीका यथार्थ जीवनमा घटेका र भोगेका घटनाहरूलाई कलात्मक शैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । व्यङ्ग्य शैलीको प्रयोग यस निबन्धसङ्ग्रहमा छ  नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग पनि यस सङ्ग्रहमा छ ।

**हिडदै गर्दा** (२०६१) मा सरल नेपाली भाषाको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । स्थानीय भाषिकाको प्रभाव यस सङ्ग्रहको प्रयोग पनि यस सङ्ग्रहमा छ । निबन्धका भीष्म उप्रेतीको दोस्रो निबन्धसङ्ग्रह **हिड्दै गर्दा** (२०६१) हो । सत्र ओटा निबन्धहरू सङ्कलित भएको यस सङ्ग्रहमा विषय विविधता पाइन्छ । यो आत्मपरक निबन्धसङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक, नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग भएको प्रस्तुत निबन्धसङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दको प्रयोग पनि भएको पाइन्छ ।

### ४.३.४ यात्राका केही थुङ्गा फूल (२०४६)

निबन्धकार भीष्म उप्रेतीको पहिलो नियात्रासङ्ग्रह **यात्राका केही थुँगा फूल** २०४६ हो । यस नियात्रासङ्ग्रहमा पाँच ओटा नियात्राहरू सङ्गृहीत छन् । तिनीहरू **इलामतिर उचालिएको पाइला, एक धर्सो मुस्कान र एक थोपो आँसु, फाँट फाँटमा रमाएको मन, घाम झल्कने दिशातिर र बाँसाझ्याँग** र **हरिया रुखहरूको छायाँमुनि** हुन् ।

यस नियात्रासङ्ग्रहका नियात्राकार विषयगत विविधता पाइन्छ । यी यात्रावृतहरू एउटा छोटो र सीमित यात्राबारे लेखिएको सानो यात्रावृत हो । र यसमा त्यति रोमाञ्चक यात्राको वर्णन छैन । तर पनि यसमा प्रयुक्त भाषा-शैली र यसलाई अभिव्यक्ति दिने लेखकको अन्तरङ्ग भावात्मक इमानदारी र हार्दिकताले यसलाई काव्यात्मक अनुभूति दिएर पाठकको मनमा अत्यन्त ललित रागको उद्वोधन गराउँछ । यस नियात्रासङ्ग्रहमा काठमाडौंदेखि इलाम, दार्जिलिङ र झापासम्म भएर टुङ्गिएको यस छोटो यात्रामा यात्रावृतका सबै लक्षणहरू पूर्ण छन् । यस यात्रावृतमा इलाम गएर यो एकपल्ट महानन्द पुरस्कार समाहोहमा मात्र सीमित भएर यो एकपटक संस्मरण मात्र हुन पुग्योकि जस्तो लाग्छ । किनभने काठमाडौंबाट इलाम पुगेपछि लौत भने त्यसको यात्रानै टुङ्गिएर घटनाहरू स्थिर भएर एउटा मियाको वरिपरि मात्र केही गतिशील

भएझैं लाग्छन् । तर समारोह सकिएपछि यो पुनः गतिशील भएर पशुपतिनगर फिक्कन र दार्जीलङ बदन थाल्छ । यो संस्मरणको परिधिबाट मुक्त भएर आफ्नो रोचक शैलीमा विभिन्न भौगोलिक र प्राकृतिक चित्रकारी कोर्दै, विभिन्न चालचलन र संस्कृतिमा बढेका विभिन्न चरित्रहरूसँग आत्मकथा स्थापित गर्दै भावनाहरू आत्मीयतासँग हास्तै खेल्दै गन्तव्यति र बढेको पाइन्छ । लेखकले विभिन्न प्राकृतिक भौगोलिक स्थान, विभिन्न समाज र संस्कृतिमा हुर्के बढेका पात्र उनीहरूको चरित्र सामाजिक, आर्थिक राजनीतिक स्थितिसँग तादाम्यताद्वारा पाठकमा त्यस विषयको अनुभूति जगाउनु देखिन्छ । यात्राको सन्दर्भमा साक्षता भएका देशको भौगोलिक प्राकृतिक बनोटका साथै समाजको आर्थिक, सांस्कृतिक र चरित्रगत स्वरूपलाई पाठक समक्ष छर्लङ्ग्याएर राख्नु र त्यसैको प्रवाहमा उसको भावनालाई तरंग्याउन सकेकोमा यात्रावृत लेख्नुको सफलता देखिन्छ । लेखकले राजनीतिक सांस्कृतिक इतिहासभन्दा यात्रावृतमा चित्रित इतिहास सत्यको बढी निकट हुने कुरा चासो गरेको पाइन्छ । यस यात्रावृतमा लेखक स्वयम्पनि सँगसँगै यात्रा गर्दै त्याहाका समाज, प्रकृति, पात्र र संस्कृतिसँग केबल तथ्या रूपले मात्र होइन भावनात्मक रूपले पनि तादात्म्यता स्थापना गर्दै रहेको देखिन्छ । लेखकले देशको राष्ट्रियता बेचेको चर्चा कोशी सम्झौताले लेखकको मनमा राष्ट्रियता गुमेको सन्दर्भलाई पाठक सामु पुऱ्याएको देखिन्छ । लेखकले नेपाली किसानको दयनीय अवस्था, आकाशे खेतीमा भर पर्नुपर्ने कुरा यस यात्रावृतमा चर्चा गरेका छन् । यो नियात्रावृतमा आजको नेपाली समाज विकृत र विसङ्गतिका दलदलमा फसेको विचार पनि नियात्रामा आएको छ । प्रशासनको जिम्मा लिएर कुर्सीमा बसेकाहरूलाई एउटा हड्डीको टुक्रामा झगडा गर्दा नै फुसर्द छैन भन्दै त्यस बेलाको सरकार प्रमुखलाई व्यङ्ग्यप्रहार गरेको पाइन्छ । उनका नियात्रामा जनता कै दुःख सुखलाई आफ्नो सर्वस्व मानेर अघि बढ्ने मान्छेलाई जनताले पनि जहिलेसुकै र जहाँसुकै भए पनि उचित सम्मान र पुरस्कार दिएरै छाड्ने विचारचर्चा गरेको पाइन्छ । लेखकले जनताको हार्दिकता, स्नेह र सद्भावना धन, सम्पत्ति र भौतिक सुखभन्दा धेरै धेरै ठूलो हुने चर्चा यहाँ छ । जीवनसँगै बाँच्ने सँगै मर्ने कसम खाएर हिडेपछि सुखः दुख दुवै ठाउँमा उतिकै हार्दिकतासाथ सघाउदैन भन्ने त्यस्तो केजीवन साथी ? भन्दै आफ्नो भावना व्यक्त गरेका छन् । यस नियात्रावृतमा कपट र छलछाम गरेर अथवा झुटो कुराहरूको प्रचार गरेर सत्यलाई जतिसुकै छोप्न खोजे पनि सत्यको अस्तित्व मेटिएर जादैन र त्यो एक निद उदांग भएर सबैका सामुने देखिन्छ । किनभने संसारमा सत्यभन्दा बालियो अरू केही नहुने बताएको पाइन्छ । यस यात्रावृतमा नेपालको पूर्वतिर बोलिने भाषा र काठमाडौंको नेपली भाषामा सामान्य अन्तर भएको देखाएका छन् । यस नियात्रावृतमा

आमा निश्वार्थ प्रेमको भावना हुने बताएका छन् । रगतको नातामात्र नातानभएर आत्मीयताको नातापनि नाता हुने बताएका छन् । लेखकले जीवनभन्दा सुन्दर रचना सृष्टिमा अरू केही नभएको बताएका छन् । यस नियात्रावृतमा । **यात्राका केही थुँगा फूल** (२०४६) नियात्रासङ्ग्रहमा नियात्रापरक विषयवस्तुको प्रयोग छ । यस सङ्ग्रहका यात्रासम्बन्धी निबन्धहरूमा विभिन्न ठाउकै भौगोलिक जानकारी, नेपली तथा विदेशी भूभागको वर्णन, साहित्य मान्यता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाजको चर्चा पाइन्छ । राष्ट्रमा एकातिर खडेरी लागेर भोकमरीको समस्या टड्कारो रहेको र अर्कोतिर ठूला ठालुले निमुखा जनतालाई दुःखदिएर शोषण गरेको व्यङ्ग्य यस सङ्ग्रहमा छ । यस सङ्ग्रहमा नेपाली भौगोलिक, साहित्यक, सामाजिक भाषाभाषिको चित्रण गरेको पाइन्छ । यस नियात्रासङ्ग्रहका नियात्रामा नेपाली भूमिका नदीहरूमा बाँधबाधी मालिक बन्ने विदेशी राष्ट्रहरूका विरुद्ध सम्पूर्ण नेपालीहरूले आवाज उठाउनुपर्ने जोड दिइएको छ ।

**यात्राका केही थुँगा फूल** (२०४६) नियात्रासङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । नियात्राकार उप्रेतीका यथार्थ जीवनमा यात्रा गरेर देखेका र भोगका घटनाहरूलाई कलात्मक शैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । व्यङ्ग्य शैलीको प्रयोग यस नियात्रा सङ्ग्रहमा छ । नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग यस सङ्ग्रहमा छ ।

**यात्राका केही थुँगा फूल** (२०४६) मा सरल नेपाली भाषाको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । स्थानीय भाषिकाको प्रभाव यस सङ्ग्रहका नियात्रामा पाइन्छ । नेपाली र अङ्ग्रेजी भाषाका उखान टुक्काहरूको प्रयोग पनि यस सङ्ग्रहमा छ ।

नियात्राकार भीष्म उप्रेतीको पहिलो नियात्रासङ्ग्रह **यात्राका केही थुँगा फूल** (२०४६) हो । पाँचओटा नियात्राहरू सङ्कलित भएको यस सङ्ग्रहमा विषय विविधता पाइन्छ । यो आत्मपरक नियात्रा सङ्ग्रह हो । निजात्मक व्यङ्ग्यात्मक नियात्मपरक र संस्मरणात्मक शैलीको प्रयोग भएको प्रस्तुत नियात्रा सङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दको प्रयोग पनि भएको पाइन्छ ।

### ४.३.५ नीलो पानी र नीला भावनाहरू (२०५५) नियात्रासङ्ग्रहको अध्ययन

नियात्राकार भीष्म उप्रेतीको दोस्रो नियात्रासङ्ग्रह **नीलो पानी र नीला भावनाहरू** (२०५५) हो । यस नियात्रासङ्ग्रहमा सात ओटा नियात्राहरू सङ्गृहीत छन् । तिनीहरू **सपनाका खुट्टाले टेकेर, श्वेत शिखरहरूतिर, सल्लाका छायाहरू टेक्दै टेक्दै, मृत्युसँग**

**लुकामारी खेल्दै, कर्णाली जहाँ मच्चा कहलाउँछे, स्निग्ध, पवित्र, कोमलः मानसरोवरको जल र नीलो पानी, नीलो स्वच्छता र नीला भावनाहरू** हुन् ।

प्रस्तुत नियात्रासङ्ग्रह एउटा यात्राको वर्णन मात्र होइन, प्रकृतिप्रति पाठकहरूका निम्ति हार्दिकता सिञ्चित नौलोउपहार पनि हो । यस सङ्ग्रहका यात्रीले जसरी अनुपम सौन्दर्यले टिलपिलाएका रमणीय स्थानलगायत चर्चित मानसरोवरसम्मको यात्रामा जुन आनन्द र मनोरमता हृदय तृप्त होइन्जेल पिए, त्यसरी नै उनका अनुभूतिको पाठकहरूलाई पनि कुतूहलतासाथ पिउन उत्साहित गरिरहेको छ । यस नियात्रा सङ्ग्रहमा लेखक उनीहरूका साथ आफू मात्र छुटेको अनुभूति पनि भएको छ भने निबन्धात्मक प्रस्तुतिले भावनाको सौन्दर्य मात्र होइन, सौन्दर्यको गम्भीरता र गहनतालाई समेत छोएको छ । उत्साहका पङ्खा उचालेर रहरका लहरसँगै बगेका यात्रीले सपनाका खुट्टाले टेकेरै भए पनि सेता शिखरको यथार्थ यात्रामा निस्कदा कतै सल्लाका छायाँको शीतलता र आनन्द पाए भने कतै मृत्युसँग लुकामारी खेल्दै मानसरोवरको पवित्र, कोमल र स्वच्छ जल हुने काम आफूले मात्र पूरा गरेनन्, अरूलाई पनि छुन अभिप्रेरित गरेका छन् । उत्साहले भरेका छन् । पाठकलाई शाश्वत अनुभूति र भाव भिव्यक्तिलाई नियात्रासङ्ग्रहको माध्यमले सधैं जीवन्त राखी नेपाली भाषा-साहित्य कला, संस्कृति र शिक्षाको विकासमा योगदान पुऱ्याउने अविचल यात्रामा रहेका लेखकले यात्राका भाव संवेग र लेखन श्रृखलामा उनीएको निबन्धात्मक प्रस्तुतिको सँगालो 'नीलो पानी र नीला भावहरू' प्रकाशित गरी पाठकसामु पुऱ्याएको पाइन्छ। मानसरोवर भारतको ब्रम्हपुत्रनदीको मुहान भएको पाइन्छ । नेपाल विश्व जल सम्पदामा धनी, सर्वोच्च शिखर र प्राकृतिक सुन्दरताले भरिपूर्ण देश भएकाले यस देशकोले सेवा गर्नु हामी सबैको कर्तव्य हो भन्ने राष्ट्रवादी चिन्तन पनि नियात्रावृतमा पाइन्छ । प्रस्तुत नियात्रामा वर्गीय चिन्तन पनि पाइन्छ । नेपालमा सामन्ती चिन्तनका आडमा निमुखा र अशिक्षित जनताको शोषण गर्ने गरेकामा चिन्ता व्यक्त गरिएको छ । यस नियात्रासङ्ग्रहमा ग्रामीण हिमाली परिवारले आफूलाई सहयोगको भावनाले परिचय गरेको बताएका छन् । हिमाली यात्रामा बौद्ध धर्मको प्रशंसा गरेको पाइन्छ । त्यहाँको भौगोलिक कठिनाइ भएपनि त्यहाँ सादा जीवन र उच्च विचारले मानिसलाई महान् बनाउने भएकाले त्यसतर्फ हामी सबैको ध्यान जानुपर्नेमा जोड दिएको छ । मनसरोवरको आफ्नो परिचय ह्रास र पवित्र नीलो पानी र नीला भावनाहरूले आफूले सम्पूर्ण विचार भावनालाई विर्सेर आफू अर्को आनन्दको महसुस गरेको पाइन्छ । लेखकको विचारमा मान्छे भएर गर्व गर्नु पनि धिक्कार जस्तो लाग्छ कहिलेकाही जब

निरीह र स-साना पशुपंक्षीहरूले मान्छेहरूको सबै दम्महरू तोड्दै आनन्द र सुखको सम्पूर्णताभित्र बाँच्ने गर्छन् । भन्दै आफूले प्रकृति समहार स्वीकार गरेको पाइन्छ । यस नियात्रासङ्ग्रहमा लेखकले ढिपी र हठभन्दा समझदारी र आपसी प्रेम आवश्यक र उपयोगी हुने विचार व्यक्त गरेको पाइन्छ ।

**नीलो पानी र नीला भावहरू** (२०५५) नियात्रासङ्ग्रहमा नियात्रापरक विषयवस्तुको प्रयोग छ । यस सङ्ग्रहका यात्रासम्बन्धी निबन्धमा विभिन्न तीर्थस्थलसम्बन्धी जानकारी, नेपाली हिमाली भूभाग तथा रेष्टुरेण्ट चिनको केही भाग कैलाश पारिका द्रव्य, धार्मिक मान्यता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाजको चर्चा पाइन्छ । राष्ट्रमा शरी र ग्रामीण परिवारको जीवनयापनमा आकाश पातालको फरक भएको यस सङ्ग्रहमा छ । हिमाली भेगमा बसोबास गर्दै आएका नेपालीहरूको जीवन, गोठालो भरिया भएर बितिरहेको यथार्थलाई यस सङ्ग्रहका नियात्रामा प्रस्तुत गरिएको छ । यस नियात्रासङ्ग्रहमा नेपाली भूमिका नदीको सहि सदुपयोग नभएको त्यसमा सरकारले चासो नदिएकाले सम्पूर्ण नेपालीहरूले आवाज उठाउनु पर्नेमा जोड दिइएको छ ।

**नीलो पानी र नीला भावहरू** (२०५५) नियात्रासङ्ग्रहमा निजात्मक शैलीको प्रयोग गरिएको छ । नियात्राकार उप्रेतीका यथार्थ जीवनमा घटेका र भोगेका यात्राका घटनाहरूलाई कलात्मक शैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । व्यङ्ग्य शैलीको प्रयोग यस नियात्रासङ्ग्रहमा छ । नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग यस सङ्ग्रहमा छ । **नीलो पानी र नीला भावनाहरू** (२०५५) मा सरल नेपाली भाषाको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । स्थानीय भाषिकाको प्रभाव यस सङ्ग्रहका निबन्धमा पाइन्छ । संस्कृतका श्लोक चीनिया, नेपाली अग्रेजी भाषाको प्रयोग पनि यस सङ्ग्रहमा छ ।

नियात्राकार भीष्म उप्रेतीको दोस्रो नियात्रासङ्ग्रह नीलो पानी र नीला भावनहरू (२०५५) हो । सात ओटा नीयात्राहरू सङ्कलित भएको यस सङ्ग्रहमा विषय विविधता पाइन्छ । यो आत्मपरक नियात्रासङ्ग्रह हो । निजात्मक, व्यङ्ग्यात्मक, नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग भएको प्रस्तुत नियात्रासङ्ग्रहमा, तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दको प्रयोग पनि भएको पाइन्छ ।

### ४.३.६ लहरलहरका अक्षरहरू (२०५८) नियात्रासङ्ग्रहको अध्ययन

निबन्धकार भीष्म उप्रेतीको तेस्रो नियात्रासङ्ग्रह **लहरलहरका अक्षरहरू** (२०५८) हो । यस नियात्रासङ्ग्रहमा बाह्र ओटा निबन्धहरू सङ्गृहीत छन् । तिनीहरू **बाँच्ने एउटा उपक्रममा, खुशी फुल्छ फूलवारीमा आँसु चियाको पातमा, भोली फेरी भेटौला है सुनकोशी, यसैले म उहाँका कवितालाई प्रेम गर्छु, रेलको झ्याल भरिको संसार, यहाँ गति गाएपछि घाम लागोस्, दौडिरहेछ जिन्दगी, हामी भोलि बान्छौ भने, बाटो, घाम र यात्रीहरू, लहरलहरका अक्षरहरू, घामलाई भेट्न** र **भुईकुहिरोलाई समाएर** हुन् ।

यस नियात्रासङ्ग्रहका नियात्रामा विषयगत विविधताका साथै यात्राको वर्णन, प्रकृतिको सुन्दरचित्रण नियात्राकारले गरेको पाइन्छ । शैक्षिक, सामाजिक, सांस्कृतिक, धार्मिक, दार्शनिक, वैज्ञानिक, प्राकृतिक, साहीत्यिक, ऐतिहासिक, व्यावहारिक र यात्राका दृश्यलाई प्रस्तुत सङ्ग्रहका नियात्राको विषयवस्तु बनाइएको छ । उप्रेतीका जम्मा बाह्र ओटा नियात्रामध्ये तीनवटा भारतको दार्जीलिङ र अहमदावाद यात्राबारे लेखिएका छन् र नेपालका बाँकी विभिन्न क्षेत्रका यात्राबारे लेखिएका छन् । यात्राका क्रममा नियात्रकारले देखेका दृश्य र अनुभव गरेका विषय प्रस्तुत गरेका छन् । मान्छेले कहिलेकाही समयलाई समयमै पक्रन नसक्दा धेरै पछिसम्म पछुताउनुपर्ने हुन्छ भन्दै आफूले पछुताएको लेखकले विचार प्रस्तुत गरेको निबन्धमा पाइन्छ । लेखकले अहिलेको युवाजमाताको जीवन बगर नबनोस र हिड्नुपर्ने बाटाहरू हराएर नजाऊन समयलाई ख्याल गर्दै आफ्नो भविष्यको निर्माण स्वयं आफैले गर्नुपर्ने धारणा यस नियात्रासङ्ग्रहमा प्रस्तुत गरेको पाइन्छ । भेडा-च्याङ्ग्रा, घोडा र खच्चडहरूको प्रतीक बनाएर एउटा भेडा गल्तीगर्दा सम्पूर्ण भेडा दुर्घटनामा परेजस्तै हाम्रो देशका दुईचारजना नेताले आफ्नो स्वार्थको लागि नेपाली जनताको भाग्यमा खेलवाड गर्नु हुन्न भन्ने भावना व्यक्त भएको यस नियात्रासङ्ग्रहका नियात्रामा पाइन्छ । सरकारले केन्द्रीकरण नगरिदिएर योजनाविद् र नीति निर्माताहरूले गाउँघरतर्फ पनि आँखा लगाइदिएका भए हामी यतिबेला शायद आ-आफ्नो गाउँमा हुने थियौ । हामी अहिलेभन्दा धेरै नै सुखी र आनन्दपूर्ण जीवन बाँच्ने थियौ काठमाडैंको बसाई धेरैको बाध्यता भएको विचार नियात्राकारले व्यक्त गरिएको पाइन्छ । यस नियात्रासङ्ग्रहमा प्रकृति हेर्नका लागि मात्र हो हनुका लागि होइन भनिएको पाइन्छ । प्रेम र मायाले बालकहरूको मन जित्न सकिन्छ भन्ने भाव पाइएको छ । विभिन्न भौगोलिक ठाउँ विशेषको चर्चा साथै मठमन्दिरको चर्चा पनि केन्द्रित छ । सुनकोशी नदी, पलाञ्चोक भगवती, अन्तुडाँडा, टाइगरहील, नगरकोट, भेजेटार गर्दाको यात्राको अनुभूति नियात्राकारले यस नियासङ्ग्रहका नियात्रामा चर्चा गरिएको पाइन्छ । **लहरलहरका**

**अक्षरहरू** २०५८ नियात्रासङ्ग्रहमा यात्रापरक अनुभूति व्यक्त गरिएने छ यस सङ्ग्रहका यात्रावृतान्त सम्बन्धी विभिन्न प्राकृतिक भौगोलिक जानकारी नेपाली तथा विदेशी भूभागको वर्णन, धार्मिक मान्यता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाज, भौगोलिक, सांस्कृतिक चर्चा पाइन्छ । यी निकै संवेदनशील र अनुभूतिप्रवण स्रष्टाका रूपमा देखिन्छन् र यिनको मूल व्यक्तित्व नियात्रामा कवित्वमय छन् । यात्राका क्रममा नियात्राकारले देखेका दृश्य र अनुभव प्रस्तुत गरिएको छ । यस नियात्रासङ्ग्रहमा राष्ट्रवादी चिन्तन पाइन्छ ।

**लहरलहरका अक्षरहरू** (२०५८) नियात्रामा सरल, सहज र रोचक शैलीको प्रयोग गरिएको छ । निबन्धकार उप्रेतीका यथार्थ जीवनमा घटेका र भोगेका घटनालाई कलात्मक शैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । व्यङ्ग्य शैलीको प्रयोग यस नियात्रासङ्ग्रहमा छ । नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग पनि यस सङ्ग्रहमा छ ।

**लहरलहरका अक्षरहरू** (२०५८) मा सरल नेपाली भाषाको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । स्थानीय भाषिकाको प्रभाव यस सङ्ग्रहका नियात्रामा पाइन्छ । संस्कृतका श्लोकहरू भारतीय भाषा नेपाली र अंग्रेजी भाषाका उखान टुक्काहरूको प्रयोग पनि यस सङ्ग्रहमा छ ।

नियात्राकार भीष्म उप्रेतीको तेस्रो नियात्रासङ्ग्रह 'लहरलहरका अक्षरहरू' ( २०५८) हो । बाह्र ओटा नियात्राहरू सङ्कलित भएको यस सङ्ग्रहमा विषय विविधता पाइन्छ । यो नियात्रात्मक ललित निबन्ध सबैलाई रुचिकर लाग्नेछन् । यो आत्मपरक नियात्रासङ्ग्रह हो । यो आत्मपरक नियात्रासङ्ग्रह हो । निजात्मक, वर्णनात्मक, नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग भएको प्रस्तुत नियात्रासङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दको प्रयोग पाइन्छ ।

### ४.३.७ तेहरान डायरीको एक साता (२०६३)

नियात्राकार भीष्म उप्रेतीको चौथो नियात्रासङ्ग्रह **तेहरान डायरीको एक साता** (२०६३) हो । यस नियात्रासङ्ग्रहमा सातदिनको आफ्नो इरानयात्रालाई समेटेको यसले देश र विदेशका बीचको समानता, असमानता, धार्मिक, सांस्कृतिक र भौगोलिकतालाई नजिकैबाट हेरेको छ । पोथी गद्यका धनी भीष्मको भाषामा पाइने सुललितता, लयालुपन र आत्मियता नै मूल विशेषता देखिन्छ । पढ्न थालेपछि नबिसाइकन सक्नुपर्ने एउटा मुख्य काम नै भइहाल्छ उनको कृति ।

यो पनि एउटा रमाइलो र पठनीय छ । आफ्नो एक हप्ताको इरानयात्रालाई समेटेको यसले देश र विदेशको भौगोलिकताहरूलाई नजिकैबाट हेरेर विदेशीहरूको हामीप्रतिको धारणा र त्यसलाई विस्थापित गरी नवधारणा स्थापित गराउने प्रयत्न पनि उनको यात्राले गरेको देखिन्छ । भौगोलिकताले नजिकै भए पनि युरोप, अमेरिका वा अन्य मुलुकतिर जस्तो अरबियन मुलुकतिर हाम्रो यात्रा बाक्लिएको देखिदैन । राष्ट्र बैंकको विषयको झर्को लाग्दो चर्चातिर भने एकछिन पनि छिरेको छैन । यात्राभरि सेमिनारका झर्को लाग्दा प्राविधिक विषयतिर नलागी सहभागी मित्रका स्वभाव, सम्बन्ध, रुचि र आ-आफ्ना सांस्कृतिक चर्चाहरूले प्रमुखता पाएका छन् । प्रस्तुत नियात्रासङ्ग्रहका नियात्रामा अभार र गरिबीले थिचिएको हाम्रो जीवनशैली आफ्नो देशको सीमा काट्ने बित्तिकै अललिन्छ जहिले पनि । लेखकलाई नियात्रामा पनि देश छाडिसकेपछि विदेशसँगको हाम्रो तुलना साह्रै नै पीडादायी लागेको छ । यस कृतिमा पनि खाडी क्षेत्रका मुलुकहरूको विकासका पूर्वाधारहरूले सम्पन्न रहेको चर्चा सुन्दा पढ्दापढ्दै आफ्नो शरीर नाङ्गो भएको देखिदो रहेछ ।

लेखकका एकहप्ते मित्रहरू वर्षौं पुरानाजस्ता छन् । आफ्नै बानी र स्वभावले पनि हो मित्र कमाउने कि गुमाउने भन्ने पनि भनेर लेख्ने प्रस्तुत नियात्रामा चर्चा गरेका छन् । उनकी साहिला साथी साहिला ताहिर कति चाँडो यात्राजीवनको नायिका झैँ बन्न आइपुगेकी छिन् पहिला बोल्नै नचाहने तिनलाई बोलेरै नअघाउने बनाउने शक्ति पनि लेखकको देखिन्छ । एकै हप्तामा सिङ्गै जीवनभरिको जस्तो मायाको लेनदेन गर्न सक्नु मान्छेको मनको यो सार्थक चरित्र हो भन्ने विचार प्रस्तुत गरेको पाइन्छ । यससङ्ग्रहका नियात्रामा भाषाले मद्दत गर्नासाथ मानिस कोही पनि कहीँ पनि विरानो हुँदैन सन्देश पाइन्छ । प्रत्येकभित्र आ-आफ्नै अभावहरू र पीडाहरू हुन्छन् । तिनलाई चलाइदिन आउने जो पनि आत्मिय बन्न सक्छ । मानिसको वैयक्तिक स्वभाव जति नै कठोर देखिए पनि भित्रभित्रै ऊ पनि अरूको मायाको भोको रहेकै हुन्छ । उप्रेतीले यस यात्रामा नयाँ खाले भावपूर्ण जीवनको अनुभव गरेका छन् र उनीसँगै त्यसको झिनो नायकीय आनन्द प्रत्येक पाठकले लिइरहेका छन् । प्रत्येक पाठक यो कृति बढ्दापढ्दै आफै लेखमा रूपान्तरित हुनेछ र त्यसले एक हप्ताहको इरान यात्रा गरेको सफल अनुभव पाउने छ ।

**तेहरान डायरीको एक साता** (२०६३) नियात्रासङ्ग्रहमा नियात्रापरक विषयवस्तुको प्रयोग छ । यस नियात्रामा यात्रासम्बन्धी नियात्रामा एक हप्ताको

इरानयात्रालाई समेटेको यसले देश र विदेशका बीचको समानता, असमानता, धार्मिक, सांस्कृतिक र भौगोलिकताहरूलाई नजिकबाट हेरेको चर्चा पाइन्छ ।

'तेहरान डायरीको एक साता' (२०६३) नियात्रामा निजात्मक शैलीको प्रयोग गरिएको छ । नियात्राकार उप्रेती यथार्थ जीवनमा यात्रा गर्दा घटेका र भोगेका घटनाहरूलाई संस्मरणात्मक, कलात्मक शैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । व्यङग्य शैलीको प्रयोग यस नियात्रामा छ । नियात्रापरक, सुललिलता, लयालुपना र आत्मीयता नै मूल शैली विशेषता प्रयोग यस नियात्रामा छ ।

'तेहरान डायरीको एक साता' (२०६३) मा सरल नेपाली भाषाको प्रयोगका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । सुललिलता, कवितात्मक, लयालु र आत्मिक भाषाको यस नियात्रामा पाइन्छ । नेपाली, अंग्रेजी, इजराली, फारसी, उर्दु भाषाको प्रयोग यस नियात्रामा छ ।

नियात्राकार भीष्म उप्रेतीको चौथौ नियात्रा 'तेहरान डायरीको एक साता' ( २०६३) हो । यस नियात्रामा आफ्नो एक हप्ताको इरानयात्रालाई समेटेर यस नियात्रामा विषय बनाइएको छ । यो आत्मपरक नियात्रा हो । यसले देश विदेशका बीचको समानता, असमानता, धार्मिक, सांस्कृतिक र भौगोलिकताहरूलाई नजिकबाट हेरेको छ । नियात्रापरक र संस्मरणात्मक शैलीको प्रयोग भएको प्रस्तुत नियात्रामा तत्सम, तद्भव र आगन्तुक नेपाली शब्दको प्रयोग भएको पाइन्छ ।

### ४.३.७ घर फर्कने दिन (२०६६) नियात्राको अध्ययन

नियात्राकार भीष्म उप्रेतीको अन्तिम नियात्रासङ्ग्रह **घर फर्कने दिन** (२०६६) हो । यस नियात्रासङ्ग्रहमा चौध ओटा नियात्राहरू सङ्गृहीत छन् । तिनीहरू **नयाँहरूको साता, अब मैले के गर्ने, बेलाइतको दसैं, डेब्रसँगको भेट र क्रिसमसको निम्तो, हिउँचिप्लेटी खेलमा चिप्लिएको एउटा साँझ, के युद्ध साँच्चै अपरिहार्य छ ?, एउटा सपनाजस्तो क्षण, रङ्हरूको जङ्गल्मा, समुद्र ! मेरो चिरप्रतीक्षा, मेरो मृगतृष्णा, शालीन नग्नता, एउटा सिङ्गै दिन आइल अफ वाइटमा, कति जाती हुने थियो, नेपाली पर्यटकहरूसँग र घर फर्कने दिन** हुन् ।

यस नियात्रासङ्ग्रहका नियात्राहरूमा विदेशयात्राका अनुभूति लिएर प्रस्तुत भएका छन् । बेलायतयात्राका नियात्राहरूको सङ्ग्रह घर फर्कने दिनले उप्रेतीलाई सशक्त नियात्राकारका रूपमा उभ्याएको छ । ठाडो, टिपोट, असामान्य वर्णन, काल्पनिकता र असन्तुलित अभिव्यक्तिबाट मुक्त प्रस्तुत कृतिमा उप्रेतीको अनुभूति

निकै खारिएको छ । आफ्‌ना नियात्रामा स्थान, घटना र परिवेशको चित्रण-वर्णनसँगै देखे भोगेका कुरा वास्तविकताको कसीमा घोटेर अनुभूतिजन्य सौन्दर्यलाई भाषिक अभिव्यक्तिमा उतार्ने उप्रेती आफूसँग यात्राको स्वाद चखाउँछन् । 'नयाँहरूको साता' बाट सुरु भएको यात्रामा बेलायत घुमाएर 'घर फर्कने दिन' सँगै पाठकलाई स्वदेश ल्याउने उप्रेतीका नियात्राहरूले भाषा कवितात्मक छ, अनुभूति छचल्किएको छ र अभिव्यक्तिमा देशप्रेम झल्केको छ ।

यस नियात्रासङ्ग्रहमा नियात्राकारले आफूले बेलायतमा नियात्रागर्दाको अनुभव प्रस्तुत गरिएको छ । नियात्राकारका विचारमा नेपालको विश्वविद्यालय र नेपालको विश्वविद्यालयको पठन शैलीमा आकाश पातालको फरकका साथै त्यहाँको मानवसभ्यता र यहाँको मानवसभ्यता सम्पन्नता र विपन्नताको पुरात र आधुनिकताबीचको अत्यन्त ठूलो खाडलमा परेको अभास व्यक्तगर्दै यो खाडललाई पुरेर माथि सतहमा उठ्न कति समय लाग्ने हो र कहिले सकिने हो भन्ने तुल्लामत्क विचार पाइएको छ । नियात्राकारले हामीले विदेश गएपछि भाषा, संस्कृति, जात, गा.वि.स. तथा स्थानीय जातजातिको नाम होइन जो जहाँको भएता पनि हामी सबै नेपालीको परिचय हुने भाव व्यक्त गरेका छन् । कयौं नेपालीले बेलायतमा शरणार्थी भएर मुद्दा गरेर बेलायतमा बस्न अनुमति प्राप्त गरेको नेपाली साथीले चर्चा गरिएको छ । यस नियात्रामा नियात्राकारलाई आफू आठ हजार मिटरभन्दा अग्ला संसारका दस ओटा सर्वोच्च हिमालमध्ये आठ ओटा आफ्‌नै देशको सगर्व भन्दै हिड्ने देशको मान्छे भएपनि जीवनमा नेपालमा कहिलै हिउँसँग खेलन नपाएको तर यो इच्छा बेलायतमा पुरा भएको छ । बेलायतीहरूको कला, साहित्य र संस्कृतिप्रतिको सम्मान अनुकरणी छ।। तर हाम्रा आदिकवि भानुभक्त, युवाकवि मोतीराम, महाकवि देवकोटा, कवि शिरोमणि लेखनाथ, सम तथा गोपालप्रसाद रिमाल, महानन्द सापकोटा, युद्धप्रसाद मिश्रजस्ता थुप्रै नेपाली लेखकलाई सम्झदै उहाँहरूको सम्झनाको जिउँदो रूप नेपाली नयाँ पिढीलाई देखाउन र सम्झाउन परम्परा नभएको यथार्थ घटना प्रस्तुत गरेका छन् । नेपालीले पश्चिमी अनावश्यक सभ्यतालाई अनुकरण गरेको ता राम्रा पक्षलाई वेवास्ता गरेको विचार व्यक्त गरेका छन् । यस नियात्रामा बेलायतमा पनि पहाड हिमाल, सडक, हरियाली, खेतबारी कृषकहरू भएको विचार व्यक्त गरेका छन् । त्यसको कला, 'लुभ्र दरबार' संसारको चौचौ ठूलो हीरा बेलायतमा आफूले देखेको नियात्राकारले अनुभूतिलाई कवितात्मक रूपमा व्यक्त गरेको पाइन्छ । त्यहाँको नदी, 'सन बाथ' आन्धमहासागरको वर्णन गरेका छन् । त्यहाँ व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारको

नाममा जेसुकै पनि गर्न थाल्ने अनेकौ विकृतिहरू भएको पाइन्छ । नेपालमा विभिन्न जातजातिको समुदाय भएकाले नेपालीलाई विदेशमा चिन्न शारीरिक हेराइमा कठिनाइभएकाले कहिले भारती भन्ने गरेका त कहिले अफगाइन्थानीभनेर अरूले झुकिएको तर नियात्राकार एवमं नेपाली भएको भन्दै जातिगत परिचयले पारेको समस्या यस नियात्रामा पाइन्छ । यस नियात्रामा नियात्राकारले आफूले बेलायत प्रस्तान गरेर १३ महिनासम्म बेलायतमा बिताएर घर फर्कने समय सम्मको आफ्नो यात्रा अनुभूति कवितात्मक रूपमा प्रस्तुत गर्दै आफ्नो बेलायतमा भएको यात्राको विचार भावना व्यक्त गरेको पाइन्छ ।

**घर फर्कने दिन** (२०६६) नियात्रासङ्ग्रहमा निजात्मक अनुभूतिका तीक्ष्णता, लेखकीय इमान्दारी र शैली जन्य सौन्दर्यको प्रयोग गरिएको छ । यस नियात्रामा 'नायाहरूको साता' बाट प्रारम्भ भएर 'घर फर्कने दिन' नियात्रासम्मका दिनसम्मको यात्राको विषयवस्तु बनाइएको छ । यसमा विदेश यात्राका अनुभूति लिएर प्रस्तुत एका छन् । यस सङ्ग्रहका केही नियात्रामा प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ, साथै व्यङ्ग्य शैलीको प्रयोग गरी तत्कालीन बेलायती समाजसापेक्ष नियात्राको रचना गरिएको छ । यस नियात्रा सङ्ग्रहका नियात्रामा कवितात्मक शैलीको प्रभाव पाइन्छ । केही नियात्राहरूमा विषयको पुनरावृत्ति पनि पाइन्छ । आलङ्कारिक शैलीको पनि प्रस्तुत नियात्रासङ्ग्रहमा छ ।

**घर फर्कने दिन** (२०६६) नियात्रासङ्ग्रहमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । साथै स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । नेपाली भाषाका उखान टुक्काहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका नियात्रामा छ । प्रस्तुत नियात्रामा अंग्रेजी, भारती, पाकिस्तानी, बंगाली, बेलायती, आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ ।

नियात्राकार भीष्म उप्रेतीको पाँचौ नियात्राङ्ग्रह **घर फर्कने दिन** २०६६ हो । यसमा चौध ओटा नियात्राहरू सङ्गहीत छन् । यसमा विषयगत विविधता पाइन्छ । यो आत्मपरक, नियात्रासङ्ग्रह हो । निजात्मक, व्याङ्ग्यात्मक संस्मरणात्मक प्रश्नात्मक, नियात्रासङ्ग्रहमा सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग छ ।

### ४.३.८ निष्कर्ष

समग्रमा भीष्म उप्रेती (२०२४) उत्कृष्ट नियात्रात्मक निबन्धकार हुन् । उनले दुई ओटा **संवेदनाका स्वरहरू** (२०५४) संयुक्त सङ्कलन र **हिड्दै गर्दा** (२०६१) निबन्धसङ्ग्रह प्रकाशित गर्नुका साथै पाँच ओटा यात्राका केही थुँगा फूल (२०४६), **नीलो पानी र नीला भावनाहरू** (२०५५), **लहरलहरका अक्षरहरू** (२०५८), **तेहरान**

**डायरीको एक साता** (२०६३) र **घर फर्किने दिन** (२०६६) नियात्रासङ्ग्रह प्रकाशित गरेका छन् । यिनका नियात्मक निबन्धसङ्ग्रहहरूमा विषय विविधता पाइन्छ । यिनी यथर्था जीवनमा घटित घटनाए यात्रा, देशविदेशको नियात्रात्मक यात्राको यथार्थ घटनाहरूलाई निबन्धको रूप दिन कुशल नियात्राकार हुन । यिनी आत्मपरक नियात्राकार हुन् । बौद्धिकता, व्यङ्ग्यात्मकता, वैचारिकता, चिन्तनशीलता, यथार्थता निजात्मकता समसामायता र नियात्रात्मकता यिनका निबन्धगत प्रवृत्तिहरू हुन् । सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग यिनका यात्रामा पाइन्छ । भीष्म झापाका नियात्राकारमा प्रतिनिधि निबन्धकार हुन् ।

## पाँचौ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

शोधपत्रको पहिलो परिच्देमा 'शोधपरिचय' अन्तर्गत, शोधशीर्षक, शोधप्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, मह□व र उपयोगिता शोधकार्यको सीमाङ्कन, शोधसामग्रीको सङ्कलन विधि र शोधपत्रको रूपरेखा राखिएको छ ।

नेपाली निबन्धको विकासमा झापा जिल्लाको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । प्रचण्ड गर्मी र औलोको प्रकोपले गर्दा झापा जिल्लाको बस्ती पातलो थियो । झापा जिल्लाको वस्तीको अवस्था र इतिहासलाई हेर्दा महाभारतको विराटकलीन कथासँग जोडिन पुग्छ । तर पनि पहाडीमूलकका मानिसहरू बसाई सरेर जब झापामा बस्न थाले, अनिमात्र साहित्यक गतिविधिहरू संचालन हुन थालेको पाइन्छ । २००३ सालमा भद्रपुरमा हाईस्कुलको स्थापना हुनु नै साहित्यिक गतिविधिलाई अगाडि बढाउनु हो । त्यस्तै राणाहरूका विरुद्धमा पर्चा छर्नुलाई पनि साहित्यको विकासको प्रारम्भ मान्न सकिन्छ । २००६ सालमा किसान आन्दोलनको जुलुस प्रदर्शन गरिएको थियो । उक्त जुलुस प्रदर्शन झापाको भद्रपुरमा भएको थियो यो पनि साहित्यक विकासको एउटा आधार हो । २००७ सालको प्रजातन्त्रको स्थापनालाई आधार विन्दु मानेर झापाको साहित्यिक गतिविधिलाई दुई चरणमा विभाजन गर्नु उपयुक्त हुन्छ । २००७ सालपूर्वको साहित्यिक गतिविधिलाई अगाडि बढाउनेहरूमा देवीप्रसाद उप्रेती, महानन्द सापकोटा, भवानीशंकर कफलक, विष्णुप्रसाद कोइराला, विष्णुप्रसाद पोखरेल, एस.एल.शर्मा, शिवप्रसाद दहाल, बसन्तकुमार खड्का, के.बी. कार्की, गणेश बहादुर प्रसाईको नाम

लिनु पर्दछ । २००७ साल पूर्व भने कुनै पनि पत्रिका प्रकाशन हुन सकेनन् अनि कुनै पनि साहित्यक संस्था स्थापना हुन सकेनन् ।

२००७ सालपछि भने झापाको साहित्यिक यात्रामा नयाँ मोड देखा पर्न थाल्यो । २००७ सालको जनक्रान्ति पश्चात् नेपाल प्रजातन्त्र स्वायत सरकार घोषणागरी मन्त्रीमण्डल पनि गठन भयो । यस स्वायत्त सरकारको शिक्षा मन्त्रीको कार्यभार भने भाषाशास्त्री महानन्द सापकोटाले लिएका थिए । सापकोटा भाषाशास्त्री र साहित्यकार भएकोले झापामा २००८ साल देखि साहित्यले तीब्र गति लिएको पाइन्छ । नेपाली भाषा प्रचारक संघको मुख पत्र हाम्रो नेपाल यातायातको कारणले भद्रपुरमा रहेको प्रेसबाट सर्वप्रथम प्रकाशित भयो । झापा प्रचारक संघ इलाम कै भए पनि अन्य सुविधाका कारणले उक्त संघको प्रेस भद्रपुरमा राखिएको थियो । त्यसै प्रेसबाट निस्कने पत्रिका हाम्रो नेपाल साहित्यिक भएकोले झापाको साहित्यक गतिविधिलाई अगाडि बढाएको थियो । यस पछि तुरुन्तै श्याम कृष्ण उपाध्यायको सम्पादकत्वमा २००९ सालमा नै 'केटो' पत्रिका प्रकाशन भयो । यो पत्रिका नै झापाको पहिलो पत्रिका बन्न पुग्यो । २००७ साल पछि भन्ने झापा जिल्लाका संस्थागत साहित्य परिषद भद्रपुर भद्रपुर प्रगतिशील युवा समिति, शान्तिनगर २०२६ देवकोटा स्मृति भवन भद्रपुर संस्कृतिकलाकेन्द्र कोरोवारी २०३९ जस्ता साहित्यिक संस्था स्थापना भई संस्थागत रूपमा विकास गर्दै लगेको पाइन्छ ।

निबन्ध कुनै विषयलाई लिएर कल्पना वा वस्तुगत पाराले गद्यमा लेखिएको साहित्यिक रचनालाई बुझाउँछ । निबन्ध निजात्मक र परात्मक गरी दुई प्रकारको हुन्छन् भन्ने समालोचकहरूको भनाई छ । नेपाली निबन्धको इतिहास लामो भए तापनि यसको आधुनिक काल १९९२ सालमा शारदा पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' भन्ने निबन्धबाट भएको हो ।

झापा जिल्लाको निबन्ध लेखनको इतिहास त्यति लामो नभए तापनि नेपाली निबन्ध लेखनमा यसले महत्त्वपूर्ण योगदान भने पुऱ्याएको छ । यस जिल्लाबाट निबन्ध लेखनमा सक्रिय योगदान पुऱ्याउने महानन्द सापकोटा, एस.एल. शर्मा, स्वयम्भूलाल श्रेष्ठ, भवानी घिमिरे, लोकराज बराल, रामप्रसाद पोखेल हुन् । केटो हाम्रो नेपाल जस्ता पत्रिकाका माध्यमबाट निबन्ध लेखनको शुरु भएको हो यस जिल्लाका प्रमुख जिल्लाका प्रमुख निबन्धकार तथा उनीहरूको कृतित्व र प्रवृत्ति यस शोधपरिच्छेदमा समावेश गरिएको छ ।

झापाको निबन्धको प्रकाशन विभिन्न साहित्यिक संघसंस्थामा भएको पाइन्छ । प्रगति साहित्य मञ्च, कोरोवारी २०३७, प्रगतिशील लेखक कलाकार संघ २०३८, नेपाली साहित्य विकास समिति झापा २०३८, भोक कविता आन्दोलन २०४०, मन्थन झापा २०४३, प्रगतिशील साहित्य तथा सांस्कृतिक मिलन केन्द्र २०४५, सांसक धुलावारी २०४७, प्रतिभा निकेतन दमक २०४१, नवजागरण साहित्य प्रतिष्ठान, गोलधाप २०४८, नवरंग साहित्य प्रतिष्ठान, धरमपुर २०४९, प्रगतिशील लेखक संघ, झापा २०५१, कन्काइ प्रतिभा प्रतिष्ठान सुरुङ्ग २०५१, साहित्य कला संगम दमक २०५२, प्रस्थानविन्दु २०५९, जुही स्वर्ण अङ्क २०५९, श्यामकृष्ण श्रेष्ठ विशेषाङ्क २०६५ जस्ता पत्रिका माध्यमबाट झापाली निबन्धमा कृतिलाई प्रकाशन गरी प्रगतिवादी निबन्धकारलाई अगाडि बढाउन पूर्णरूपले योगदान पुऱ्याएको छ । 'अण्डादेखि भ्यागुतासम्म' झापाली निबन्धकारहरूले नेपाली निबन्ध विधामा आत्मपरक, वस्तुपरक, संस्मरणत्मक नियात्रालेखनमा कलम चलाएका छन् । प्रायः निबन्धकारहरू प्रगतिवादी धारामा नै रमेका छन् । यसरी प्रगतिवादी धाराको विकास र विस्तारको उर्वरा भूमिका रूपमा झापा रहेको छ । झापा जिल्लामा सुरुदेखि हालसम्म देखापरेका निबन्धकारहरूको सूची तयार पार्दा लामो हुन्छ । झापा नै बसेर निबन्ध सृजना गर्नेहरू एस.एल शर्मा (१९८४) को पहिलो निबन्ध 'खोजखाज' (२०२६), 'गवेष्णा' (२०४६) दुई पुस्तक प्रकाशित छन् । स्वयम्भूलाल श्रेष्ठका 'हामी नेपाली' (२०२८), 'व्यक्तित्वको पुञ्ज' (२०२८), 'ससलको खोजमा' (२०३१), 'हाम्रो गरिमा' (२०३२) रहेका छन् । झापाली निबन्धकार र उनीहरूका कृति क्रमशः गणेशबहादुर प्रसाई 'भारती', 'दार्जिलिङ्ग', 'दियालो विद्यार्थी', 'सी.के. प्रसाई', 'आजको सरल राजनीति', 'व्यावहारिक राजनीतिक रूपरेखा र मनजे माऱ्यो सत्या', 'चूडामणि रेग्मी' (१९९३), साधना (२०३०), झापाको पहिलो आत्मपरक निबन्ध सङ्ग्रह हो । 'धूनमा घुन', 'आँखा र मनका पाइलाहरू', 'वितेकाहरूको सम्झना' र 'गफाडीका गफ', दक्षराज शर्मा, जीवनको आलोकमा केही स्रष्टा, रोहिणीविलास लुइँटेल व्यङ्ग्यनिबन्ध अपराजेय कटाक्ष २०५८, कमल जङ्गली, मिसमास खिच्रो, कोमलप्रसाद पोखरेलको हाउडी पूराण नामक एक निबन्ध सङ्ग्रह प्रकाशित देखिन्छ । मोहनराज शर्मा, मि. 'झप्पुसिंह' डबल एम.ए. (२०३८) र 'पुछारको पातो' (२०४०) जस्ता निबन्ध सङ्ग्रह निबन्धकार शर्माका झापा बसाईका उपज हुन् । रोमराज अभय सफल झापाली निबन्धकार हुन् । यिनका नौ निबन्ध (२०५१) र 'मदिरा मन्दको घोडादौड' (२०४६), युगज्ञान, जुही, पत्रिकामा यिनका निबन्धहरू प्रकाशित भएका छन् । राधिका राया, 'राधिका रायाका रचना', 'कर्णकुमार श्रेष्ठ', 'नाकको अप्रेसन', भरतबाबु प्रसाई,

वस्तुवादी र विचारमूलक वि.पिका अनुयायी हुन् । तेराख, **म आगो र पानीहरू** (२०५०), राजेन्द्र सुवेदीका निबन्धसङ्ग्रह 'दारी युगज्ञान' (२०३२), 'पुनजन्म अनुभुति' (२०३३), 'सडक बस पर्खन्छ रूपरेखा', 'अब मेरो क्यासेट खुल्छ', 'पच्चीस वर्षका निबन्ध' (२०३९), 'मेरो यात्रा', 'खालीसिसी पुराना कागतसङ्ग्रह' (२०४९), 'गुडबाई ! छोडिजानेहरूलाई' (२०६५) र 'महुऔला नकाटिएको एकलव्य' (२०६५) जस्ता निबन्धले जीवनको वास्तविकता र वर्तमानको यथार्थलाई प्रस्तुत गर्न पर्याप्त सहयोग पुऱ्याएको छ ।

गोपालकुमार बस्नेत, 'आफ्नै सेरोफेरो भित्र', विजया खरेल, 'विजयका निबन्धहरू' (२०६४), नगेन्द्रशर्मा, **नगेन्द्रका निबन्ध** (२०२६) र केपी ढकाल, चमेरा, साङ्ला र वासी उडुसहरू तीन ओटा फुटकर निबन्ध रचना प्रकाशन भएका छन् । उनका निबन्ध सामाजिक, यथार्थवादी र स्वच्छन्दवादी छन् । रुद्रखरेल, 'तपाईको नाम के हो ?' (२०४९), **तोरी लाहुरे चोकमा एकछिन र बिर्सियो कि ?** व्यङ्ग्यात्मक, यथार्थवादी, सानो झिनो विषयवस्तुलाई टिपेर र तीव्र व्यङ्ग्य प्रहार गर्न सक्नु खरेलको विशेषता हो । गोविन्दराज भट्टराई, **अग्निपूजा** सँग बसौ यो रात (२०६४), **एक्लै एक्लै** (२०६०), तुलसी भट्टराई, **म किन लेख्छु** (२०५८), पुण्यप्रसाद खरेल, **घुमी फीरी रुम्जैटार** (२०५९), होम सुवेदी, **कालीपोके**, लीला उदासी, **त्यो बालक कहिले जन्मन्छ**? (२०६३), हेम अधिकारी  उनका दुईवटा निबन्ध प्रकाशउन्मुख छन्, ती हुन्: **आफ्नै अनुभूति आफ्नै पोखाइ** र **परिवेशका चित्रहरू**, **नरेन्द्रराज प्रसाई**, **मेरो प्यारो कञ्चनजङ्गा** (२०४८) र **मेरो मोती पुरस्कार** (२०४९), चन्द्रमणि भट्टराई, **चन्द्रमणिका निबन्धहरू**, **सूक्ष्म तरङ्ग** (२०४९), **चूडामणि वशिष्ठ** (२०१४), एउटा कुरा यिनै हुन, कसो पो गर्ने र !' (२०६१), रामचन्द्र उप्रेती **मेरो काठमाडौं** (२०६३), भवानी क्षेत्री (२०१७) दुईवटा निबन्धसङ्ग्रह प्रकाशन उन्मुख छन् । फुटकररूपमा नारी विना गाली पनि बन्दैन । एकादेशका कथा, चलचित्र र छोरीहरू प्राप्त गरेकी छु जस्ता फुटकर निबन्ध नारीवादी साहित्यिक लेखन पाइन्छ । कृष्ण धरावासी, **बालक हराएको सूचना**, **उत्तम जंग सिजापतिको आलु** र **नारीभित्रको त्यस्तो के छ हजुर**, कृष्णबराल, **तीन पिंडी एउटा सिढी**, र भीष्म उप्रेतीका दुईवटा निबन्धसङ्ग्रह **संवेदनाका स्वरहरू** र **हिउँदे गर्दा** (२०६१) नियात्रामा **यात्राका केही थुङ्गा फूल** (२०४६), **नीलो पानी र नीला भावनाहरू** (२०५५), **लहरहरूका अक्षरहरू** (२०५८), **तेहरान डायरीको एक साता** (२०६३) र **घर फर्कने दिन** (२०६६) नियात्राकारका निबन्धहरू झापा जिल्लाका निबन्धकारका निबन्धको अध्ययनमा पाइएको छ । यी बाहेक अन्य भए तापनि मेरो खोजको क्षमताले

झ्याएसम्म माथिका निबन्धकार मध्यबाट तीनजनालाई प्रतिनिधि निबन्ध छानेर, उनीहरूको कृति विश्लेषण गरिएको छ ।

तीमध्ये चूडामणि रेग्मीका सातवटा निबन्धसङ्ग्रहको विश्लेषण झापा जिल्लामा लगातार रूपमा साहित्यमा पत्रपत्रिका प्रकाशन गर्ने र साहित्य क्षेत्रमा गरेको योगदानको आधारमा उनलाई प्रतिनिधि निबन्धकारको रूपमा लिएको छुँ । उनका निबन्धसङ्ग्रह, **साधना** (२०३०), **धूनमा धुन** (२०३५), **आँखा र मनका पाइलाहरू** (२०६३), **गफाडीका गफ** (२०६३), **एउटा छाता दिनुहोला है** (२०६४), **बितेकाहरूको सम्झना** निबन्धसङ्ग्रहको विश्लेषण गरिएको छ ।

झापा जिल्ला निबन्ध क्षेत्रमा राष्ट्रिय स्तरको पुरस्कार पाएका लेखक कृष्ण धारावारीको निबन्धसङ्ग्रहको विश्लेषण गरिएको छ । राष्ट्रको सबैभन्दा ठूलो साहित्यिक पुरस्कारद्वारा २०६२ सालको **राधा** उपन्यासमा मदनपुरस्कार द्वारा सम्मानित भइसकेर लिलालेखन विनिर्माणवादका क्षेत्रमा ख्याति प्राप्त योगदानका साथै निबन्धात्मक क्षेत्रमा आत्मपरक शैलीमा यथार्थ घटनालाई विषयवस्तु बनाएर निबन्धको सृजना गर्ने कृति **बालक हराएको सूचना** (२०४९), **नारी भित्र त्यस्तो के छ हजुर** (२०५३) र **उत्तमजंग सिजापतिको आलु** (२०५६) निबन्धसङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ ।

अन्त्यमा निबन्धकार, कृतिको विश्लेषण गर्ने क्रममा निबन्धकार नियात्राका भीष्मप्रसाद उप्रेतीका दुईवटा निबन्ध सङ्ग्रह र पाँचवटा नियात्रा निबन्धको अध्ययन विश्लेषण गरिएको छ । ती निबन्धमा क्रमशः **संवेदनाका स्वरहरू, हिँडदै गर्दा** (२०६१) र नियात्रामा **यात्राका केही थुङ्गा फूल** (२०६४), **नीलो पानी र नीला भावनाहरू** (२०५५), **लहरलहरका अक्षरहरू** (२०५८), **तेहरान डायरीको एक साता** (२०६१) र **घर फर्कने दिन** (२०६६) नियात्रासङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ ।

नेपालको पूर्वाञ्चल क्षेत्र तथा मेची अञ्चल अन्तर्गत झापा जिल्लाका निबन्धकार तथा तिनका कृतिहरूको मूल्याङ्कन गर्दा अन्य जिल्लाको तुलना बढी सन्तोष प्रद देखिन्छ । संघ संस्थाका माध्यमबाट अन्य विविध गतिविधिहरूको आधारमा पनि यस जिल्लाको साहित्यिक उर्बरता प्रखर रूपमा प्रतिष्ठापित भएको प्रतीक हुन्छ । 'निबन्ध' मा झापाली निबन्धकारहरूको योगदानलाई राष्ट्रले आफ्नो वर्चस्वको रूपमा

लिनुपर्ने हुन्छ । यस जिल्लाका एस.एल. शर्मा, चूडामणि रेग्मी, रुद्र खरेल, गोविन्द्रराज भट्टराई, राजेन्द्र सुवेदी, होम सुवेदी, तेराख, विजय खरेल, रुद्रखरेल, भवानी क्षेत्री, कृष्ण धरावासी, भीष्म उप्रेती, चूडामणि वशिष्ठ, गणेशबहादुर प्रसाई, सी.के. प्रसाई जस्ता निबन्धकारको प्रेरणाले अन्य निबन्धकारहरू त्यसमा पनि नयाँ पुस्ताका निबन्धकाहरू बढी जागरुक तथा गतिशील बन्न पुगेका छन् । वैचारिक आस्थाका आधारमा विभाजनको रेखामा सीमित नरहने यस जिल्लाका निबन्धहरू राष्ट्रकै निमित्त उदाहरणीय बनेका छन् । निबन्धकारहरूले निबन्ध सृजनामा आफ्ना निजी प्रवृत्तिलाई अँगालेको भए पनि समग्रमा हेर्दा यस जिल्लामा प्रगतिवादी धार नै बढी प्रवाहित भएको पाइन्छ ।

झापा जिल्लामा स्थायी घरबास भएका र आफ्नो कार्य क्षेत्र बाहिर बनाएका झापामै कार्य क्षेत्र भएका, झापा बाहिर जन्म भई निबन्ध साधनामा लागेर पुन बाहिर गएका निबन्धकाहरूमा मोहनराज शर्मा, गणेशबहादुर प्रसाई, रुद्र खरेल, तुलसीप्रसाद भट्टराई, गोविन्दराज भट्टराई, चूडामणि रेग्मी, भीष्म उप्रेती, राजेन्द्र सुवेदी, कृष्ण धरावासी राष्ट्रिय स्तरमा स्थापित निबन्धकारहरू हुन् । यी निबन्धकारहरूको योगदानले नेपाली निबन्धको विकासमा ठूलो सहयोग पुऱ्याएको पाइन्छ ।

# सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज तथा भट्टराई बद्री विशाल (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश,** द्वि.स.., काठमाडौं विद्यार्थी प्रकाशन प्रा.लि., २०६३ ।

घिमिरे, अच्चुत, **झापाली स्रष्टा र साहित्य** स. २०६३ ।

धराबासी, कृष्ण, **शनिश्चरेको पुस्तक र प्रतिभाहरू उषा** २०५०, पृ. ५-८ ।

नकमी भक्तकृष्ण, **आफ्नो देश यात्रा मेची खण्ड,** काठमाडौं : जनमत सङ्ग्रह (२०३६) ।

बन्धु, चूडामणि, **अनुसन्धान तथा प्रतिवेदन लेखन,** रत्नपुस्तक भण्डार काठमाडौं, २०५२ ।

लमजेल, रविमान, **मेची अञ्चलको साहित्यिक रूपरेखा** खगेन्द्र पो.मु २०४२ ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल, **शोधविधि,** साझा प्रकाशन, २०५२ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

सुवेदी राजेन्द्र, **स्रष्टा-सृष्टि : दृष्टा दृष्टि,** द्वि.स. ललितपुर : साझा प्रकाशन, २०४६ ।


**पत्रिका**


खनाल, गोपीकृष्ण, "झापाको साहित्यिक गतिविधि" **रहर** ३ : ९, २०४५, पृ. ५-८ ।

घिमिरे, रघु, यथार्थ कुरा पत्रिकामा प्रकाशित **चुहीमुहीको मकरन्द सुटु** २०५७, वर्ष ५, अङ्क २, पूर्णाङ्क ३७, पृ.७ ।

रेग्मी, चूडामणि, पत्रपत्रिका र झापा **शारदा,** २०२६ वैशाख, पृ. ४४ ।

सुवेदी, होम, नेपाली साहित्यिक सन्दर्भ विकासको एक झलकको **प्रतिभा**, २०५० वर्ष १, अङ्क १, पृ. ६-१६ ।


**अप्रकाशित शोधपत्र**


खड्का, महेशकुमार, **चूडामणि रेग्मीको निबन्धकारिता** अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६४) ।

सुवेदी, मन्दिरा, **जुहीमा प्रकाशित निबन्धहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र विराटनगर क्याम्पस (२०६२) ।